CR08-7-1

मानव अधिकार :

सामान्य ज्ञान

मानव अधिकार : सामान्य ज्ञान

संयुक्त राष्ट्रसंघ द्वारा प्रकाशित पुस्तक

ABC of Human Rights को

नेपाली अनुवाद

प्रकाशकः-

इन्फर्मल सेक्टर रिसर्च सेन्टर

काठमाण्डौ , नेपाल।

Digitized By : Bimal Chandra Sharma

विषय सूची

अध्याय एक

* अध्यापनको उद्देश्य र विषय
* अध्यापन र प्रशिक्षण

अध्याय दुई

* कसरी शुरू गर्ने ?
    - क. विश्वास र सामाजिक सम्मान
    - ख. मानव अधिकार र उत्तरदायित्वहरू

अध्याय तीन

* मानव अधिकार सम्बन्धि आधारभूत समस्याहरू
    - क. जीवन र व्यक्तिको रक्षा
    - ख. शान्ति र बाँच्ने अधिकार
    - ग. वातावरण र विकास
    - घ. सरकार र कानून
    - ङ. अभिव्यक्ति स्वतन्त्रता
* मानव अधिकार र समाज
* आर्थिक विकास र कल्याण
* सामाजिक र सांस्कृतिक कल्याण
* भेदभाव र अल्पसंख्यक समूहको स्थिति

अध्याय चार

* अब के गर्ने ?

परिशिष्ट

* मानव अधिकार घोषणा पत्र
* बाल अधिकार घोषणा पत्र

अध्याय-एक

हाम्रो स्वभावमा अन्तरनिहित अधिकारहरूलाई नै मानव अधिकार भनिन्छ र यो अधिकार नहुँदा हामी मानिस भएर बाँच्न सक्दैनौं ।

मानव अधिकार र मौलिक स्वतन्त्रताले हामीलाई हाम्रा मानव गुणहरू, बुद्धिमत्ता, प्रतिभा र विवेकलाई पूर्ण विकास गर्ने तथा प्रयोग गर्ने र हाम्रा भावनात्मक लगायतका अन्य आवश्यकताहरू पूर्ति गर्ने अवसर प्रदान गर्दछन् । यी अधिकारहरू मानव जातिका अन्तरनिहित प्रतिष्ठा र मूल्यले सम्मान र संरक्षण पाउनै पर्छ भन्ने मानव समुदायको बढ्दो मांगमाथि आधारित छन् ।

मानव अधिकार र मौलिक स्वतन्त्रता नपाउनु व्यक्तिगत(नीजि) दुःखको कुरा होइन । यसले त सामाजिक र राजनीतिक अशान्तिको परिस्थिति समेत सिर्जना गर्दछ । यसले समाज र राष्ट्रहरू वीच हिंसा र संघर्षको वीउ रोप्ने काम गर्दछ । विश्वव्यापी मानव अधिकारको घोषणाको पहिलो वाक्यमै भनिएको छ- मानव अधिकार र मानव प्रतिष्ठाको सम्मान नै"संसारमा स्वतन्त्रता,न्याय र शान्तिको आधार हो ।"

यो पुस्तिकाले मानव अधिकार संवन्धी सतर्कता र ज्ञान बढाउन चाहने तथा यसमा आधारित पारस्परिकता र सार्वभौमिकता संवन्धी व्यवहारिक गतिविधिको चेतना बढाउन चाहने प्राथमिक र माध्यमिक स्कूलका शिक्षकहरूलाई आधारभूत जानकारी प्रदान गर्दछ । अरू अनुसन्धान र विषय अध्ययन तथा राष्ट्रिय पुस्तिकाहरू र उपलव्ध श्रव्य-दृष्य सामग्रीहरूको लागि यो पुस्तिका आरम्भ विन्दु मात्र हो । यसलाई विश्वका विविध सांस्कृतिक क्षेत्रहरूमा अध्यापन स्तरहरूमा मिलाउने र विकास गर्ने काममा लगाउन सकिन्छ भन्ने कुरा प्रति आशावादी हुन सकिन्छ ।

यो प्रकृया स्थानीय शैक्षिक प्रणालीमा भर गर्नेछ । यसको शैक्षिक लक्ष राख्न र तिनीहरूलाई पूरा गर्न शिक्षकहरूले महत्वपूर्ण भूमिका निभाउनु पर्दछ । हरेक काममा नयाँ पहल प्राप्त गर्न शिक्षकले नै निर्णायक भूमिका निभाउनु पर्नेछ । त्यसकारण मानव अधिकारका सन्देशहरूको प्रचार गर्न शिक्षकको ठूलो जिम्मेवारी हुन्छ । यो पुस्तिकाको शुरूवात विद्यार्थीहरूलाई आफ्नो र अरूको महत्व महसूस गराउने सुझावहरूबाट हुन्छ । त्यो भाग मूख्य गरी पूर्व प्राथमिक र निम्न प्राथमिक विद्यालयका शिक्षकहरूको निम्ति लेखिएको हो । यसमा उल्लिखित गतिविधिहरूले

मानव अधिकारका सिद्धान्तलाई अर्थपूर्ण बनाउन चाहिने मानवीय मूल्यहरूलाई जगाउन मद्दत गर्दछन् । तेश्रो अध्यायमा उच्च प्राथमिक र माध्यमिक तहका विद्यार्थीहरूका निम्ति अभ्यासहरू दिइएका छन् । ती अध्यासहरू मार्फत विद्यार्थीहरूले पछि गएर विश्लेषण र अध्ययन गर्नु पर्ने विषयमा गंभीर सजगता र समझदारी प्राप्त गरून भन्ने उद्देश्य राखिएको छ ।

उच्च प्राथमिक र माध्यमिक स्कूलका विद्यार्थीहरूमा सामान्यतया आत्मविश्वासको अभाव रहेको पाइएको छ । यसले गर्दा उनीहरूलाई अरूसंग घुलमिल गर्न गाह्रो पर्छ । आफ्नो अधिकारको रक्षा नगर्नेले अरूको अधिकारको हेरचाह पनि गर्न सक्दैन । यस्तो अवस्था भएका ठाउँमा मानव अधिकारको अध्यापन कार्य एकदमै थालनीबाट शुरू गरिनु पर्छ । पहिले आत्मविश्वास र सहनशीलताको शिक्षा दिनु आवश्यक हुन सक्छ ।

विश्वास संवन्धी अभ्यासहरू समूह समूह गरेर पनि प्रयोग गर्न सकिन्छ । यसले कक्षा कोठाको जस्तो, वातावरण बनाउन सहयोग गर्छ । यो अत्यन्तै निर्णायक कुरा हो । उपयुक्त परिवर्तन गरेर सामूहिक सहभागिता आवश्यक हुने गतिविधिमा विद्यार्थीहरूलाई लगाउन अभ्यासहरूलाई दोहोऱ्याइ रहन सकिन्छ । यसबाट मान्छेको सहानुभूति जनाउने क्षमताको विकास हुने छ र कुनै पनि व्यक्ति अर्को व्यक्ति भन्दा बढी मानवीय पनि छैन र कम पनि छैन भन्ने तथ्यको पुष्टी गर्ने छ । सवभन्दा पहिले मान्छे, मान्छे हो । त्यसपछि मात्र उ केटा-केटी, राज्यको नागरिक अथवा शरणार्थी हो, अथवा कुनै जाति र सामाजिक समुदायको सदस्य हो ।

अध्यापनको उद्देश्य र विषय

मानव अधिकार बारेको अध्यापन पर्याप्त छैन भन्ने कुरा माथि नै भनिएको छ । शिक्षकले मानव अधिकारको अध्यापन शुरू गरेपछि सिध्याउन मन लाग्ने छैन । विद्यार्थीहरूले भने मानव अधिकार सिक्न चाहने मात्र होइन यसमा उनीहरूको व्यवहारिक फाइदाको सवभन्दा महत्वपूर्ण काम के छ त्यो पनि सिक्नु पर्ने हुन्छ ।

त्यसैकारणले गर्दा यो पाठ्यपुस्तकको मुख्य भागमा, गतिविधिहरूको वारेमा चर्चा गरिएको छ । यी गतिविधिहरूको उद्देश्य विद्यार्थी र शिक्षकहरूले जीवन, न्याय, स्वतन्त्रता, समानता र अभावको ध्वंसात्मक चरित्र, दुःख तथा पीडा जस्ता मानव अधिकारका आधारभूत तत्वहरूबाट व्यापक रूपले विश्व समस्या बारे सोच्न र महसूस गर्न सक्ने कुराहरू निकाल्न सक्ने औसरको सिर्जना गर्नु हो । आफ्नो दायित्व पूरा गर्नु नै मानव अधिकारको सन्देशमा निहित अर्थलाई सवभन्दा प्रभावकारी ढंगले प्रचार-प्रसार गर्नु हो ।

गरिएको कामलाई राष्ट्रसंघको मानव अधिकारको घोषणामा निहित सिद्धान्त र विचारहरूको आधारमा मूल्यांकन गर्न सकियोस् भनी त्यसलाई वार वार उल्लेख गर्ने गरिन्छ किनभने यिनीहरूले विश्वव्यापी मान्यता प्राप्त गरेका छन् र यो एउटा महत्वपूर्ण कुरा हो ।

अध्यापन र प्रशिक्षण

शब्द मन्दा कामको बोली ठूलो हुन्छ :

मानव अधिकारको विश्वव्यापी घोषणालाई संसारभरि नै प्रमाणिक र प्रयोजनमूलक ठानिनु शिक्षकहरूको निम्ति साहै महत्वपूर्ण कुरा हो । यति धेरै वर्षदेखि यति व्यापक रूपले स्वीकृत शिक्षाहरूलाई लिएर काम गर्ने शिक्षकले इमान्दारीका साथ भन्न सक्नुहुन्छ कि उहाँहरू उपदेश दिइरहनु भएको छैन । विभिन्न मुलुकको शैक्षिक विधिमा निकै ठूलो अन्तर हुन्छ । मानव अधिकार वारे अध्यापन गरिने ठाउँमा शिक्षकहरूले कक्षा कोठा र विद्यालयको वातावरणमा नै मानव अधिकारलाई सम्मान गर्ने ढंगले अध्यापन गर्नु पर्छ ।

यसो गरेर नै आडम्वरबाट बच्न सकिन्छ । आडम्वर भनेको त्यो कुरा हो जसले एउटा शिक्षकले सिकाउने कुरा र सिकाउने तरीकाको वीचमा मेल हुन दिदैन । उद्धारणको लागि -हामी आज अभिव्यक्ति स्वतन्त्रताको विषयमा बोल्न गइरहेका छौं-" पछाडिको पंक्तिमा बसेर हल्ला गर्नेहरू जति चूप लाग ।" यसो भन्दा विद्यार्थीहरूले शक्तिको बारेमा धेरै र मानव अधिकारको बारेमा बहुत थोरै सिक्ने छन् । विद्यार्थीहरूले शिक्षकको अध्ययन गर्न प्रशस्त समय लगाउँछन् र त्यसपछि मात्रै शिक्षकका विश्वासको राम्रो ज्ञान हासिल गर्न सक्छन् । यस्तो हुनाले यस्तो आचरण गर्ने शिक्षक वास्तविक रूपमा सकारात्मक प्रभाव छोड्न असमर्थ हुन्छ । उदाहरणको निम्ति - शिक्षकलाई खुशी पार्ने इच्छाले गर्दा विद्यार्थीहरूले आफ्नै होइन, शिक्षकहरूको व्यक्तिगत दृष्टिकोणको नक्कल गर्ने कोशिस गर्न सक्छन् । शुरूमै आफ्ना विचार व्यक्त गर्न नचाहनुको एउटा कारण यो पनि हुन सक्छ । पाखण्डीपनले एउटा कक्षा कोठा, विद्यालय र स्वतन्त्र समाजमा शिक्षक र विद्यार्थीहरूको मानव प्रतिष्ठालाई कसरी रक्षा गर्ने भन्ने विषयमा गंभीर प्रश्न उठाउँछ । यसले शिक्षकहरूलाई के गर्ने, कसरी गर्ने, किन गर्ने भन्ने विषयमा विद्यार्थीलाई, विद्यालय प्रशासनलाई, शैक्षिक अधिकारीहरूलाई र बाबु-आमालाई मात्र होइन, आफू बस्ने र काम गर्ने प्रत्येक समुदायका सदस्यहरूलाई पनि संलग्न गर्ने उपायहरू खोज्न आह्वान गर्दछ ।

यसरी मानव अधिकार कक्षा कोठा हुदै समुदायसम्म पुग्दछ र दुवैलाई फाइदा पुऱ्याउँछ । यो समस्यासंग संवन्धित सबैले विश्वव्यापी मूल्य र सच्चाइसंग तिनीहरूको संवन्ध वारे छलफल गर्न सक्नेछन् । यसरी मानव अधिकारका आधारभूत समस्याहरूको समाधानमा विद्यालयले अहं भूमिका खेल्न सक्छ । शिक्षकहरूले यो काम खुला दिमागले गर्न सक्नुहुन्छ । सबैमा वृहत्तर सजगता पैदा हुन जान्छ ।

कक्षा कोठाका नियम र उत्तरदायित्वहरूको छलफल, अध्ययन शुरूवात गर्ने व्यवहारिक एवं प्रभावकारी तरीका हो । पछिका अध्यायहरूमा यसका उदाहरणहरू प्रस्तुत गरिने छ । मानव अधिकारका आधारभूत मान्यताको निरन्तर अध्यापन

व्यवहारको एउटा नमूना बन्ने छ । उदाहरणको लागि भनौं- गणितको शिक्षकलाई पनि यसले मानव अधिकारको निम्ति अध्यापन गर्न सक्षम पार्ने छ- यद्यपी गणितको विषय बस्तु मानव अधिकारका समस्याहरू सित असंवन्धित हुन सक्छ ।

मानव अधिकारको पूर्ण सम्मान र मौलिक स्वतन्त्रता प्राप्त गर्ने लक्ष्य :

मानव अधिकारको विश्वव्यापी घोषणा मानव सभ्यताको एउटा महान उपलब्धी थियो । यो पुस्तिकाले मानव अधिकार जन्य संस्कृतिलाई मानव प्रतिष्ठा र मूल्य परिभाषित गर्ने एउटा निरन्तर प्रयासको रूपमा स्वीकार्छ ।

मार्ग दर्शक सिद्धान्तको परिभाषा कसरी गर्ने ?

मानव अधिकारको इतिहासले मानव जातिद्वारा उसको आधारभूत प्रतिष्ठा र मूल्यलाई तथा उसका मौलिक अधिकारहरूलाई परिभाषित गर्ने गरेको प्रयासलाई चिस्तृत रूपमा बताउँछ । यी प्रयासहरू अहिलेसम्म पनि जारी छन् । शिक्षकले मानव अधिकार अध्यापनको एउटा आवश्यक भागको रूपमा यो इतिहासको वर्णनलाई पनि समावेश गर्नु हुनेछ भने विद्यार्थीहरू अलिक परिपक्व र समझदार हुदै गएपछि यसलाई गहिराई तिर लैजाने छन् । नागरिक र राजनैतिक अधिकारको निम्ति गरिएको युद्ध तथा दासत्व उन्मूलन अभियान र आर्थिक तथा सामाजिक अधिकारहरूको निम्ति गरिएका संघर्षहरूबाट विश्वव्यापी मानव अधिकारको घोषणा एवं त्यसपछि तयार भएका संपूर्ण संहिताहरूबाटै घोषणाहरूको उत्पत्ति भएको हो । यी सबैले आधारभूत वैधानिक नमूनाको ढांचा प्रदान गर्दछन् ।

सूचना र शिकायत लगायतको मानव अधिकारको इतिहासलाई सिकाउँदा पनि कक्षा कोठामा सजीव रूपले प्रस्तुत गर्न गाह्रो छ । त्यस्तै गरी एउटा स्वीकृत मापदण्डको रूपमै मानव अधिकारको अध्यापन(उदाहरणको निम्ति-मानव अधिकारको विश्वव्यापी घोषणाको अध्यापन गर्नु र प्रत्येक धाराको मर्मलाई संसारको वास्तविक उदाहरणबाट व्याख्या गर्दै सिकाउनु) पनि गाह्रै हुन्छ । राम्ररी छानिएका नै भए पनि तथ्य र मूलभूत कुराहरू पर्याप्त हुदैनन् । वौद्धिक महत्व भन्दा बढी कुरा चाहने हो भने विद्यार्थीहरूले आफ्नो जीवनसंग प्रत्यक्ष सरोकार राख्ने सवालहरू उठाउने छन् । यसले उनीहरूको स्वतन्त्रता र समानतामा आफ्नै चेतना प्रयोग गर्न लगाउनु पर्ने महत्वलाई पुष्टी गर्छ ।

यसलाई कसरी गर्न सकिन्छ ? एउटा उदाहरण चाहिं विद्यार्थीलाई सोध्नु हो । "मानौं संपूर्ण समाजका आधारभूत सिद्धान्तहरूको मस्यौदा तयार गर्नु तिम्रो काम हो । समाजको लागि तिमी कस्तो मान्छे हौ भन्ने तिमीलाई थाहा नभए पनि तिमी समाजमा संलग्न छौ । तिमी, पुरूष, स्त्री, युवा, वृद्ध, धनी, गरीव, अपाङ्ग हुन सक्छौ, अथवा तिमी कुनै समकालीन राष्ट्र, जाति, धर्म वा संस्कृतिको एउटा सदस्यको रूपमा बाँचिरहेका हुन सक्छौ । अब भन, तिमी कस्तो नियम बनाउँछौ ?"

यो शास्त्रीय विचारको परीक्षण गर्नु मनेको आफ्नै मानव अधिकारको घोषणाको विन्दूमा पुग्नु हो । यसलाई इमान्दारिताका साथ नलिए विद्यार्थीहरूले हल्का ढंगले हामी "जान्दछौं" मात्र भनेर त्यसको गहुंगोपनलाई हल्का बनाइदिने छन् । यस कामको निम्ति अहिले उपलब्ध भए भन्दा वढी प्रेरणा र कल्पनाको आवश्यकता पर्न सक्छ । तर कुरा स्पष्ट छ, यसले "मानव" भन्नाले के बुझिन्छ, त्यस संवन्धमा एउटा गंभीर चिन्तनलाई अभिव्यक्ति गर्न सक्दछ । यो जति स्पष्ट सुनिन्छ , त्यति स्पष्ट छैन । मानव अधिकारको संपूर्ण इतिहास आंशिक रूपमा सबै जातिहरूको वीचमा भएको मानव प्रतिष्ठा र मूल्यको क्रमिक मान्यता हो । व्यक्तिलाई मानिसको रूपमा होइन, वस्तुको रूपमा व्यवहार गर्ने, मानिसलाई अरू साध्यहरूको साधानको रूपमा प्रयोग गर्ने र उनीहरूलाई आफैमा साध्यको रूपमा हेर्नु मानव अधिकारको आवश्यक मर्मलाई अस्वीकार गर्नु हो । यसले ठीक र गलत व्यवहार, असल र खराव आचरण वीचमा गंभीर चिन्तन गर्न प्रेरित गर्न सक्छ ।

यसका आधारभूत सिद्धान्तहरू

मानिसहरूले मानव अधिकार संस्कृतिको उपयोगिता देखिरहंदा मात्र बाँचिरहने भएकाले निरन्तर रूपमा यसको रक्षा गर्नु पर्छ । यसमा मेरो अधिकार छ, म यो चाहन्छु, अथवा यसको मलाई आवश्यकता छ भन्ने मात्र होइन, यो मेरो अधिकार हो र यसभित्र पूरा गर्नै पर्ने एउटा उत्तरदायित्व छ । अधिकारहरू तिनीहरूको पक्षमा दिइएका तर्कमा मात्र टिक्न सक्दछन् र ती तर्कहरू वास्तवमा बलिया हुन पर्छ । त्यस्ता तर्कहरू तयार गर्नका निम्ति हामीले स्कूलहरूमा भन्दा बढी राम्रो मौका अन्यत्र पाउदैनौं । यो विना हामी हाम्रा अधिकार निलम्बित भएका अथवा खोसिएका छन् भनी दावी गर्न सक्दैनौं । हामी अधिकारका दावीहरूलाई पूरा गराउने आवश्यकता महसूस गर्न सक्दैनौं । हामीले आफैले अधिकार किन महत्वपूर्ण छ भन्ने यसकारण देख्नु पर्छ कि यसले उत्तरदायित्वलाई बढाउँछ ।

यसलाई अर्को तरीकाबाट पनि अगाडि बढाउन सकिन्छ । त्यो हो, उत्तरदायित्व र नैतिक कर्तव्यको दृष्टिकोणबाट मानव अधिकारको प्रशिक्षण गर्नु । तर यी विचारहरूलाई सजीव पार्न शिक्षकहरूले कुनै भजन मात्र सिकाउनु हुन्छ । उहाँहरूले यो बुदाँलाई बुझ्न आफ्नो र आफ्ना विद्यार्थीहरूको निम्ति औसर श्रृजना गर्न चाहनु हुन्छ । त्यसपछि विद्यार्थी र शिक्षकहरूले बोल्न र नक्कल गर्न मात्र होइन, सिद्धान्तको प्रयोग गर्न पनि सिक्न सक्दछन् । कहिले काहीं उत्तरदायित्व, नैतिक कर्तव्य र अधिकारको वीचमा संघर्ष हुंदा ती समस्या समाधान गर्न चाहिने कुशलताको अभ्यास पनि गर्न सक्छन् !

संघर्षका यी बुँदाहरूले महत्वपूर्ण अन्तरदृष्टि प्रदान गर्न सक्छन् । तिनीहरू विना मानव अधिकार प्रशिक्षण संभव नहुने भएकोले तिनीहरूको हामीले स्वागत गर्नु पर्दछ । शिक्षकहरूले यस्तो प्रकारको सिक्ने अवसर प्रदान गर्नेछन् जसले विद्यार्थीहरूलाई विभिन्नतालाई श्रृजनात्मक रूपले नडराइकन सामना गर्न प्रेरित गर्दछन् ।

मानव अधिकार साक्षरता :

अवसरहरू पाइरहनु पर्दछ । अरू जस्तै विद्यालयका विद्यार्थीहरूले पनि चास्त लाग्दा र विविध कामहरू गर्दै सवभन्दा राम्ररी कामबाट शिक्षा हासिल गर्दछन् । यसैकारणले गर्दा नै अनुभव केन्द्रीत दृष्टिकोणलाई छनिएको थियो । जो बढी इन्द्रिय ग्राह्य पद्धतीहरू मन पराउँछन, तिनीहरूले पनि यो दृष्टिकोणलाई आफ्नो दृष्टिकोणको पूरक बनाउन सक्दछन् । यो थाहा भै सकेको छ कि, मानव अधिकार प्रशिक्षणको निम्ति बौद्धिक प्रयास मात्र पर्याप्त छैन । मानव अधिकारको प्रशिक्षणले महत्वपूर्ण स्वालको साक्षरतालाई विकास गर्दछ किनभने उत्तरदायित्वपूर्ण र सही निर्णय गर्ने शैक्षिक क्षमता हाम्रो अस्तित्वको निम्ति नै निर्णायक कुरा हो । एउटा उपयुक्त विद्यालयको अनुभवले यो क्षमतालाई बढाउन सहयोग गर्न सक्दछ र पढ्न लेख्न र तर्क गर्नमा पनि बढी सक्षम बनाउन सक्छ ।

व्यवहारमा :

यो पुस्तिका एउटा यस्तो बहुरंगी छाता हो जसले विविध आधारभूत समस्याहरूलाई समेट्छ । पहिले नै धेरै बोझिलो भैसकेको पाठ्यक्रममा बोझ थप्ने यसको उद्देश्य होइन । बरू स्कूलहरूमा पहिलेदेखि नै सिकाइएका विषयहरूको समायोजन हो ।

यहाँ प्रत्येक समस्यालाई स्वास प्रश्नहरूको दृष्टिकोणबाट व्याख्या गरिएको छ र सबै गतिविधिहरू त्यही समस्यालाई समाधान गर्न परिचालित हुन्छन् । गतिविधिहरू संचालन गर्दा सान्दर्भिक प्रश्नहरू उठाइन्छ । उत्तर बारे छलफल गरिन्छ र स्वास स्वास संलग्न विषयमा पुगिन्छ ।

शिक्षकहरूले अरू गतिविधिहरू अथवा अरू विषयहरूको विकास गर्न समेत चाहनुका साथै यहाँ प्रस्तावित क्षेत्रहरूलाई प्रयोग गर्ने अरू तरिकाहरू पत्ता लगाउनु हुन्छ ।

सबभन्दा राम्रो कुरा मानव अधिकार संस्कृतिलाई समग्र पाठ्यक्रम भित्रै निर्माण गरिनु हो । तर व्यवहारमा स्वास गरी माध्यमिक तहमा स्वण्ड स्वण्ड गरी यसको विवेचना गरिन्छ । यसलाई सामाजिक र आर्थिक, विज्ञान र मानविकी भित्रको स्थापित अध्ययन शास्त्रको एउटा भाग मानिन्छ । गर्दै नगर्नु भन्दा यसरी नै भए पनि मानव अधिकारको विवेचना गर्नु राम्रो हो । फरक फरक विद्यालयका तहहरूमा यी गतिविधिहरूले फरक फरक काम गर्दछन् र हरेक क्षणमा प्रत्येक कक्षा पनि फरक फरक हुन्छ । पहिले नै यी गतिविधिहरूको प्रयोग गरेकाहरूले यो अनुभव गरेका छन् । जुन कुरा काम लाग्दैन भनेर उनीहरूले पहिले नै निर्णय गरेका थिए । त्यो गलत सावित भयो । यो कुरा ध्यान दिन योग्य छ ।

बच्चाहरूले बढ्दै जाँदा कसरी निर्णय क्षमता विकास गर्दछन् भन्ने धेरै अनुसन्धानहरू भएका छन् । कक्षाका प्रत्येक सदस्यले मानव अधिकारका सिद्धान्तलाई आवश्यक हुने सजगताको स्तर प्राप्त नगर्न सक्दछन् । शुरूदेखि नै विद्यार्थीलाई बुझ्नको निम्ति दवाव दिनाले उनीहरूको इमान्दार अभिव्यक्तिलाई रोक्न सक्दछ र उनीहरूको अरू प्रगति रोकिन सक्दछ ।

यो पुस्तिकाले सबै मानवहरूले अधिकारका समस्याको खोजी गर्ने अवसरबाट फाइदा लिन सक्दछन् भन्ने कुरामा विश्वास गर्दछ । दश वर्ष जतिको उमेरका भएपछि विद्यार्थीहरूले यस्तो मौका पाएको खण्डमा सामान्य रूपमा आशा गरिए भन्दा पर परसम्म सजीव र गंभीर ढंगले चिन्तन गर्ने क्षमता राख्दछन् । अतिरिक्त सामाग्रीहरूको आवश्यकतालाई यथासंभव सरल पारिएको छ । यो एउटा सत्य हो कि शिक्षकले काम गर्ने सवभन्दा समृद्ध श्रोत भनेको नै आफ्ना विद्यार्थीहरू र दैनिक जीवन प्राप्त अनुभवहरू हुन् । विद्यार्थीहरूले यी गतिविधिहरू मन पराउनु महत्वपूर्ण कुरा हुन्छ । साहै नै प्रतिरोध गरे भने यसलाई स्थगित गर्नु अथवा रोक्नु नै बेस ।

भूमिका खोज्ने काम :

कतिपय गतिविधिहरूले खास भूमिका खेल्ने काम गर्दछन् । यी पद्धतिहरूसंग अपरिचित रहेका शिक्षकहरूले कसरी त्यो भूमिका खेल्न सकिन्छ भन्ने बारे निर्देशिका हेर्नु उपयुक्त हुन्छ । सांस्कृतिक रूपले वाहिरिया भएको अवस्थामा शिक्षकले विवेक प्रयोग गर्नु उपयुक्त हुन्छ ।

संक्षेपमा भन्दा, भूमिका खेल्नु भनेको कक्षामा सानो नाटक खेल्नु जस्तै हो । मुख्य रूपमा यो आवश्यकता अनुसार खेलिन्छ । आधारभूत विचारहरूद्वारा दृष्य तयार भएपछि शिक्षकले यसमा भाग लिन छनिएकाहरूको लागि के बोल्ने भन्ने विषयमा सोच्न समय दिन चाहनु हुन्छ अथवा शिक्षक तुरून्तै अभिनय तर्फ लाग्नु हुन्छ । यसलाई कथाको रूपमा, वाचक र मुख्य पात्रहरू मिलेर गर्न सकिन्छ । अथवा मुख्य पात्रहरूको अन्तरकृया भएको एउटा संवाद त्यहीं तयार गरेर शिक्षक र बाकीं विद्यार्थीको सहयोगद्वारा तयार गरिएको एउटा परिस्थितिको रूपमा यसलाई पेश गर्न सकिन्छ । जुनसुकै दृष्टिकोण अपनाए पनि गतिविधिहरूलाई छोटो राख्नेमा यसले सवभन्दा राम्ररी काम गर्दछ । र त्यसपछि छलफलको निम्ति अनुमति दिनु पर्छ । शिक्षकहरूले विद्यार्थीहरूको भूमिकालाई निरूत्साहित गर्न सक्नु हुन्छ । सहभागीहरू टिप्पणी गर्न र प्रश्न सोध्ने कामबाट पछि हट्न सक्छन् । कक्षाका अरू सदस्यहरू पनि टिप्पणी गर्न र प्रश्न सोध्नबाट पछि हट्न अथवा कुनै भूमिका निर्वाह नगर्न सक्छन् ।

दिमागी आक्रमण :

यो तरीका पनि अपनाउन सकिन्छ । यो गतिविधिको उद्देश्य चाहिं कुनै विषयमा सोच्नु हो र जतिसुकै असंभव भए पनि प्रस्तावित प्रत्येक कुरालाई लिपिवद्ध गर्नु हो । यसमा आधारभूत तीनवटा नियमहरू छन् । शीर्षकलाई व्याख्या गर्नु, प्रस्तुत गरिएको कुनै पनि सुझावलाई स्वीकार गर्नु र वीचमा आलोचना नगर्नु । विद्यार्थीहरूले सकियो भने पछि पनि उनीहरूलाई अरू सोच्नको निम्ति उत्साहित गर्नु पर्छ र यिनीहरूका कल्पनाका सीमाहरूलाई स्वोतल्न लगाउनु पर्छ ।

मूल्यांकन :

विद्यार्थीहरूको सूचना, सारवस्तु र समझदारीको स्तरलाई कुनै मापदण्डको हिसावले हामी नाप्न सक्दछौं । तर मनोगत किसिमको जाँचको कारण मानिसको प्रवृत्तिमा आएको परिवर्तनको मूल्यांकन गर्न चाहिं धेरै गाह्रो हुन्छ । मापदण्ड लागु गर्नको निम्ति यहाँ कुनै स्वीकृत पद्दति छैन । छोटो छोटो समय अन्तरमा गरिएको खुला प्रश्नावली सबभन्दा सरल हुन्छ । तर तिनीहरूले छोडेको प्रभाव भने अल्पजीवी हुन्छ । कक्षा कोठा र स्कूल समूदायका मानव अधिकार संवन्धी व्यवहारहरूको मूल्यांकन गर्न चेकलिष्ट पनि बनाउन सकिन्छ र यसलाई विद्यार्थीहरूको उपयोगी गतिविधिको रूपमा बदल्न पनि सकिन्छ ।

अध्याय - दुई

कसरी शुरू गर्ने ?
विश्वास र सामाजिक सम्मान :
(मुख्य गरी पूर्व प्राथमिक र निम्न प्राथमिक विद्यालयको प्रयोगको निम्ति)

पूर्व प्राथमिक र निम्न प्राथमिक शिक्षामा मानव अधिकारको प्रशिक्षणको उद्देश्य, सामाजिक सहनशीलताको भावना विकास गर्नु हो । मानव अधिकार संस्कृतिका संपूर्ण कुराको आधार यिनीहरू नै हुन् । यसले शिक्षकको अध्यापन व्यक्तित्वलाई एकदमै निर्णायक बनाउँछ । एउटा सहयोगी दृष्टिकोणले मानव अधिकार अध्यापन प्रति स्वास रूपमा समर्पित अरू सबै गतिविधिहरूलाई अर्थपूर्ण बनाउँछ ।

पूर्व प्राथमिक र निम्न प्राथमिक स्तरमा विद्यार्थीहरू अभिव्यक्ति गर्न, सम्प्रेषण गर्न र हेरचाह गर्न सिक्दै छन् ।

कथाहरू मूल्यवान हुन्छन् । यदि राम्ररी भनिएको कथाका प्रिय पात्र सित संवन्धित भएमा कलिला केटाकेटीहरूले पाठ र शिक्षाहरू स्पष्ट रूपले ग्रहण गर्न सक्छन् । यस्ता कथाहरू केटाकेटीका निम्ति लेखिएका बाल कथा साहित्यबाट, बाबु-आमा, हजुरबा-हजुरआमाबाट प्राप्त गर्न सकिन्छ अथवा आफ्नै कल्पना प्रयोग गरेर पनि प्राप्त गर्न सकिन्छ ।

एउटा कक्षाको पुस्तकालय उपयोगी हुन सक्छ, जहाँ श्रोतहरू उपलब्ध हुन्छन् । पुस्तक छनौट गर्दा आकर्षक ग्रन्थहरू पाउनु महत्वपूर्ण हुन्छ जसमा स्त्री, पुरूष, दुवैलाई बहुरंगीन, सक्रिय र नयाँ नयाँ चरित्रहरूको रूपमा चित्रण गरिन्छ ।

जहाँ श्रोतहरू उपलब्ध हुन्छन्, त्यहाँ विद्यार्थीहरूले स्वाना पकाउन, काठका वेन्च बनाउन, गमलामा फूल रोप्न र सिलाइ बुनाइ गर्नमा भाग लिन सक्छन् । तिनीहरूलाई कल्पनाशील खेलको रूपमा पनि प्रयोग गर्न सकिन्छ । केटाकेटी दुवैलाई संलग्न गर्नु आवश्यक हुन्छ । गतिविधिका बारेमा असहमति देखा परेमा परिस्थितिलाई तटस्थ पार्न र मनोमालिन्यपूर्ण आचरणलाई तोड्न नियमहरूको आवश्यकता पर्न सक्छ । नियमित रूपले प्रयोग गरेपछि ती नियमहरू पुराना हुन्छन् । कक्षा कोठाको व्यवस्थापनबाट पनि यो उद्देश्य प्राप्त गर्न सकिन्छ । बसाउनु र पंक्तिबद्ध गराउनु विद्यार्थीहरूलाई, संगठीत गर्ने दुई साधारण बाटाहरू हुन् । स्पष्ट रूपले मतभेदलाई बढाउने किसिमले समूहवद्ध नगर्नु महत्वपूर्ण हुन्छ । विद्यार्थीहरूमा मित्रतालाई बढावा दिने कोशिश गर्नु पर्छ र उनीहरूमा मतभेदहरू स्वीकार गर्ने र यिनीहरू स्वभाविक हुन भन्ने चेतना विकास गराउनु पर्छ । विद्यार्थीहरूको वीचमा विविधता र समानता देखाउन निम्नलिखित गतिविधिहरू तयार पारिएका छन् ।

विशेषताहरू :

केटाकेटीहरूलाई एउटा वृत्तमा राख्निन्छ, एउटा व्यक्ति वृत्तको वीचमा उभिन्छ । उसले एउटा विशेषता बताउँछ । उदाहरणको निम्ति "पेटी लगाउने मान्छेहरू" । त्यो विशेषता अन्तर्गत पर्ने मान्छेहरूले त्यतिवेला पेटी लगाइरहेको अर्को मान्छेसंग सीट साट्नु पर्छ ।

वृत्तको वीच भागमा रहेको मानिसले पनि आफ्नो निम्ति सीट फेला पार्नु पर्छ । बस्ने सीट नभेट्ने मानिस वीचमा उभिन्छ र उसले अर्को विशेषता छान्दछ । बच्चाहरू तुरून्तै आफूहरू धेरै अर्थमा समान र त्यत्तिकै अर्थमा असमान छन् भन्ने कुरा जान्ने छन् । यसको चास्त लाग्दो अन्त्य कुनै जटिल र अमूर्त विशेषता छान्नु हुनेछ । उदाहरणको लागि "खुशी अथवा दयालु मानिसहरू" सामान्य रूपमा खेल यहीं अन्त्य हुन्छ, किनभने एक झलकमा यस्ता विशेषताहरू पत्ता लगाउन गाह्रो हुन्छ । अब शिक्षकहरूले यस्ता विशेषताहरू कसरी चिन्ने भन्ने विषयमा छलफल गर्ने चाहना राख्नु पर्छ ।

प्रतिकूलताको सामना गर्नको निम्ति कक्षामा एउटा स्थीर रणनीति विकास गर्नु पनि आवश्यक हुन्छ । प्रतिकूलता अक्सर उत्पन्न हुने गर्दछन् तर यसको सामना गर्नको निम्ति मानिसलाई सहयोग गर्ने एउटा मार्गदर्शक अवश्य रहन्छ । केही समयसम्म सचेतनतासित कक्षामा प्रयोग गरे पछि जीवनको लागि यो दोश्रो स्वभाव र प्रमुख कार्यदक्षता बन्दछ । प्रतिकूलता र संघर्षकै अवस्थामा पनि हरबस्वत छलफल गर्न खुला रहनु एउटा शिक्षकको निम्ति अति आवश्यक छ । कुनै पनि समस्याको समाधान पाउन सकिन्छ भन्ने विचारलाई जोड दिनु पर्छ । केटाकेटीहरूले समस्याको समाधान पत्ता लगाउनको निम्ति सोच्नु उपयोगी हुन्छ । समस्या समाधान गर्ने बढी व्यवस्थित दृष्टिकोण निम्न रूपमा देखाइएको छ ।

(१) समस्या पत्ता लगाएर त्यसलाई मान्यता दिनुहोस् । कुनै पनि शारीरिक र मौखिक संघर्षका गतिविधिहरूलाई रोकेर सगै बसेर आफ्ना आचरणहरूको बारेमा छलफल गर्न केटाकेटीहरूलाई भन्नुहोस् ।

(२) भएको घटनाको वर्णन प्राप्त गर्नुहोस । संलग्न केटाकेटीहरू र दर्शकहरूबाट पनि घटनाको विषयमा प्रत्येकलाई कुरा नकाटीकन बोल्ने पालो दिनुहोस् । उपयुक्त अवस्थामा अगालो हाल्ने जस्ता सकारात्मक प्रोत्साहनले रिस र अपराधवोधलाई कम गर्दछन् । तर शिक्षकले हर वस्वत तटस्थ हुनु आवश्यक हुन्छ ।

(३) विभिन्न समाधानहरू खोजी प्रत्यक्ष संलग्न भएकाहरूबाट समस्या कसरी समाधान गर्न सकिन्छ भनेर सोध्नुहोस यदि केटाकेटीहरूले समाधान गर्न सकेनन् भने शिक्षकले समाधान प्रस्तुत गर्नु पर्छ ।

(४) तर्क गरेर समाधान पत्ता लगाउनुहोस् । हरेक कुरामा कसरी एउटा भन्दा बढी उपयुक्त समाधान निकाल्न सकिन्छ भन्ने कुरा सिकाई बच्चाहरूलाई समाधानको भौतिक र भावनात्मक परिणामको बारेमा सोच्न र यस्तै प्रकृतिका विगतका अनुभवहरूको स्मरण गर्न उत्साहित गर्नुहोस् ।

(५) कुनै कार्य योजनाको छनौट गरी प्रस्तुत गरिएका समाधानका विषयमा साझा सहमति खोज्नुहोस् ।

(६) गर्नु पर्ने कामलाई पूरा गर्नुहोस् ।

भेदभावपूर्ण व्यवहारको अवस्थामा समाधान पत्ता लगाउन सजिलो छैन । अपमानित भएको बच्चा र अपमान गर्ने बच्चाको निम्ति भेदभावको कुनै स्पष्ट समझदारी हुदैन । यस परिस्थितिमा शिक्षकको कार्य महत्वपूर्ण हुन्छ । जातिय भेदभावको आचरणलाई कडा आलोचनाद्वारा तिरस्कार गरिनु सबभन्दा पहिलो आवश्यकता हो । त्यस्तो आचरण अस्वीकार्य छ भन्ने कुरा स्पष्ट शब्दमा भनिनु पर्छ । उनीहरूले गल्तीको शिकार भएको बच्चा प्रति उसको रीस, डर र असमन्जसता प्रति कुनै आलोचना नगरी स्पष्ट समर्थन दिन र जातिभेदवादी व्यवहारमा लागेको बच्चा प्रति कठोर तर सहयोगी दृष्टिकोण राख्न सकिन्छ । शिक्षकहरूले भेदभावको शिकार भएका बच्चालाई यो महसूस गराउनु पर्छ कि उसको अनुहार, भाषा अथवा जातिप्रतिको नकारात्मक प्रतिकृया जातिभेदवादी प्रवृत्तिको कारण हो । यस्ता घटनाहरू बावुआमासंग, कर्मचारीहरूसंग र स्थानीय समुदायका सदस्यहरूसंग पनि छलफल गर्नुपर्छ ।

माथि उल्लिखित पद्धतिलाई विद्यालयका हरेक तहहरूमा र संकटकालीन परिस्थितिमा विद्यालयको वातावरण भन्दा वाहिर पनि लागू गर्न सकिन्छ । यसलाई हरेक प्रकारको भेदभावकारी व्यवहारमा लागू गर्न सकिन्छ । संभव भए जति ठाउँमा कक्षा भित्रको जातिय विविधताको बारेमा सजगता जगाउनु पर्छ । यसलाई बुझाउनु पर्छ । तर प्रत्येक मौकामा यसको प्रशंसा पनि गर्नु पर्छ । जाति, लिङ्गको भावना सामान्यतया बच्चाहरूमा पाइन्छ भन्ने कुरालाई महसूस गर्नु पर्छ । त्यसैले पनि यो पद्धति उपयुक्त हुने गर्छ ।

अपाङ्ग बच्चाहरूलाई हेरचाह गर्न कक्षालाई प्रोत्साहित गर्न पनि ध्यान दिनु पर्छ । बच्चाहरूले कसरी आफ्नो परिचय व्यक्त गर्छन भन्ने विषयमा निम्नलिखित गतिविधिहरूलाई केही उदाहरणको रूपमा लिन सकिन्छ ।

१. म को हुँ र म कस्तो छु

(क) एउटा "म को हुँ" भन्ने पुस्तक लिउँ ।

केटाकेटीहरूले पुस्तकको गातामा आफ्नो फोटो भएको आफ्नै विषयको एउटा किताव शुरू गर्ने छन् । यो कितावमा व्यक्तिगत चित्रहरू, कथा, निबन्ध र कविताहरू

संग्रह गर्न सक्नेछन् । बच्चाहरूले लेख्न सक्ने भएपछि यसमा उनीहरूले आफू बारेमा प्रश्नहरू र यसमा भएका प्रश्नका जवाफ पनि लेख्न सक्छन् । श्रोत सीमित भएका खण्डमा प्रत्येक केटाकेटीहरूको निम्ति, एक दुई पन्ना छुट्टयाएर संपूर्ण कक्षाको निम्ति एउटै किताव बनाउन सकिन्छ ।

(ख) वातचितको निम्ति एउटा घेरा बनाउ ।

केटाकेटीहरू एउटा घेरा बनाएर वस्छन् । त्यसमा शिक्षक र आगन्तुकहरू पनि रहनु हुन्छ । शिक्षकले निम्नलिखित कुरा भन्नु हुन्छ :

मलाई सबैभन्दा बढी मन पर्ने कुरा .....हो ।

म.....हुन चाहन्छु ।

मलाई मन पर्ने खेल.....हो ।

मेरा विचारमा मेरो नामको अर्थ.....हो ।

म.....विषयमा सिक्न चाहन्छु ।

म.....हुदाँ खुशी अनुभव गर्दछु ।

म.....हुदाँ दुःखी हुन्छु ।

म .....हुन चाहन्छु ।

कुनै दिन म ..... आशा गर्छु ।

हरेक कथनपछि प्रत्येक विद्यार्थीको उत्तर दिने पालो आउँछ । समय बरावरी बाँडीनु पर्छ सुन्ने कामलाई महत्वपूर्ण मानिनु पर्छ । त्यसकारण कुरा काट्न दिनु हुदैन भन्ने कुरामा ध्यान पुऱ्याउनु पर्छ । केटाकेटीहरूले चाहे भने प्रश्न गर्न सक्छन् र त्यो गतिविधि पूरा नभएसम्म सबै व्यक्तिहरू आ-आफ्नो ठाउँमा बसिरहन्छन् । उत्तरहरूलाई पछि गएर म को हुँ भन्ने कितावमा समावेश गर्न सकिन्छ ।

(ग) जीवन रेखा ।

प्रत्येक बच्चाले एउटा धागो तन्काउछ । यसले उसको जीवनको प्रतिनिधित्व गर्दछ । त्यसपछि यस रेखामा हुन आएका महत्वपूर्ण कुराहरूको विवरण भएका चित्र र कथाहरू उनीहरूले झुण्ड्याउँछन् । यो कुरालाई क्रम मिलाएर अथवा बच्चाहरू जसरी मन पराउँछन त्यसरी नै गर्न सकिन्छ । यसलाई भविष्यसम्म पनि विस्तार गर्न सकिन्छ ।

(घ) म मित्तामा छु ।

एउटा ठूलो कागजको टुक्रामा प्रत्येक बालकको रेखाङ्कन गर्नुहोस् । शारीरिक विवरणहरूमा विद्यार्थीलाई अराई व्यक्तिगत र शारीरिक गुणहरू (नाम, उचाइ, तौल, बच्चाले विद्यालयमा सिक्न र गर्न चाहेको कुरा) एउटा लेबुलमा लेख्नुहोस् । त्यसपछि त्यसलाई त्यही कुरा अर्काको बारेमा र आफ्नै वारेमा पनि सिक्न दिनुहोस् ।

(ङ) म र मेरा इन्द्रियहरू ।

निम्नलिखित कथनहरूको अन्वेषण गर्न विद्यार्थीहरूलाई एउटा घेरामा राख्वेर छलफल गर्न अथवा एउटा खेल खेल्न लगाउनुहोस् ।

सुन्ने शक्तिले मलाई.....मा मद्दत पुऱ्याउँछ ।

हेर्ने शक्तिले मलाई..... मा मद्दत पुऱ्याउँछ ।

सुंघ्ने शक्तिले मलाई ..... मा मद्दत पुऱ्याउँछ ।

स्पर्शले मलाई.....मा मद्दत पुऱ्याउँछ ।

स्वादले मलाई.....मा मद्दत पुऱ्याउँछ ।

जहाँ उपयुक्त हुन्छ, त्यहाँ प्रश्नहरूको शब्दहरूलाई परिवर्तन गरी अपाङ्ग बच्चाको आवश्यकतालाई उपयुक्त हुने बनाउनुहोस् ।

उदाहरणको लागि : म अभैं पनि म नै हुँ र म.....सक्छु ।

प्रत्येक बच्चालाई ती अपाङ्गहरूले राम्ररी सुंघ्न अथवा छुन सक्ने कुनै एउटा उपकरण विद्यार्थीहरूलाई बनाउन लगाई वर्णन गर्न, चित्र खिच्न र यसलाई नाटकको रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

केटाकेटीहरूलाई एउटा घेरामा राख्वेर भन्नुहोस्-त्यो कुनै मनचिन्ते इनारको डील हो । त्यसपछि प्रत्येक बच्चाले पालै पालो निम्नलिखित इच्छाहरू व्यक्त गरून् भनी प्रस्ताव राख्नुहोस । यसलाई पनि स-साना समूह अथवा जोडीजोडी मिलाएर गर्न सकिन्छ ।

म जनावर हुन सके म.....हुन्थें, किनभने.....

म चरा हुन सके.....हुन्थें, किनभने.....

म कीरा हुन सके ..... हुन्थें,.....किनभने.....

म एउटा फूल हुन सके.....हुन्थें,.....किनभने.....

म एउटा रूख हुन सके.....हुन्थें,.....किनभने.....

म एउटा कुर्चीको टुक्रा हुनसके ..... हुन्थें,.....किनभने.....

म एउटा बाजा हुन सके..... हुन्थें,.....किनभने.....

म एउटा घर हुन सके.....हुन्थें,.....किनभने.....

म एउटा गाडी हुन सके.....हुन्थें,.....किनभने.....

म सडक हुन सके.....हुन्थें,.....किनभने.....

म एउटा राज्य हुन सके.....हुन्थें,.....किनभने.....

म एउटा विदेशी राष्ट्र हुन सके.....हुन्थें,.....किनभने.....

म एउटा खेल हुन सके.....हुन्थें,.....किनभने.....

म एउटा अभिलेख हुन सके.....हुन्थें,.....किनभने.....

म एउटा टेलिभिजन प्रदर्शन हुन सके.....हुन्थें,.....किनभने.....

म एउटा चलचित्र हुन सके.....हुन्थें,.....किनभने.....

म खानेकुरा हुन सके.....हुन्थें,.....किनभने.....

म कुनै रंग हुन सके.....हुन्थें,.....किनभने.....

२. अरूसित मिलेर कसरी बाँच्न सक्छु ?

(क) मेरो पुतली संसार

प्रत्येक बालकले पुतलीहरूको एउटा परिवार बनाउँछन् । त्यसमा उनीहरू मध्ये एक जना समावेश हुन्छन । त्यो एकदमै सजिलो हुन्छ । उदाहरणको निम्ति भनौं : गत्ता कागजका काटेर बनाएका दुक्राहरू रंगीन पारेर र सिन्काहरूमा उनेर त्यसलाई बनाउनुहोस अथवा माटो अथवा हिलोबाट बनाउनुहोस । ती चित्रहरूलाई एकेक वटा नाम दिनुहोस । उनीहरू बीचको सम्बन्धलाई पनि प्रष्ट पारेर बताउनुहोस ।

प्रत्येक बालकले त्यसपछि विवाह जस्तो कुनै उत्सवको आयोजना गर्नेछन् । यसलाई कक्षामा उपस्थित अरूहरूलाई पनि देखाउन सकिन्छ । यो पुतलीको परिवारलाई ठूलो पारेर छिमेकमा बस्नेहरूलाई पनि त्यसैमा समावेश गर्नुहोस । नियमित रूपले गर्ने कुनै पनि कामलाई बच्चाहरूले नाटकको रूपमा प्रस्तुत गर्न सक्छन् । यसो गर्दा यी मानिसहरूलाई एकजुट गर्न सकिन्छ । संसारका जुनसुकै ठाउँका मानिसलाई पनि समावेश गर्नका लागि यस्ता गतिविधिहरूलाई फैलाइ दिनुपर्छ ।

(ख) काल्पनिक साथी ।

केटाकेटीहरूलाई आँखा बन्द गरेर चुप लागेर बस्न अथवा सुत्न लगाउनुहोस । उनीहरूलाई विस्तारै गहिरो गहिरो सास फेर्न लगाउनुहोस । दुई पटकसम्म त्यस प्रक्रयालाई दोहोऱ्याइ अब उनीहरूलाई कुनै मन परेको विशेष ठाउँको कल्पना गर्न लगाउनुहोस । त्यो ठाउँ संसारको जुनसुकै ठाउँ पनि हुनसक्छ । अथवा त्यो अन्तरिक्ष पनि हुनसक्छ । त्यसपछि उनीहरूलाई त्यस ठाउँमा काल्पनिक रूपले हिडिरहेका छौ भन्नुहोस । त्यहाँ भएका कुराहरूको अनुभव गर्दैछौ , सुन्दै छौ र देख्दै छौ भन्दै उनीहरूलाई बताउनुहोस । अब उनीहरूलाई एउटा काल्पनिक घरमा लैजानुहोस । त्यो घरलाई उनीहरू आफ्ना काल्पनिक आँखाले हेर्नेछन् । त्यहाँ एउटा विशेष कोठा फेला पार्न उनीहरू त्यता जानेछन् । त्यस कोठामा एउटा भित्ता पट्टी एउटा ढोका होस् । त्यो ढोका मास्तिर सरेर खोल्ने होस् । त्यो ढोका विस्तारै माथि तिर सर्नेछ र त्यस भित्र उनीहरूले पहिले कहिल्यै नभेटेको उनीहरूको एउटा विशेष साथी देखा पर्नेछ ।पहिले उसको खुट्टा देखिन्छ, अन्तमा उसको मुख देखिनेछ । त्यो साथी बुढो अथवा युवा, जस्तो पनि देखिन सक्नेछ । त्यो साथी संधै त्यही हुन्छ र ऊ आफूलाई मन लाग्ने बित्तिकै उनीहरू मध्य कसैसंग कुरा गर्न चाहन्छ । त्यतिबेला उनीहरू कसैको सहयोग लिन चाहनेछन् । उनीहरू फेरि गएर उसलाई भेटन सक्नेछन् । ढोका बन्द गर्नुहोस । घरलाई त्यत्तिकै छोडी दिनुहोस । अब फेरि कक्षामा फर्केर आउनुहोस । बच्चाहरूलाई उनीहरूले कल्पना गरेको कुरा एक अर्कासित आदान प्रदान गर्न दिनुहोस, यसो गर्दा उनीहरू एउटा घेरा बनाएर अथवा जोडी जोडी भएर वा समूहमा बसेर कुरा गरून ।

(ग) चिठीपत्र र साथीहरू

अर्कै विद्यालयमा अथवा अर्कै देशको कुनै कक्षाका विद्यार्थीहरूसित चिठी आदान प्रदान गर्ने व्यवस्था मिलाउनुहोस । यो आदान प्रदानलाई कविता वा उपहारहरू पठाएर शुरू गर्नहोस । दूरी नजीकै छ भने पछि गएर अर्को समुदायका बच्चाहरूसंग भेटघाटको अवसर मिलाउन एकदिनको भ्रमण पनि गराउन सकिन्छ । दुइवटा विद्यालयको अनुसन्धान गर्नुहोस् । यो कति ठूलो छ त्यहाँ कस्ता खेल खेलिन्छन् ? विद्यार्थीका आमाबाबुहरू के गर्छन् ? उनीहरू बीच भिन्नता र समानताहरू के के छन् ? तिनीहरूको लेखाजोखा गर्नुहोस ।

(घ) साथी ।

शिक्षकहरूले आफ्नो विद्यार्थीको लागि माथिल्लो कक्षाबाट एउटा आफू भन्दा ठूलो साथीको व्यवस्था गरिदिनु पर्दछ । त्यसपछि गतिविधिलाई यसरी व्यवस्थापन गर्नुपर्छ कि त्यहाँ भेला भएका केटाकेटीहरूले कुनै समस्या परेमा आफू भन्दा ठूलो विद्यार्थी साथीको सहयोग लिउन् । ठूलो साथीलाई साना सहयोगीहरू प्रति स्नेह प्रर्दशन गरेर र अन्य गतिविधिहरूमा सहयोग गरेर चास्त देखाउ भनी प्रोत्साहित गर्नु पर्छ ।

(ङ) फेरि कुराकानी गर्ने घेरा बनाउनुहोस् ।

तलका प्रश्नहरू सोध्नुहोस ।

साथीहरूको वीचमा मलाई सबभन्दा मन पर्ने कुरा.....हो ।

अरूलाई सहयोग गर्नु र सघाउनु सबभन्दा महत्वपूर्ण कुरा हो किनभने.....

संसारका प्रत्येक मानिसलाई मैले एउटा कुरा सिकाउन सक्ने भए..... हुने थियो ।

म प्रत्येक मानिसभन्दा फरक छु.....

म प्रत्येक मानिस जस्तै छु, किनभने.....

(च) "चन्द्र मानव" का वारेमा कुरा गर्नुहोस ।

कसरी चन्द्र मानवहरूले "चन्द्र सुरूवाल" "चन्द्र सारी" इत्यादि लगाउँछन् । चन्द्रमामा पाल्नु जनावरहरू कसरी पाल्दछन् आदि जस्ता विषयमा कुरा गर्नुहोस् । बच्चाहरूले यस्तै समानतालाई विस्तृतीकरण गर्ने छन् र यसो गर्दा अत्यन्त आनन्द अनुभव गर्ने छन् । यो प्रकृयालाई विभिन्न ढंगले बढी स्पष्ट र तात्कालिक बनाउन सकिन्छ । नाटकका रूपमा हस्तकला अथवा जस्तोसुकै उपयुक्त तरीका पनि प्रयोग गर्न सकिन्छ । यी गतिविधिहरूलाई "पृथ्वी मानव" "समुद्र मानव" "आकाश मानव" र "वन मानव" हरूको निम्ति दोहोऱ्याएर पृथ्वीमा ओराल्न सकिन्छ ।

(छ) धुलाई मेसिन

बच्चाहरूलाई एक अकतिर फर्केर समानान्तर पङ्क्तिमा नजीक नजीक बसाउन लगाउनुहोस ।

एउटा बच्चालाई एउटा छेउबाट दुइ लाइनको वीचबाट "लुगा धुने मेसिन" द्वारा छिरेर जान लगाउनुहोस । यदि सांस्कृतिक रूपले उपयुक्त हुन्छ भने प्रत्येकले

उसको प्रशंसा गर्न, प्रेम र उत्साह दिंदै धाप मार्न अथवा हल्लाउन सक्छन् । परिणाम स्वरूप त्यस घुलाई मसिनको अन्तमा एउटा चम्किलो, उज्यालो र खुशी व्यक्तित्व उत्पन्न हुनेछ । ऊ पनि पंक्तिहरूमा सामेल हुन्छ र पहिलो छेउबाट त्यही अघिकै प्रकृयालाई दोहोऱ्याउन थाल्छ । एउटा दूलो शुद्धीकरणमा प्रत्येकको "घुलाई" गर्नु मन्दा दैनिक एक दुइ जना मानिसलाई यसरी पंक्तिहरूको बीचबाट दौडाउनु, बढी मनोरंजक हुन्छ । कक्षा कोठाको वातावरणको महत्व र सहभागिता र सहयोगको आवश्यकतालाई जति जोड दिए पनि थोरै हुन्छ । केटाकेटीहरूको विचार र सल्लाहहरू पनि असल कक्षा कोठाको वातावरण श्रृजना गर्नमा सहयोगी हुन्छन् । यिनीहरूको सहयोग प्रति खुला बनी आवश्यक परिवर्तन गर्नुहोस् ।

विश्वास :

कुनै पनि उमेर समूहको निम्ति निम्नलिखित गतिविधिहरूको प्रयोग गर्न सकिन्छ । उनीहरूले प्रायजसो विद्यार्थीहरूलाई असामान्य निर्भरताको स्थितिमा राख्ने छन् । संभावित खतराको स्थितिबाट बच्नको निम्ति विश्वास गर्न, पारस्परिक सहयोग गर्न र काम गर्न तयार एउटा समूहको आवश्यकता पर्दछ ।

विश्वास, शिक्षक- विद्यार्थी संवन्धबाट शुरू हुन्छ । विद्यार्थीहरूलाई सजिलो गरी छनौट गर्न सकुन भन्न निम्नलिखित कुराको आवश्यकता पर्दछ ।

विद्यार्थीहरूलाई शिक्षक उनीहरू जस्तै एउटा मान्छे हो भन्ने जानकारी दिने ।

प्रत्येक गतिविधिलाई पूर्णरूपले व्याख्या गर्ने ।

अपरिचित शब्द र विचारको अवधारणाहरूको व्याख्या गर्ने ।

खास गतिविधिको विषयमा मात्र होइन, विद्यार्थीको जीवनसंग सरोकार राख्ने सान्दर्भिक विषयहरूको बारेमा पनि सूचना प्रदान गर्ने ।

शिक्षकले उपयुक्त अवस्थामा अखवार, रेडियो, टि.भी. अथवा स्थानीय कुराकानीबाट प्राप्त समाचार बारे छलफल गर्न उसको कक्षामा दिनको केही मिनेट बिताउनु पर्छ । यसले कम बोझिलो र औपचारिक रूपले मानव अधिकार समस्याहरूलाई हेर्न अनेक अवसर प्रदान गर्दछ र यो आफैमा एउटा शिक्षा हुन सक्दछ ।

(क) अन्धविश्वास

कक्षाहरूलाई जोडी जोडीमा विभाजित गर्नुहोस् । एउटा विद्यार्थीद्वारा अर्कोलाई हेर्न आँखामा पट्टी बाध्न लगाउनुहोस् । आँखा देख्ने विद्यार्थीलाई चाहिं केही मिनेट आँखा नदेख्नेलाई डोऱ्याएर हिड्न लगाउनुहोस् । डोरिएर हिड्ने बच्चाले डोरिएर हिड्ने अधिकारको दूरूपयोग गरिरहेको नहोस् भनी ध्यान दिनुपर्छ । यसमा निहित विचार, विश्वासलाई बढाउनुहोस् । त्यसलाई नष्ट गर्नु हुँदैन । जोडीको नेताले

संभव भए जति विविध अनुभवहरू, जस्तो अन्धो साथीलाई आफ्ना खुट्टा र औंलाले वस्तुहरू स्पर्श गर्न लगाउने, आवरणद्वारा निर्देशित गरेर बाटो देखाउने अथवा खेल खेल्न प्रेरित गर्ने कोशिस गर्नुपर्छ ।

केही मिनेट पछि सहभागीहरूलाई आफ्नो भूमिका बदल्न लगाउनुहोस र अन्धो साथीलाई अब आँखा देख्ने भूमिकामा लगाउनुहोस् ।

गतिविधि समाप्त भएपछि विद्यार्थीहरूलाई के भयो भन्ने विषयमा कुराकानी गर्न दिनुहोस् । अन्धो भएर मात्र होइन, नेता भएर काम गर्दा पनि उनीहरूले कस्तो उत्तरदायित्व महसूस गरे भन्ने विषयमा छलफल गर्नुहोस् । यसले देख्ने अथवा सुन्ने शक्ति नभएका अपाङ्ग मानिसहरूको जीवन कस्तो हुन्छ भन्ने विषयमा बढी सजगता पैदा गर्ने मात्र होइन बरू समग्र समुदायमा विश्वासको महत्ववारे छलफल गराउँछ । यसले त्यसको प्रतिकृयाको रूपमा विश्व समाजले कसरी काम गर्छ र कसरी काम सक्दैन भन्ने वारेमा पनि छलफल गराउँछ ।

कक्षा कोठाका केही नियमहरू बनाउने वारे :

यो दोश्रो गतिविधि प्रत्यक्ष रूपले कक्षा कोठाको वातावरण सित संवन्धित भएकोले यो धेरै नै महत्वपूर्ण हुन सक्छ । कसरी कक्षा कोठा संचालन गर्ने भन्ने विषयमा विद्यार्थीहरूलाई संलग्न गर्ने शिक्षकको इच्छा र यसका सदस्यहरूमा स्वयं उसको विश्वासको एउटा स्पष्ट प्रदर्शन हो । यसले कुन नियमहरू उपयुक्त हुन् कुन नियमहरू कक्षा कोठाको निम्ति संभव छन्, यिनीहरूलाई कसरी पालन गर्न सकिन्छ र यसलाई पालन गराउने शिक्षकको पनि के भूमिका हुन्छ भन्ने कुरा विद्यार्थीहरूलाई बुझ्न मद्दत गर्दछ ।

व्यवहारिक रूपमा यो विभिन्न ढंगले गर्न सकिन्छ । दिमागी आक्रमणको रूपमा पछि गरिने छलफलहरूमा परिणामहरूको लेखाजोखा गरेर, साना समूहहरूमा शुरूमा छलफल गराएर र त्यसपछि उनीहरूका निष्कर्षहरूलाई संपूर्ण कक्षाको पूर्ण अधिवेशनमा प्रस्तुत गरेर अथवा व्यक्तिगत जिम्मेवारी दिएर काम गर्न सकिन्छ । त्यसलाई पछि शिक्षकले कक्षामा विचार-विमर्शको निम्ति छोडिदिनु पर्छ ।

जस्तो सुकै तरीका प्रयोग गरे पनि गतिविधिलाई अधिकार र कर्तव्यको दृष्टिले संचालन गर्नुहोस् । विद्यार्थीहरू के कुरालाई आधारभूत सम्झन्छन् त्यसलाई पत्ता लगाई व्यवहारिक रूपमा प्रत्येक अधिकारलाई महसूस गर्न के हुनु पर्छ भन्ने विषयमा केही वर्णन गर्न लगाउनुहोस् । उदाहरणको लागि भनौः प्रत्येकले कक्षा कोठामा आफूलाई सुरक्षित महसूस गर्नु पर्छ । त्यसकारण कसैले कसैलाई चोरीको आरोप लगाउनु हुदैन र कसैको मन दुखाउने व्यवहार गर्नु हुदैन । विद्यार्थीहरू के चाहन्छन् भन्ने विषयमा सोधेर राम्रो शुरूवात गर्न सकिन्छ । (तर सूची निकै लामो हुन सक्छ) यो सूचीबाट सवभन्दा धेरै आवश्यक परेको विषय कुन हो त्यो छान्न लगाउनुहोस् । उनीहरूले संक्षेप र स्पष्ट रूपमा कुरो सिध्याउनु पर्छ । अन्तमा समाजका सदस्यको रूपमा कुन कुरा चाहिं आशा गर्ने उनीहरूको "अधिकार" छ भन्ने कुरा "आवश्यकता" छनौटबाट छान्न लगाउनोस् । उनीहरूले जे चुनेका छन्

त्यसलाई किन चुन्यौ भनेर सोध्नुहोस् । यस्ता प्रकारको छलफलले सही र गलतको पक्षमा विद्यार्थीको भावनालाई स्पष्ट पार्ने छ ।

आधारभूत नियमको सूची तयार भएपछि कक्षा कोठाको सन्दर्भको निम्ति यसलाई प्रर्दशन गर्न लगाउनुहोस् ।

दुइवटा कुराहरूले समस्या प्रस्तुत गर्न सकिन्छ । विद्यार्थी र शिक्षकहरूले नै नियम तोड्न सक्छन्- यो पहिलो कुरा हो । अथवा कक्षा कोठाका नियमहरू अरू शिक्षक र विद्यालयको प्रशासनिक नियम सित नमिल्न सक्छ यो दोश्रो कुरा हो । पहिलो स्थितिमा बढी छलफलको आवश्यकता पर्दछ । यसमा किन काम विग्री रहेको छ भन्ने विषयमा सावधानीपूर्वक विचार विमर्शको आवश्यकता पर्दछ । साधारण नियन्त्रणबाट भन्दा आम सहमतिबाट प्राप्त गरिने सुव्यवस्था सधै कठिन हुन्छ । यस्तो सर्वसम्मतिमा पुग्ने प्रकृयालाई संभौता र छलफलको आवश्यकता हुन्छ । यस्तो प्रकृया एउटा शैक्षिक तत्व हो । दोश्रो अवस्थामा विद्यार्थीहरूले कक्षा भित्र र बाहिर हुने भिन्नता स्वीकार गर्नु पर्न सक्छ । वैकल्पिक रूपमा संपूर्ण विद्यालयलाई यी नियम मध्य केही अथवा सबै अवलम्बन गर्न लगाउने प्रयास गर्न सकिन्छ ।

तिम्रो आफ्नै मानव अधिकार र आफ्नै उत्तरदायित्वहरू तयार गरः

कक्षा कोठाको केही नियमहरू मिलाइसकेपछि सार्वभौम रूपमा त्यस्तै कुराहरूको वारेमा विचार गर्नु स्वभाविक हुन्छ ।

(क) विश्व समुदायको निम्ति योजना बनाउँदै ।

पहिलो अध्यायमा भने जस्तै गरी कक्षालाई कल्पना गर्न लगाउनुहोस् । यसले संपूर्ण विश्व समुदायको निम्ति नियमहरू बनाउने काम गर्नु छ । योजनाविदहरूको रूपमा त्यो समुदायमा प्रवेश गरेपछि उनीहरू को को हुने छन् भन्ने वारेमा उनीहरूलाई थाहा हुने छैन । उनीहरू स्त्री, पुरूष, धनी, अथवा गरीव, युवा अथवा वृद्ध, कुनै न कुनै रूपमा अपाङ्ग अथवा कुनै खास जाती, जातीय समुदाय, सांस्कृतिक समुदाय अथवा धर्मको अनुयायी जो पनि हुन सक्छन् । फेरि यसलाई पनि संपूर्ण कक्षा अथवा साना समुदायहरू वा व्यक्तिहरूको रूपमा गर्न सकिन्छ । उनीहरूले पछि गएर प्रतिवेदन पेश गर्दछन् । चाहनादेखि आवश्यक्तासम्म र अधिकार र उत्तरदायित्वहरू सम्मको त्यही क्रमले ती निम्नलिखित मानवीय मापदण्डहरूलाई परिभाषित गर्न सहयोग गर्ने छन्, जसको खोजी गरिदैछ ।

(ख) मानव अधिकारहरूको विश्वव्यापी घोषणा ।

पहिले गरिएका गतिविधिका परिणामहरूलाई संयुक्त राष्ट्र संघद्वारा १९४८ मा घोषित मानव अधिकारहरूको विश्वव्यापी घोषणाका पाठ सित तुलना गर्न सकिन्छ । एउटा संभाव्य दृष्टिकोणको उदाहरण तल दिइएको छ । जसमा मूल पाठ र सजिलो भाषामा लिएको संस्करण देखाइएको छ । यसो गर्दा विद्यार्थीहरूले त्यस्तै प्रकारको

व्यापक र ठोस सूची तयार गर्न एक पुस्ता अगाडि प्रयास गर्ने मानिसहरूले के लेख्वेका रहेछन् भनेर बुझ्ने छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणा (१९४८)

धारा-१. बच्चाहरू जन्मदै स्वतन्त्र हुन्छन् र उनीहरू प्रति समान व्यवहार गरिनु पर्छ । उनीहरूको बुद्धि र विवेक हुन्छ । उनीहरूमा एक अर्काप्रति मैत्रीपूर्ण व्यवहार हुन पर्छ ।

धारा-२. फरक लिङ्ग, फरक भाषा, फरक चिन्तन, फरक धर्म, जे सुकै भए पनि धनी, गरीव जो भए पनि, अर्को सामाजिक समुदायमा जन्म लिएको भए पनि र विदेशबाट आएको भए पनि प्रत्येकले निम्नलिखित अधिकारमाथि दावी गर्न सक्छन् । तपाई बसेको देश स्वतन्त्र छ या छैन भन्ने कुराले यसमा कुनै असर पार्ने छैन ।

धारा-३. तपाईसंग स्वतन्त्रतापूर्वक र सुरक्षाका साथ बस्ने अधिकार छ ।

धारा-४. कसैले पनि तपाईलाई दास सरहको व्यवहार गर्ने अधिकार पाउने छैन । तपाईले पनि कसैलाई आफ्नो दास बनाउन पाउनु हुन्न ।

धारा-५. तपाईलाई जहाँसुकै भए पनि अरू संपूर्ण मानिसहरू सरह कानूनी संरक्षण दिइनु पर्छ ।

धारा-६. कानून सबैको लागि एउटै हो । यो सबै माथि समान रूपले लागू हुन्छ ।

धारा-७. तपाईको देशले तपाईलाई दिएका अधिकारहरूको कानूनी ढंगले रक्षा भैरहेको छैन भने तपाई कानूनी सहयोग लिन सक्नु हुन्छ ।

धारा-८. अन्यायपूर्वक र बिना उचित कारण कसैले पनि तपाईलाई जेलमा राख्न अथवा तपाईलाई अन्यायपूर्वक देश निष्काशनको सजाय दिन पाउने छैन ।

धारा-९. तपाईलाई मुद्दा चलाउन आवश्यक भएमा यो सार्वजनिक रूपमा गरिनु पर्दछ । तपाई माथि मुद्दा चलाउनेहरूले आफूलाई अरू कसैको प्रभावमा पर्न दिनु हुदैन ।

धारा-१०. तपाईलाई दोषी सावित नगरून्जेलसम्म तपाई निर्दोष हुनुहुनेछ । यदि तपाईलाई कुनै अपराधको आरोप लाग्यो भने तपाईले आफूलाई बचाउ गर्ने अधिकार पाउनु हुन्छ । तपाईले नगरेको कुनै कुराको निम्ति कसैले पनि तपाईलाई सजाय गर्न पाउने छैन ।

धारा-११. कसैले तपाईलाई गाली बेइज्जति गर्छ भने तपाईको घर भित्र जवरजस्ती पस्ने प्रयास गर्छ भने, तपाईको चिठ्ठी खोल्छ भने अथवा जायज कारण

विना तपाई वा तपाईको परिवारलाई दुःख दिन्छ भने तपाईले आफ्नो संरक्षण गरियोस भनेर माग गर्ने अधिकार पाउनु हुन्छ।

धारा-१२. तपाईलाई आफ्नो देश भित्र इच्छा बमोजिम कहीं पनि जाने र आउने अधिकार हुन्छ। तपाईसंग आफ्नो देश छोडेर अर्को देशमा जाने र मन लाग्नासाथ फेरि फर्केर आफ्नै देशमा आउन पाउने अधिकार पनि छ।

धारा-१३. देशमा तपाई माथि असुरक्षा आई पर्छ भने तपाईसंग अर्को देशमा गएर आफ्नो बचाउको मांग गर्ने अधिकार हुन्छ। तर तपाईले कसैलाई मार्नु भएको छ र यहीं लेख्येको कुरालाई तपाई आफै सम्मान गर्नु हुन्न भने तपाईले यो अधिकार पाउनु हुने छैन्।

धारा-१४. तपाईलाई देशमा रहने र त्यसको नागरिक हुने अधिकार छ। तपाई अर्को देशमा रहन र त्यसको नागरिक बन्न चाहनु हुन्छ भने पनि जायज कारण विना तपाईलाई रोक्ने अधिकार कसैलाई पनि हुदैन।

धारा-१५. कानूनी अधिकार प्राप्त गर्ने वित्तिकै जोसुकैले पनि विवाह गर्ने र परिवार बसाउने अधिकार पाउँछ। यसो गर्दा तपाईको छालाको रौं, तपाई आउनु भएको देश र तपाईको धर्मले बाधा दिनु हुदैन। विवाहित अवस्थामा होस् या पारपाचुके गरेको स्थितिमा होस्, पुरूष र स्त्री दुवैले बराबरी अधिकार पाउने छन्।

कसैले पनि करकापको विवाह गराउन पाउने छैन।

तपाईको देशको सरकारले तपाईको परिवार र यसका सदस्यहरूको रक्षा गर्नु पर्छ।

धारा-१६. तपाई आफ्ना मालसमानको मालिक हुनु हुन्छ। कसैले पनि जायज कारण विना ती वस्तुहरू लैजान पाउने छैन।

धारा-१७. तपाईले आफ्नो धर्म खुला रूपले घोषणा गर्ने, त्यसलाई परिवर्तन गर्ने र आफू अथवा अरू मानिसहरू माथि यो धर्म अनुरूपको आचरण गर्न पाउनु हुनेछ।

धारा-१८. तपाईलाई मन लागेको कुरा सोच्ने, मन लागेको कुरा भन्ने अधिकार छ र यसो गर्नबाट तपाईलाई कसैले पनि रोक्न सक्ने छैन।

धारा-१९. तपाईले आफ्ना विचारहरू अरू देशका मानिसहरूसित आदान प्रदान पनि गर्न पाउनु हुन्छ।

धारा-२०. तपाईलाई सरकारमा बसेर अथवा तपाई जस्तै विचार भएका राजनीतिज्ञहरू छनेर तपाईको देशको राजनैतिक मामिलामा भाग लिने अधिकार छ। सरकारलाई नियमित रूपले निर्वाचित गर्नु पर्छ र मतदान गोप्य हुनुपर्छ। तपाईले

एउटा मोट पाउनु पर्छ र प्रत्येक मतको मूल्य समान हुनपर्छ । तपाईलाई पनि अरू कुनै पनि व्यक्तिहरूले जस्तै सरकारी सेवामा सामेल हुने अधिकार छ ।

धारा-२१. तपाई बस्नु भएको समाजले तपाईको विकासमा सहयोग पुऱ्याउनु पर्छ तथा संस्कृति, सेवा र सामाजिक कल्याण जस्ता कार्यहरूबाट समाजलाई, देशका संपूर्ण नागरिकहरूलाई अधिकतम फाइदा पुऱ्याउन तपाईलाई सहयोग गर्नु पर्छ ।

धारा-२२. स्वतन्त्रतापूर्वक काम गर्ने, काम छान्ने, स्वाने र आफ्नो परिवारलाई भरथेग गर्न पुग्ने तलब पाउने अधिकार तपाईसंग छ । समान काम गर्ने स्त्री, पुरूष दुवैले समान तलब पाउनु पर्छ । काम गर्ने सबै मानिसहरूलाई आफ्नो हितका संरक्षण गर्न संगठित हुन पाउने अधिकार छ ।

धारा-२३. कार्य-दिवस लामो हुनु हुदैन । प्रत्येकलाई विश्राम गर्ने अधिकार हुन्छ । सबैले नियमित रूपमा तलवी विदा पाउनु पर्छ ।

धारा-२४. तपाई र तपाईको परिवारले आवश्यक्ता अनुरूपका वस्तुहरू प्राप्त गर्ने अधिकार पाएको छ । जसले गर्दा तपाई र तपाईको परिवार विरामी नपरून, भोका नहुन्, लुगा, कपडा र घर पाउन र तपाई वेराजगार भएको बेला, विरामी भएको बेला, बुढो भएको बेला, तपाईको श्रीमान अथवा श्रीमती मरेको बेला अथवा तपाईको क्षमता बाहिरको कुनै कारणले तपाईको जीविका कमाउने शक्ति नभएको बेला तपाईलाई सहयोग पुगोस् ।

गर्भवती आमा र उनको वच्चाले विशेष सहयोग पाउनु पर्छ । आमा विवाहित भए पनि अविवाहित भए पनि प्रत्येक वच्चाले समान अधिकार पाउनु पर्छ ।

धारा-२५. तपाईसंग विद्यालय जाने अधिकार छ । प्रत्येकले स्कूल जानु पर्छ । प्राथमिक शिक्षा निशुल्क हुनु पर्छ । तपाईले आफ्नो पेशा सिक्न अथवा आफूलाई इच्छा लागे जतिसम्म आफ्नो अध्ययनलाई जारी राख्न पाउनु पर्छ । विद्यालयमा तपाईले आफ्ना सबै प्रतिभाहरू विकास गर्न पाउनु पर्छ र जुनसुकै जाति, धर्म भए पनि जुन सुकै देशवाट आएका भए पनि अरू मानिसहरू सित मिलेर वस्न तपाईलाई सिकाउनु पर्छ । तपाईलाई विद्यालयमा कसरी र के सिकाउने भन्ने कुरा छान्ने अधिकार तपाईका बावु-आमालाई छ ।

धारा-२६. तपाई आफ्नो समुदायको कला र विज्ञानको उन्नतिको लागि काम गर्न अधिकार संपन्न हुनु हुन्छ । एक जना कलाकार लेखक अथवा वैज्ञानिकको रूपमा तपाईले गर्नुभएको कामहरूको संरक्षण गरिनु पर्छ र तपाईले तिनीहरूबाट फाइदा लिन पाउनु पर्छ ।

धारा-२७. आफ्ना अधिकारहरूको सम्मान होस् भन्नको लागि एउटा यस्तो "व्यवस्था" हुनै पर्छ जसले तिनीहरूको रक्षा गर्न सक्छ । यो व्यवस्था स्थानीय र विश्वव्यापी हुनुपर्छ ।

धारा-२८. तपाईंको व्यक्तित्वको पूर्ण विकास गराउने समुदाय प्रति तपाईंका पनि कर्तव्यहरू हुन्छन् । कानूनले मानव अधिकारको प्रत्याभूति दिनु पर्छ । यसले अरूलाई सम्मान गर्न र आफू सम्मानित हुन प्रत्येकलाई अधिकार दिनु पर्छ ।

धारा-२९. विश्वका कुनै पनि समाज र कुनै पनि व्यक्तिले यस्तो काम गर्नु हुँदैन, जसले माथिका २९ धारामा उल्लेख गरिएका अधिकारहरूलाई नष्ट गरोस् ।

अर्थशास्त्र, सामाजिक र सांस्कृतिक अधिकार तथा नागरिक र राजनीतिक अधिकारहरू वारे अन्तराष्ट्रिय संहिताहरूको, धाराको प्रयोग गर्दै यस्तै प्रकारको अभ्यास गर्न सकिन्छ । उदाहरणको लागि भनौं-उनीहरूले हामी आफ्ना विद्यार्थीहरूलाई प्रत्येक धाराको व्याख्या गर्दैछौं भन्ने कुराको कल्पना गरेर यो काम गर्न सक्छन् ।

(ग)केटाकेटीहरूका अधिकारहरू ।

यति कुरा पढेपछि विद्यार्थीहरूले, जनताको रूपमा मात्र होइन, युवा र केटाकेटीहरूको रूपमा, उनीहरूको निम्ति खास रूपमा लागू हुने अधिकार र उत्तरदायित्वहरू छन् कि छैनन् भन्ने कुरा खोज्न सक्छन् । बालकले कुनै काम गर्दा अथवा नगर्दा के खरावी हुन सक्छ ? यस वारेमा संयुक्त राष्ट्र संघको वाल अधिकार घोषणा १९५९ ले केही आधारभूत मापदण्डहरू परिभाषित गरेको छ ।

बाल अधिकार घोषणा-१९५९

सरल भाषा संस्करणमा :

नियम-१. जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनीतिक अथवा अरू विचार अथवा जन्मस्थान र पितृत्व जे भए पनि सबै बालबालिकाहरूले निम्नलिखित अधिकार पाउँछन् ।

नियम-२. स्वतन्त्र र मर्यादित ढंगले बढ्न र स्वास्थ्य र सामान्य शारीरिक र नैतिक रूपले विकास गर्न तिमीहरूलाई विशेष अधिकार छ ।

नियम-३. कुनै नामद्वारा परिचित हुन र एउटा देशको सदस्य हुने तिमीलाई अधिकार छ ।

नियम-४. तिमीलाई विशेष हेरचार र संरक्षण पाउने, असल खानेकुरा पाउने, घर र औषधि उपचार पाउने अधिकार छ ।

नियम-५. यदि कुनै रूपमा अपाङ्ग छौ भने तिमीलाई विशेष हेरचाह पाउने अधिकार छ ।

नियम-६. तिमीलाई बाबु आमाबाट र त्यो नभए सरकारबाट प्रेम र समझदारी प्राप्त गर्ने अधिकार छ।

नियम-७. तिमीलाई निःशुल्क रूपमा स्कूल जाने, लेख्ने र आफूलाई विकास गर्न समान अवसर पाउने, जिम्मेवार र समाजको लागि उपयोगी बन्न सिक्ने अधिकार छ।

तिम्रो शिक्षा र निर्देशनको लागि तिम्रा बाबु आमाले उत्तरदायित्व लिनु पर्छ।

नियम-८. सहयोग पाउन प्रथम हुने तिमीलाई सधैंको अधिकार छ।

नियम-९. तिमीलाई निर्दयतापूर्ण कार्य र शोषणको विरूद्ध संरक्षण प्राप्त गर्ने अधिकार छ। उदाहरणको निम्ति भनौं : तिम्रो स्वास्थ्यलाई, नैतिकतालाई र शारीरिक विकासलाई बाधा पुऱ्याउने काम काहिल्यै गर्नु हुदैन।

नियम-१०. तिमीले सबै जनताको बीचमा शान्ति, समझदारी, मित्रताको, सहनशीलताको शिक्षा दिनु पर्छ।

केही देशहरूमा केटा केटीको अधिकारको विषयमा टेलिभिजनमा विज्ञापन पनि दिइन्छ। विद्यार्थीहरूले यस्ता केही विज्ञापन आफ्नो लागि पनि बनाउन सक्छन्। साना साना समूहहरूले सम्पूर्ण कक्षाको लागि तिनीहरूलाई नाटकका रूपमा रूपान्तरित गर्न सक्नेछन्।

यूनिसेफका क्षेत्रीय कार्यालयहरूले पोष्टर र अरू शैक्षिक सामाग्रीहरू निकाल्न सक्छन्। ती पनि उपयोगी सामग्रीहरू हुने छन्। यूनिसेफको केन्द्रीय ठेगाना तल दिइएको छ।

Development Education Unit
United Nations Children's Fund (UNICEF)
Palais des Nations
CH - 1211, Geneva - 10
Switzerland

or

866 United Nations Plaza
6th Floor, New York
NY 10017. U. S. A.

माथि भनिएका कुनै पनि छलफलहरूमा कक्षा अथवा (तपाईले कक्षालाई विभाजित गरेर बनाउनु भएका साना साना समूहलाई) घेरामा मिलाएर राख्न प्रयास गर्नुहोस् । प्रत्येक समूहलाई धागोको एउटा रील दिनुहोस् । विद्यार्थीहरू एक पल्टमा एक एक जना गरेर बोल्ने छन् । यसो गर्दा उनीहरूले धागो हात सारी गर्दै जाने छन् र त्यस प्रक्रियामा धागो फुक्दै जाने छ । प्रत्येक व्यक्तिले आफू भएको ठाउँबाट पार भएको धागोलाई समात्ने छ । प्रत्येक पटक यस्तो हुने छ ।

अन्त्यमा त्यो समूह धागोको जालोद्वारा एक अर्कासित संपर्कित हुनेछ । यससितै हुन गएको संचारको ढाँचालाई यसले स्पष्ट पार्ने छ ।

दृढनिश्चयीहरूले अरूले मन्दा धेरै ठाउँहरूमा धागो पक्रने छन् ।

अध्याय - तीन

केही आधारभूत मानव अधिकार सम्वन्धी समस्याहरू

(उच्च प्राथमिक, निम्न र उच्च माध्यमिक तहको लागि)

मानव अधिकार संस्कृतिले संपूर्ण मानव आचरणलाई सकारात्मक ढंगले संचालन गर्ने सिद्धान्तहरूलाई साकार पार्ने क्षेत्रमा देखा परेका मुख्य समस्याहरू निम्नलिखित छन् ।

प्रत्येक समस्याभित्र सीमित गतिविधिहरूलाई मात्र वर्णन गर्ने गरिन्छ तर यिनीहरू शुरूवात मात्र हुन, यिनीहरू मध्ये केही समस्याहरू विवादास्पद सावित हुन सक्छन् भन्ने कुरा दिमागमा राख्न जरूरी हुन्छ । त्यसैकारणले गर्दा यहाँ शिक्षकलाई आफ्नो विवेक प्रयोग गर्ने सल्लाह दिइन्छ । यदि एउटा शिक्षक शान्ति र निःशस्त्रीकरण, विश्व-विकास, अन्तरआत्माका बन्दीहरू अल्पसंख्यक जनताहरू, जातिभेद विरोध अथवा लिङ्ग भेदभावको विरोध जस्ता १,२ समस्याहरू माथि केन्द्रीत हुन चाहनु हुन्छ भने तिनलाई समग्र मानव अधिकारको सन्दर्भमा छलफल गर्नु फलदायी हुन्छ । त्यसपछि विद्यार्थीहरू यो देख्न समर्थ हुनेछन् कि उनीहरूले छलफल गरेको कुरा एउटा आम दृष्टिकोणको अंश मात्र हो जसले अरू घेरै अधिकारहरूलाई समेट्छ । आम समझदारीले व्यापकता प्रदान गर्दछ भने ठोस समझदारीले गहिराई प्रदान गर्दछ । मानव अधिकारका विभिन्न पक्षहरूमा बिशिष्टता हासिल गर्ने शिक्षकहरू आफ्नो बुझाइलाई गहिराइ तिर लैजाने क्रममा लगातार काम गरिरहन सक्छन् ।

समाजमा जीवन र व्यक्तिको रक्षा

व्यक्तिहरूको पूरक तत्वको रूपमा मानवताको अर्थ स्पष्ट पार्नको निम्ति शिक्षकहरूले विद्यार्थीहरूसंग मिलेर मानव हुनु भनेको के हो भन्ने कुराको अवधारणाको खोजी गर्नु हुन्छ । यो विश्वास र सम्मान बारे पहिले गरिएको कामको बढी जटील रूप हो । व्यक्तिहरू सामाजिक प्राणी हुन् । हाम्रो एउटा व्यक्तित्व हुन्छ तर अरू सबै कुरा हामी अरूसित मिलेर बाँच्दै सिक्दछौं । त्यसकारण व्यक्तिहरूको विषयको काम समाजको विषयको काम पनि हो ।

(क) मानव के हो ?

घोप्टो पारेको कुनै फोहोर मैला फाल्ने ढवाङ्ग जस्तो कुनै एउटा उपयुक्त बस्तुलाई कक्षाको अगाडि राखी त्यसलाई ब्रम्हाण्डको कुनै अर्को भागबाट आएको आगन्तुक हो भनेर भन्नुहोस् । यो आगन्तुक मानव भन्ने प्राणीको विषयमा बुझ्न

जिज्ञासु छ भन्ने कुरा विद्यार्थीलाई बताउदै आगन्तुकलाई हामी मानव जाति हौं भन्ने कुरा चिनाउन सहयोग गर्ने कुराहरू के के छन् , ती कुराहरूको बारेमा विद्यार्थीसंग सोधनुहोस ।

(ख) बोतलमा सन्देश

अन्तरिक्षमा पठाइने एउटा क्याप्सुलमा उनीहरूले मानवताको वारेमा के कुरा राख्नु पर्छ भनेर विद्यार्थीसंग सोध्नुहोस् । कल्पना गर , दश वर्षपछिको भविष्यमा विद्यार्थीहरू बाँचिरहेका छन् र बाहिरी अन्तरिक्षबाट संकेतहरू प्राप्त भैरहेका छन् । संयुक्त राष्ट् संघले विषेश जहाजमा सूचना पठाउँदैछ । यस्तो स्थितिमा विद्यार्थीहरू कस्तो सन्देश पठाउन चाहन्छन् ? । संगीत , मानिसहरूका नमूना, लुगाफाटो, साहित्य आदि उनीहरू के पठाउन चाहन्छन्? एउटा कक्षाको रूपमा त्यस्का संभावनाहरू खोज्ने , विचार मंथन गर्ने समूह-समूह बनाएर योजना बनाइने अथवा व्यक्तिगत योजना बनाउने बारेमा आपसी सरसल्लाह गरेर आफ्ना गतिविधिहरूलाई निश्चित गर्नुहोस् ।

यहाँ विवादस्पद रहेका प्रश्नहरू मध्ये म के हुँ र हामी को हौं भन्ने चाहि गंभीर छन् । माथि भनिएका गतिविधिले विद्यार्थीलाई मानव जाति हुनुको अर्थ स्थापित गर्ने मौका प्रदान गर्नु पर्छ । धेरै र विविध रूपमा मानवीय मूल्य प्रतिको कर्तव्य भएका मानव प्रतिनिधिको रूपमा आफूलाई हेर्ने हो भने यो निर्णायक कुरा हो । मानव भनेको के हो भन्ने कुराले हामीलाई अमानवीय के हुन सक्छ भन्ने कुरा बुझ्न मद्दत गर्न सक्छ । आम रूपमा सही के हो भन्ने कुरा परिभाषित गर्नाले गलत के हुन सक्छ भन्ने कुरा वुझ्न मद्दत गर्न सक्छ । यसैले आगामी केही अभ्यासहरू अधिकारको विषयमा केन्द्रीत गरिन्छन् ।

(ग) शुरूवात र अन्त्य

समाजभित्र रहेका प्राणी मध्ये मानिसहरू सबभन्दा जटील हुन्छन् । यसै आधारमा शिक्षकले आफ्नै विवेकमा बाँच्नको निम्ति अधिकार महत्वपूर्ण कुरा हो भनी विद्यार्थीलाई सिकाउनु पर्छ । यसो भन्दा जीवनको शुरूवात देखि अन्त्यसम्म उनीहरूले सोच्न सकुन् भन्ने कुरा प्रति विचार पुऱ्याउन सक्नु पर्छ ।

जीवन कहाँबाट शुरू हुन्छ ? के यसलाई खोस्न सकिन्छ ?

(घ) मरिया वेपत्ता भएकी छ ।

निम्नलिखित भूमिका खेल्नमा शिक्षकको विवेक प्रयोग गर्न सल्लाह दिइन्छ । कक्षाको वातावरण तल लेखिए जस्तो बनाउनु होस् ।

- तिम्रो नाम मरिया हो । तिमी एक पत्रकार हौं । तिमीले तिम्रो पत्रिकामा एउटा समाचार लेख्यौं । त्यसले उच्च पदमा रहेको कसैलाई रीस उठायो । अर्को दिन नचिनेको मानिस तिम्रो घर भित्र पस्यो । उसले तिमीलाई लिएर गयो । तिमीलाई

पिटियो र एक्सै एउटा कोठामा थुनियो । तिमी कहाँ छौ भन्ने कुरा कसैलाई थाहा छैन । तिमीलाई कसैले केही गर्ने बचन पनि दिएको छैन । तिमी महिनौं देखि त्यहाँ छौ ।

मरियालाई विविध प्रकारका आधारभूत अधिकारबाट बंचित गरिएको छ । यो कुरा प्रष्ट पार्दै र विश्वव्यापी घोषणा प्रयोग गर्दै विद्यार्थीहरूलाई सोध्नुहोस् । मरियाको पक्षमा कारवाही गर्न-धारा तीन, पाँच, सम्भवत आठ र स्थानीय कानूनमा आश्रित हुँदै ९,११ र १२ मध्ये कुन चाहिं खास धारा प्रयोग गर्न सकिन्छ !

प्रत्येक विद्यार्थीलाई सम्बन्धित न्याय मन्त्री अथवा मरियालाई नै एउटा चिठ्ठी मस्यौदा गर्न अह्राउनोस् । यस्तो अवस्थामा स्थानीय कानून अर्न्तगत अथवा अन्तराष्ट्रिय मानव अधिकार संगठनका स्थानीय शाखाहरू वा संयुक्त राष्ट्रसंघ मानव अधिकार आयोग आफैको माध्यमद्वारा के गर्न सकिन्छ भन्ने वारेमा विद्यार्थीहरूले समाधान फेला पार्न सक्दछन् ।

उनीहरूले यसमा अपहरित मानिसको पूर्ण नाम, गायव भएको मिती, ठाउँ र त्यसमा को उत्तरदायी छ र स्थानीय रूपमा त्यसको रिहाइको लागी के गरिएको छ भन्ने कुरा जस्ता विवरणहरू समावेश गरेर एउटा सूची बनाउने छन् ।

शान्ति र बाँच्ने अधिकार

विश्वव्यापी मानव अधिकार घोषणा दोश्रो विश्वयुद्धका विनासकारी घट्नाहरूको प्रतिकार स्वरूप लेखिएको थियो । यस सम्बन्धमा धारा तीनले स्पष्टसित भन्दछ"प्रत्येकलाई बाँच्ने अधिकार छ....." । यो पुस्तिकाले प्रस्तुत गर्न खोजेको मूल्यहरू वारेमा विश्वव्यापी सजगताले युद्ध शुरू हुने कुरालाई बढी कठीन बनाउनु पर्छ र दोश्रो विश्वयुद्धमा भएजस्तो प्रकारको नर संहार दोहोरिनबाट रोक्नु पर्छ । नर संहार कुनै नयाँ कुरा होइन तर आणविक युगको प्रविधिले अघि कहिल्यै भएको भन्दा ठूलो मात्रामा नरसंहार हुने कुरा संभव तुल्याएको छ । हामी सबैमाथि ईश्वरीय दण्डको खतरा छ । किनभने आज पृथ्वीका प्रत्येक पुरूष, महिला र वालबच्चाको लागि तीन टन परंपरागत बिष्फोटक पदार्थ जति नै आणविक हतियार छन् । त्यसैले गर्दा बाँच्ने अधिकारले यो भन्दा अगाडि कहिल्यै प्राप्त नगरेको अर्थ प्राप्त गरेको छ ।

शान्ति, निःशस्त्रीकरण, विकास र मानव अधिकार अन्तर सम्वन्धित विषयहरू हुन् । मानब अधिकारको अध्यापन प्रतिको दृष्टिकोण शान्ति र निःशस्त्रीकरणका साथ साथै विकास र वातावरणीय सजगता बारेको अध्यापन पनि हो ।

शस्त्र होड र यसलाई नियन्त्रण गर्ने प्रयास बारेको सूचना यहाँ दिन सकिन्छ । कक्षाको स्तर हेरी अन्तराष्ट्रिय राजनैतिक र आर्थिक समस्याको अध्ययनले शान्ति संरक्षण गर्न किन कठीन छ भन्ने कुरा वारे विद्यार्थीहरूको सजगतालाई गहिरो बनाउने छ ।

दोश्रो विश्वयुद्धको अन्त्य पछि १५० वटा युद्ध मैसकेका छन् । यी युद्धहरूले शस्त्र हिंसालाई निरन्तर रूपले प्रयोग गरिदैछ भन्ने कुरालाई पुष्ट पार्दछन् । विकासका असन्तुलनहरू र वातावरणीय समस्याहरू पनि बेला बेला ठाउँ ठाउँमा देखापरिरहेका छन् । पछिल्ला समस्याहरू आफैमा उग्र रहेका मात्र होइनन् यिनीहरूले युद्धको विउ छर्ने काममा पनि योगदान पुऱ्याई रहेका छन् । व्यापक मात्राको आणविक आदान प्रदानले पनि वातावरणीय विनास ल्याउन सक्छ ।

शान्ति , विकास र वातावरणको अध्ययन परिमाणमा निहित छ । तिनीहरूले अत्यन्त न्यायसंगत मांगलाई प्राप्त गर्ने कोशिश गर्दछ । यद्यपि यसको उपलब्धी धेरै शिक्षकको निम्ति एउटा गंभीर समस्या रहिआएको छ । जहाँ यस्ता अध्ययनहरू उपलब्ध छैनन् त्यहाँ निम्न लिखित गतिविधिहरूले वर्तमान विश्वमा शान्तिलाई खतरा पुऱ्याउने केही समस्या वारे छलफल गर्ने अवसर प्रदान गर्दछन् ।

(क) संकट

अन्तराष्ट्रिय संकटको एउटा कथा लेख्न । विद्यार्थीहरू यस लेख्नमा संलग्न भएनन् भने उनीहरूलाई एउटा विवरण देउ र समूहहरूमा विभाजन गर । यसो गर्दा संलग्न देशहरूलाई र उनीहरूका मुख्य राजनैतिक व्यक्तित्वलाई विद्यार्थीहरूले प्रतिनिधित्व गरून् भन्ने कुरामा ध्यान दिनु पर्छ । विद्यार्थीहरूलाई उनीहरूका देशको विदेशी प्रतिकृयाको ढाँचाको विषयमा अनुसन्धान गर्न दिनुहोस् । निर्णायक बिन्दूमा भएको संकटलाई लिएर गतिविधि शुरू गर्नुहोस् । संघर्ष रोक्न र संकटको सामना गर्न विद्यार्थीहरूले कुटनैतिक मोलतोलमा संलग्न हुनै पर्छ । उनीहरूले तुरून्तै यस्तो परिस्थितिमा तनाव र आशंका युक्त वातावरणमा संझौतामा पुग्न कठीन छ भन्ने कुरा सिक्नेछन् । आवश्यक भए थप समाचार बुलेटिनहरू दिदै शिक्षकले घडीमा आँखा लगाउने छन् । गत २,३ दशकमा भएका महत्वपूर्ण संकटहरू मध्ये कुनै एउटा परिमाण र तिनीहरूको समाधान गर्न अन्तराष्ट्रिय समुदायले गरेको प्रयासको तुलना गराउँदा विद्यार्थीले अझै राम्ररी बुझ्नेछन् ।

(ख) शान्ति

शिक्षकहरूले शान्तिका समस्याहरू समाधान गर्न र तिनीहरूको विश्वव्यापी सार वस्तु र सन्दशलाई कक्षाका आवश्यक्ता अनुरूप बनाउन संयुक्त राष्ट्र संघका श्रोतहरूमा भर पर्ने चाहना राख्न सक्नु हुनेछ । यस सम्बन्धमा विश्वका विभिन्न भागमा रहेका संयुक्त राष्ट्र संघका कार्यालयहरू अथवा सूचना केन्द्रहरू सित सम्पर्क गरेर उपयुक्त सूचना अथवा श्रव्य दृष्य सामाग्रीहरू प्राप्त गर्न सक्नु हुनेछ । एउटा सफा मौसम भएको दिनलाई छनेर यो प्रश्न राख्नु पर्छ । स्थानीय संघर्ष र साना ठूला युद्धको खतरा भएको विश्वमा शान्ति किन महत्वपूर्ण छ भनेर बुझाउनु आवश्यक छ । कक्षालाई बाहिर कुनै राम्रो ठाउँमा लैजानु आवश्यक हुन्छ ।

प्रत्येक व्यक्तिले आँखा बन्द गरेर नबोलिकन तीन मिनेटसम्म उत्तानो परेर सुत्नु पर्छ । त्यसपछि फेरि कक्षा शुरू गर्नुपर्छ र शान्तिका आधारभूत मूल्य बारे छलफल गर्नुपर्छ ।

(ग) शिखर सम्मेलन

आणविक हतियार नियन्त्रण र कटौती कसरी सबभन्दा राम्ररी गर्ने भन्ने सम्बन्धमा दुइ वा तीन महाशक्तिको वीचमा एउटा शीर्षस्थ छलफल गराउनु पर्छ । संलग्न देशहरू जस्तै गरी समूहहरूलाईसंगै काम गराउँदै र रणनैतिक हतियारको सीमितिकरणलाई प्रभावकारी बनाउन कक्षा कोठामा एउटा वादविवादको आयोजना गर्नु पर्छ । सम्भव भएको अवस्थामा आशिंक परिक्षण प्रतिवन्ध सन्धी-१९६३, अथवा आणविक हतियारहरूको वृद्धि विरूद्धको सन्धी-१९९०, हुनुभन्दा अगाडि भएको छलफलसंग तुलना गर्नु पर्छ । विभिन्न देशका जनतासंग संगै मिलेर काम गर्न सक्दछन् र त्यसले हामीलाई शान्तिपूर्ण ढंगले बाँच्न सहयोग पुऱ्याउँछ भन्ने कुरा माथि जोड दिनु पर्छ ।

वातावरण र विकास

कहाँ बसेका छौं ? अर्धविकसित अथवा विकासशील देशका विद्यार्थीहरूले भोग्नु परेको विकास र वातावरणीय आयामको समस्या, विकसित देशका विद्यार्थीहरूले भोग्ने गरेको भन्दा, व्यवहारिक रूपमा निकै भिन्न हुन्छन् । यद्यपि सैद्धान्तिक रूपमा ती समस्यामा समानता नै भेटिन्छ ।

दैनिक रूपमा भौतिक अभावका परिस्थितिमा बाँचेका विद्यार्थीसित काम गर्ने शिक्षकहरूले आफ्ना गतिविधिहरूलाई यथार्थ संगत बनाउनु पर्छ । ती गतिविधिलाई सम्भव भएसम्म विश्वव्यवस्था सित घनिष्ट पार्दै मिलाएर अध्ययन गर्नुपर्छ । उनीहरूले निरंतर विकासका संभावनाहरू वारे विचार गर्ने चाहना राख्न सक्छन् र यो प्राप्त गर्ने आवश्यक कदम चाल्न सक्छन् ।

भौतिक रूपले विषेशाधिकार युक्त विद्यार्थीहरू सित काम गर्ने शिक्षकहरूले के बुझ्नु पर्छ भने विद्यार्थीहरू विकास र आत्मनिर्णयका आफ्ना माग प्रतिको उनीहरूको ग्रहणशीलतालाई विकास गर्न चाहन सक्छन् । त्यसलाई कसरी सरल पार्ने भन्ने विषयमा व्यवहारिक उदाहरणहरू प्रदान गर्न वातावरण र विकासलाई अभिवृद्धि गर्ने अन्तराष्ट्रिय सहयोग र कार्वाहीलाई ....जस्ता संस्थाबाट प्राप्त सान्दर्भिक सामग्रीको आधारमा व्याख्या गर्न सकिन्छ ।

(क) खाना

विद्यार्थीहरूलाई दिनमा उनीहरू के खान्छन् र पिउँछन त्यसको अभिलेख राख्न लगाउन सकिन्छ । आफ्नो शरीरलाई बचाउन के आवश्यक्ता पर्दछ ,

(उदाहरणको लागि : कार्वोहाइड्रेट, बोसो, प्रोटीन, खनिज, भिटामिन, पानी जस्ता चिजहरू) त्यसको विश्लेषण गर्नु पर्छ । एउटा खानेकुरा लिनु पर्छ र त्यसका पूरक तत्वहरू के बाट आउँछन् भन्ने कुरा पत्ता लगाउनु पर्छ ।

दैनिक आहारबाट कुनै अपरिचित कुरा छान्नुहोस् । जुन नजिकै सजिलै उम्रन सक्छ । कक्षालाई २।२ जनामा विभक्त गरेर त्यो खानेकुराको नमूनालाई एउटा टिनको भाँडोमा अथवा स्कूलको फूलवारीमा उमार्न लगाउनु पर्छ । किन कुनै विद्यार्थीहरूले त्यो विरूवा उमार्न अरूले भन्दा बढी सफलता पाएका छन् त्यो पत्ता लगाउनु पर्छ । फूलवारीको राम्रो ज्ञान भएको कक्षामा निम्ता दिनु पर्छ । सबै विद्यार्थीहरूले काम गर्न सक्ने एउटा कक्षाको वर्गैचा बनाउनु पर्छ र त्यसका उपजहरूलाई बाँड्नु पर्छ । त्यसमा सुधार ल्याउने वारे गंभीर छलफल गर्न एउटा भेला बोलाउनु पर्छ । उदाहरणको लागि खनजोतको पद्दती सवभन्दा उपयुक्त हुन्छ । कीराहरू रोक्ने अरू पनि उपायहरू छन् । कार्य विभाजनको पद्दतीलाई कसरी प्रभावकारी र सहयोगपूर्ण बनाउन सकिन्छ आदि ।

कक्षाको काम र विश्वका अरू भागका परिस्थितिको वीचमा तुलना गर्न सकिन्छ । शहरी इलाकामा भएको एउटा स्कूलले गाउँले इलाकामा भएको एउटा स्कूलसित भ्रमणको आदान प्रदान र खाद्य उत्पादन र वितरणका उनीहरूका आ-आफ्ना सम्बन्धहरू जस्ता खास-खास अनुभवहरू र समस्याहरूमा साझेदारी गर्न सकिन्छ ।

(ख) पानी

ताजा पानी विश्वमा साह्रै नै दुर्लभ भइरहेको छ । सुख्खा इलाकामा बस्ने विद्यार्थीहरू यो अवस्थामित झनै बढी परिचित छन् । एउटा चार्ट बनाएर पिउने, नुहाउने कामको लागि दैनिक कति पानी चाहिन्छ त्यसको हिसाव गर्न विद्यार्थीहरूलाई लगाउनुहोस् ।

पानीले रोग पैदा गर्ने फोहोर मैला र किटाणुहरू ल्याउँछ । सामुदायिक हितको निम्ति स्वास्थयप्रद पानीको व्यवस्थापन आपूर्ति र उपयोग महत्वपूर्ण हुन्छ । विद्यार्थीहरूलाई एक्लै अथवा समूह-समूहमा विभक्त भएर उनीहरूको स्कूलमा पानीको आपूर्ति र उपयोगको अनुसंधान गर्न र त्यसलाई कसरी सुधार गर्न सकिन्छ, त्यसवारे सुझाव पेश गर्न लागाऊ । संपूर्ण समुदायका निम्ति पनि त्यही नीति लागू गर्न सकिन्छ । पर्याप्त खाना र पानी, विकासका आधारभूत प्राथमिकताहरू हुन् । विश्वव्यापी घोषणामा स्वास्थ्य र कल्याणको निम्ति पर्याप्त हुने गरी बाँच्ने अधिकारको अंशको रूपमा खाना खान पाउन पर्ने कुराको उल्लेख गरिएको छ ।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्वन्धी अन्तराष्ट्रिय संविधानले भोकबाट-स्वतन्त्रतालाई मूलभूत अधिकार घोषित गरेको छ र उन्नत खानाको उत्पादन, संरक्षण र वितरणलाई मानवीय आवश्यक्ता पूरा गर्ने उपायको रूपमा बताइएको छ । यो आफैमा पनि संयुक्त राष्ट्र संघ खाद्य तथा कृषि संगठन जस्ता

निकायहरूको चासोको विषय हो । यो राष्ट्रिय सुरक्षा र विश्व शान्ति सित पनि संबन्धित छ ।

(ग) आवास

घर भन्ने वित्तिकै स्थानीय हावापानी, भूगोल, पारिवारिक बनावटको स्तर, सांस्कृतिक र धार्मिक रूचीका साथै निर्माण सामग्रीको उपलब्धता जस्ता कुराहरू बुझिन्छन् । कक्षामा छलफल गरेर एउटा घर बनाउन आवश्यक हुने वस्तुहरूको सूचीको बारेमा सोच्नु पर्छ र विद्यार्थीलाई ती चीजहरू मिलेर बनेको एउटा घरको नमूना बनाउन लगाउनु पर्छ । उनीहरूले बनाएको नमूना घरका विशेषताहरू वर्णन गर्न अथवा व्याख्या गर्न लगाउनु पर्छ । स्थानीय घरका नमूनाहरूमा सुधार गरेर पानी र बिजुली जस्ता कुराहरूको संरक्षण गर्ने र प्रदुषणलाई घटाउने उपायहरू बारे सुझाव दिन लगाउनु पर्छ ।

(घ) जनसंख्या

विश्वका कतिपय भागमा जनसंख्या वृद्धिको प्रभाव स्पष्ट देखिएको छ । केही क्षेत्र चाहिं यसको समस्याबाट अत्रिक कमै मात्रामा प्रभावित भएको देखिए तापनि यो परिघटनाको प्रभाव विश्वव्यापी छ । आगामी तीस वर्षमा हाम्रो संसार कति साघुरो र भीडभाडयुक्त हुनेछ । यसले पर्यावरण तथा श्रोतहरू माथि कसरी प्रभाव पार्नेछ भन्ने कुरालाई तथ्यहरूले नै स्पष्ट पार्दछन् ।

विद्यार्थीहरूले जनसंख्या वृद्धि र यसको पछाडि रहेका समस्याहरूको विषयमा सोच्नु महत्वपूर्ण हुन्छ ।

भीडभाडको अवस्थामा बस्ने विद्यार्थीहरू जनसंख्या वृद्धिबाट पैदा भएका समस्याहरू प्रति एकदमै सजग हुन्छन् । उनीहरूका सुझाव र समाधानहरू छलफलको निम्ति सहयोगी हुन सक्छन् ।

(ङ) काम

विश्व अर्थतन्त्रमा परिवर्तन हुदै जौदा विश्वमा कामको प्रवृत्तिमा पनि परिवर्तन हुन्छ । उदाहरणको निम्ति भनौं : विकसित देशहरूमा औद्योगिकीकरणका साथै शहरीकरण पनि भएको छ र कृषि उपज उत्पादन गर्ने थोरै मानिसहरू मात्र गाउँमा वसोवास गर्न थालेका छन् । आज ठूलो संख्यामा मानिसहरू शहरहरूका सेवा उद्योगहरूमा काम गर्दछन् । काम खोजी रहेका युवाहरूलाई काम दिने पर्याप्त औसरहरू नभएसम्म मानिसहरू आफ्ना अवसरहरूलाई बढाउन संसार भरि घुम्न चाहन्छन् । देशभित्र अथवा अन्तराष्ट्रिय बसाइ सराइका नमूनाहरू अक्सर कामसितै संवन्धित हुन्छन् । आर्थिक विकासका नियमहरू पनि त्यस्तै हुन्छन् र प्रत्येक देशले आफ्नो कृषि, उद्योग, वित्तिय र व्यापार नीतिलाई आफ्ना जनताको उत्पादक क्षमता बढाउने ढंगले समायोजन गर्नु पर्छ ।

कक्षामा वयस्कताको अनुभव गर्दै धेरै विद्यार्थीहरूले कामका विभिन्न प्रकारको विषयमा अनुसंधान गर्न छन् । यसका लागि विभिन्न क्षेत्रका श्रमिक जनतालाई विद्यार्थीहरूसंग कुरा गर्न कक्षा कोठामा ल्याउनु पर्छ । यो विद्यार्थीहरूको समझदारीलाई बढाउने राम्रो तरीका हो । विद्यार्थीहरूलाई विभिन्न कामको वातावरणमा ल्याउन अझै राम्रो कुरा हो । जसले गर्दा यसो गर्दा कुन कुरा संलग्न छ भन्ने कुरा उनीहरू आफैले देख्न सक्ने छन् । उनीहरू कसैलाई भेट्न चाहन्छन् अथवा उनीहरू भ्रमणको आयोजन गर्न चाहन्छन् ? विद्यार्थीहरूसंगै सोधेर यस बारेमा निर्णय लिनु पर्छ । स्थानीय राष्ट्रिय, अन्तराष्ट्रिय रोजगारीको रूप कसरी परिवर्तन हुदैछ ? शिक्षामा यसको कस्तो असर परिरहेको छ ? अथवा पर्न सक्छ ? आफ्ना अधिकारको रक्षा गर्न मजदुरहरू कसरी संगठित हुन्छन् ? भन्ने जस्ता विषयमा आयोजना गरिने कार्यक्रमहरू विद्यार्थीको निम्ति सहयोगी र जानकारी मूलक कार्यक्रम हुन्छ । यस विषयमा अन्तराष्ट्रिय श्रम कार्यालयका सम्मेलन र सिफारिसहरूले सान्दर्भिक सूचना प्रदान गर्न सक्ने छन् ।

(च) उर्जा

केही गर्नको निम्ति उर्जाको आवश्यक्ता पर्छ । जति बढी काम गरिन्छ त्यति बढी उर्जा चाहिन्छ । कक्षामा उर्जाका हर संभावित श्रोतहरूको विषयमा छलफल चलाउनु पर्छ । (उदाहरणको निम्ति भनौं : सौर्य प्रकाश, स्वाना, कोइला, ग्यौंस, विद्युत इत्यदि) यो सबै कहाँबाट आउँछ ? यसको प्रयोग गर्नेहरू सम्म यो कसरी पुग्छ ? भन्ने कुरा पत्ता लगाउनु पर्छ । के यो "पुनः प्रयोग" गर्न सकिने श्रोत हो ? वातावरणीय प्रभावको बारेमा पनि छलफल गर्नुपर्छ । घर, गाउँ, क्षेत्र र संपूर्ण विश्वको बारेमा पनि यही प्रकृया लागु गर्न सकिन्छ ।

समुदायलाई उर्जा प्रदान गर्न सक्ने साधानहरूको नमूना तयार गर्न अथवा भनौं निर्माण गर्न नै पनि एउटा समूहगत योजना तय गर्नुपर्छ । यस काममा प्रयोग गर्न सकिने कुरा स्थानीय रूपमा के उपलब्ध हुन सक्छ ? हावा, पानी, जीवाष्म, इन्धन अथवा फोहर मैला के हुन सक्छ ?

(छ) स्वास्थ्य

स्वास्थ्य आधारभूत मानव अधिकार हो र विश्व विकासको आधारभूत लक्ष्य हो । विश्व स्वास्थ्य संगठनका विविध प्रस्तावहरूले यो लक्ष्य र विश्व जनताको स्वस्थ्य स्तरमा भएको असमानतालाई घटाउने आवश्यक्तालाई पुनर्पुष्टि गरेका छन् । प्राथमिक स्वास्थ्य हेरचाहको योजना र कार्यान्वयनको निम्ति सबैलाई स्वास्थ्य प्रदान गर्दै सबभन्दा आवश्यक परेकाहरूलाई आवश्यक श्रोतहरू बाँडफाड गराउनु आवश्यक हुन्छ । स्थानीय, राष्ट्रिय र विश्वव्यापी स्वास्थ्य हेरचाह व्यवस्थाको खोजी गर्न विविध र रोचक कार्यक्रमको आयोजना प्रस्तावित गर्नु पर्छ । अधिकांश विद्यालयहरूले आफ्नो पाठ्यक्रममा स्वास्थ्य शिक्षा समावेश गर्छन । यसले विद्यार्थीहरूलाई पोषणको विषयमा आधारभूत जानकारी प्रदान गर्दछ । कसरी शरीरले काम गर्दछ ? कसरी रोग सर्दछ ? भन्ने जस्ता प्रश्नहरूको आधारभूत ढंगले जवाफ

दिनु पर्दछ र तिनीहरूलाई कसरी रोक्न सकिन्छ भनी सिकाउनु पर्दछ । एउटा स्थानीय डाक्टर अथवा आगन्तुक स्वास्थ्य कार्यकर्तालाई पाहुना वक्ताको रूपमा बोलाउनु त्यस वारेको जानकारीको एउटा श्रोत हुन सक्छ । अथवा सान्दर्भिक तथ्य र विचारहरूको निम्ति उ एउटा उपयोगी जानकारीको श्रोत हुन सक्छ । यस्ता कामले सामुदायिक स्वास्थ्य कार्यको लागि पनि राम्रो काम गर्ने अवसरहरू प्रदान गर्ने गर्दछन् । प्रत्येक सामुदायिक गतिविधिद्वारा सन् २०००सम्ममा सबैको लागि स्वास्थ्य भन्ने विश्व संगठनले अघि सारेको लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउन सकिन्छ ।

सरकार र कानून

मानव अधिकार भनेको मानव जातिको अन्तरनिहित अधिकार हो । कानूनमा लेखिएको होस् वा नहोस् हामी नैतिक अधिकारको दावी गर्न सक्छौं । उदाहरणको निम्ति भनौं : यो अधिकारलाई अनुमोदन गर्न कुनै कानून पास भए पनि नभए पनि प्रत्येक मानिसको बाँच्ने अधिकार हुन्छ ।

कानूनले नैतिक दावीलाई कानूनी शक्ति प्रदान गर्दछ । मानव अधिकारलाई कानूनी रूप दिएका देशहरूमा पनि ती कानूनहरू पूर्ण रूपले कार्यान्वयन गरिदै छन् या छैनन् भन्ने कुरा हामीले राम्ररी ज्ञान्न आवश्यक छ । यति भएर पनि नैतिक दावीहरूलाई कानूनी अधिकारमा रूपान्तरित गर्नु पहिलो महत्वपूर्ण पाइलो हो । कानूनको पनि महत्वपूर्ण शैक्षिक प्रभाव हुन्छ । आधिकारिक रूपमा समाज, के गर्नु उचित हुन्छ भन्ने कुरा सोच्दछ । त्यसलाई उनीहरूले परिभाषित गर्दछन् र यसले सोचेको मापदण्डलाई स्वीकार गर्नै पर्ने आधार मानेर ठोस अभिव्यक्ति प्रदान गर्दछन् । ती कानूनहरू सबैको निम्ति खुला हुन्छन् र सिद्धान्त मै मात्र भए पनि नेता अथवा नेतृत्व गर्नेहरू भन्दा माथि रहन्छन् ।

(क) परिषद् र अदालत

कानूनहरू, राष्ट्रिय कानून निर्माणका निकायद्वारा बनाइन्छ । विद्यार्थीहरूले स्पष्ट र ठोस रूपमा बुझ्नु भन्नका लागि, निम्नलिखित स्पष्ट र ठोस प्रश्नहरू अघि सार्न सकिन्छ । कानून भनेको के हो ? यसलाई कसले बनाउँछ ? किन बनाउँछ ? कानून बनाउने प्रकृयालाई यसै सन्दर्भमा उनीहरू आफैले देख्न आवश्यक छ ।

देशको संसदको क्षेत्रीय अथवा केन्द्रीय सभा अधिवेशनमा भएका बेला भ्रमणको आयोजना गर्नु विद्यार्थीको निम्ति फाइदा जनक हुन्छ । यसले गदा विद्यार्थीहरूले कानून निर्माण संस्थाका सदस्यहरूले काम गरिरहेको बेला देख्न सक्नेछन् र माथि दिइएका तीन प्रश्नहरूको वारेमा छलफल गर्ने छन् ।

त्यसै गरी कानून लागू गरिदै गरेको मात्र होइन, भविष्यका निर्णयलाई प्रत्यक्ष वा परोक्ष रूपले प्रभाव पार्ने कानूनी नजीरहरू प्रस्तुत गर्ने निर्णयहरू लिइदै गरेको कुरा हेर्नको लागि पनि कुनै कानूनी अदालतको भ्रमणको व्यवस्था मिलाउनु पर्छ । त्यहाँ माथिका तिनै प्रश्नको वारेमा छलफल गर्नु पर्छ । ती मध्य कुनै पनि संभव रहेनछन् भने कक्षालाई संसदको एउटा नमूनाको रूपमा संगठित गर्नु पर्छ र वर्तमान

समस्याका वारेमा वादविवादको आयोजना गर्नु पर्छ । कक्षालाई एउटा औपचारिक अदालतको रूपमा संगठित गर्नु पर्छ । उनीहरूलाई कुनै स्थानीय रूपमा संगठित गर्नु पर्छ र उनीहरूलाई कुनै स्थानीय वा राष्ट्रिय मुद्दा छिन्न लगाउनु पर्छ । विद्यार्थीहरूलाई कुनै उपयुक्त उदाहरण आफै पत्ता लगाउन प्रोत्साहित गर्नु पर्छ ।

अन्तर्राष्ट्रिय आयामको परिचय गराउनको निम्ति शिक्षकहरूले विद्यार्थीहरूलाई संयुक्त राष्ट्र संघको निर्णय लिने प्रकृया र तत्काल छलफल गरिएका समस्याहरू वारे अनुसंधान गर्न लगाउन सक्नु हुन्छ । वहाँहरूले अन्तराष्ट्रिय आयोग र अदालतहरूमा पेश भएका त्यस्ता केही मुद्दाहरूको समीक्षा पनि गर्न सक्नु हुन्छ, जुन मुद्दाहरूले आफ्नै नजीरहरू स्थापित गरेका छन् ।

यो गतिविधिको शुरूवातमा उठाइएका तीनवटा प्रश्नहरू र निम्नलिखित थप तिनवटा प्रश्नहरूको वारेमा कुराकानी गर्न स्थानीय राजनैतिक व्यक्तित्वलाई निम्ता पनि दिन सकिन्छ ।

थप तीनवटा प्रश्नहरू यी हुन्: कानूनको पालना किन गरिन्छ ? न्याय कसरी दिइन्छ ? सरकार र कानूनमा निष्पक्षता कसरी प्राप्त गर्न सकिन्छ ?

(ख) अदालतका प्रकारहरू

कक्षालाई एउटा अनौपचारिक अदालतको रूपमा संगठित गरेर पनि वैधानिक प्रकृया सिक्न सकिन्छ । "झगडिया" हरू मध्य भागमा बस्न सक्दछन् । उनीहरूका साथी र परिवार नजीकै वस्न सक्दछन् र बाँकी कक्षा एउटा गाउँको रूपमा उनीहरूको वरिपरि चक्कर काटेर बस्न सक्दछन् । स्थानीय मानिसहरूले बाहिरिया मानिसको विचार सुन्न चाहे भने त्यो घेरा भन्दा बाहिरको कसैलाई न्यायधीश नियुक्त गर्नु पर्छ । प्रत्येकलाई आफ्ना बुँदाको व्याख्या गर्ने अवसर दिदै झगडियाहरूलाई आफ्नो मुद्दा पेश गर्न लगाउनु पर्छ । एउटा सर्वसम्मत निर्णयमा नपुगुन्जेलसम्म छलफललाई जारी राख्नु पर्छ ।

विद्यार्थीको सहयोग लिएर शिक्षकले समस्या छान्नु पर्छ । पछाडि गएर "कानूनले" औपचारिक अथवा अनौपचारिक मुद्दाहरूमा कस्तो काम गरेको छ भन्ने वारेमा छलफल गर्नु पर्छ स्वास गरी दुवै पक्षका बलिया तर्कहरू भएको अवस्थामा कुनै एउटालाई दोषी ठहराउन कसरी असंभव हुन्छ भन्ने कुरामा बयान दिनु पर्छ ।

(ग) कानूनको अगाडि सबै समान छन्

विश्वव्यापी घोषणाको सातौं धाराले भन्छ: कानूनको अगाडि सबै समान छन् । यो मानव अधिकारको सिद्धान्तको एउटा वक्तव्य हो । तर यसले सयौं मानव

व्यवहारलाई प्रतिविम्वित गर्दैन । यो त्यस्तो गोठको कथा जस्तो छ, जहाँ सबै जनावरहरू समान थिए । तर केही जनावरहरू चाहिं ती भन्दा बढी समान थिए । कुनै भेदभाव विना कानूनबाट समान संरक्षणको हक सबैलाई छ भन्ने कुराको धारणालाई बलियो पार्न शिक्षकहरूले उपयुक्त उदाहरण दिएर यो समस्याको छलफल गर्न सक्नु हुनेछ ।

विचार, विवेक, धर्म, मत र अभिव्यक्तिको स्वतन्त्रता

विचार, विवेक, धर्म, मत र अभिव्यक्तिको स्वतन्त्रता संस्कृतिका केन्द्रीय कुराहरू हुन् । यिनीहरूलाई मानव अधिकारको विश्वव्यापी घोषणाको १८ र १९ धाराहरूले र अझ विस्तृत रूपमा नागरिक र राजनैतिक अधिकार संवन्धी अन्तराष्ट्रिय संहिताहरूले व्याख्या गरेका छन् । अरू कुराको अतिरिक्त यिनीहरूले धर्म र विश्वास परिवर्तनको स्वतन्त्रता, विना हस्तक्षेप मतहरू राख्न पाउने स्वतन्त्रता र जुन सुकै संचार माध्यमबाट जुन सुकै देशवाट सूचनाहरू खोज्ने, प्राप्त गर्ने र प्रदान गर्ने स्वतन्त्रतालाई जोड दिन्छन् ।

प्रत्येक व्यक्तिका मतहरू हुन्छन् । यिनीहरू स्वभाविक मानिन्छन् र यिनीहरू कसरी आए भन्ने कुराका बारेमा विरलै मात्र सोचिन्छन् ।

(क) सन्दर्भका ढाँचाहरू

हामीले देखेको कुरा हामीलाई मन पर्छ कि पर्दैन भन्ने कुराको आधारमा व्यक्तिका मतहरू फरक पर्न सक्छन् । यो कुरा हाम्रो शब्द चयनमा प्रतिविम्वित हुन्छ । उदाहरणको लागि भनौं एउटा व्यक्ति आफूलाई अरूले के सोच्दछन् भनी चिन्तित भइरहने अथवा विनयी र विश्वासहीन भनेर वर्णन गरिन्छ । उ साह्रै महत्वाकांक्षी अथवा आफूलाई सुधार गर्न उत्सुक रहेको भनी उल्लेख गरिन्छ । उ दव्बु अथवा सहयोग गर्न तयार रहेको वेइमान अथवा अरू मानिसको भावना प्रति परोक्ष र संवेदनशील दृष्टि राख्ने खालको भनिन्छ । उ परिवर्तित हुन नमान्ने अथवा बढी सहनशील र निजी अधिकार प्रति कम सजग र बढी स्वार्थी छ भनेर वर्णन गर्न सकिन्छ ।

विद्यार्थीहरूलाई बढी संवेदनशील, बढी भावुक, बढी स्नेही, बढी सोझो-सीधा, बढी दासभावना भएको, गाह्रो-सांग्रो कामबाट डराउने जस्ता कुराहरूका वारेमा सोच्न लगाउन सकिन्छ । उनीहरूलाई आफूले सवभन्दा बढी मन पराएको आफ्नै पाँच वटा गुणहरूको एउटा सूचि तयार पार्न लगाउनु पर्छ । तिनीहरूलाई एउटा नकारात्मक सन्दर्भको ढाँचामा उल्लेख गर्दा त्यही कुरा पीडादायी बन्न पुग्छ । त्यसपछि फेरि त्यसको उल्टो क्रम लागू गर्ने हो भने त्यो प्रशंसनीय बन्न पुग्छ । पहिला आफूलाई मन नपर्ने नकारात्मक दुर्गुणहरूको सूचि तयार गर्नु पर्छ र पछि ती दुर्गुणहरूको मात्रालाई घटाउने खालका कुराहरू राख्दै त्यो सूचीलाई पुनः तयार गर्नुपर्छ ।

(ख) चोट लगाउने शब्दहरू :

हाम्रा विचार र विश्वासको बारेमा हामी जे भन्न सक्दछौं के त्यसको कुनै सीमा राख्नु पर्छ ? हामीलाई मन परेको कुरा गर्न हामी संधै सक्षम हुनुपर्छ ? निम्नलिखित भूमिकाको निम्ति शिक्षकको विवेक प्रयोग गर्न सिफारिश गरिन्छ ।

कक्षाका विद्यार्थीहरूलाई चोट लाग्ने टिप्पणीको एउटा सूची माथि सोच-विचार र छलफलगर्न लगाउनुहोस । यस्ता सूचीहरू, जसले मान्छेलाई चोट पुऱ्याउँछन् भन्ने उनीहरूलाई थाहा होस् । त्यस पछि तिनीहरू मध्य पनि सबै भन्दा खराब केहीको छनौट गर्नुहोस । कतिपय कुराहरू सन्दर्भमा मात्रै लिंदा पर्याप्त हुँदैनन् । तिनीहरूलाई जस्ताको तस्तै लिनु पर्ने हुन्छ ।

संभव हुन्छ भने कक्षालाई ५ । ६ जनाको समूहमा विभाजित गर्नुपर्छ । प्रत्येक समूहको कसैले पहिलो वक्तव्य पढ्नु पर्छ । त्यो वक्तव्यले कसैलाई चोट पुऱ्याएको छ भन्ने कुरालाई त्यो समूहले स्वीकार्नु पर्छ । यो भनाइले कसैलाई चोट पुऱ्याउन सक्छ कि सक्दैन भनेर उनीहरूसंग प्रश्न गर्न पाइँदैन ।

चोट लागेको मानिसले उनीहरू जसरी नै महसूस किन गर्छ ? यस्तो प्रभाव थाहा पाएर पनि मानिसहरूलाई बोल्न दिनु पर्छ र यस्तो भन्दा के हुन्छ भन्ने बुझ्न र महसूस गर्न दिनु पर्छ ।

प्रत्येक भनाइको बारेमा यही कुरा दोहोऱ्याउनु पर्छ ।

भेलाहुने र सार्वजनिक मामिलामा भाग लिने अधिकार :

कसरी एउटा समुदाय अस्तित्ववान रहन्छ र आफूलाई विकास गर्छ ? आंशिक रूपमा भन्दा यसका सदस्यहरूलाई भेला हुन लगाएर र आफ्ना मामिलाहरू संगठित गर्न लगाएर एउटा समुदाय अस्तित्ववान रहन्छ र विकसित हुन्छ । यस्तो स्वतन्त्रताले सामुदायिक संलग्नतालाई महत्वपूर्ण बनाउँछन् । आधारभूत सिद्धान्तलाई विश्वव्यापी घोषणाको २० र २१ धाराले र विस्तृत रूपमा नागरिक र राजनैतिक अधिकार बारेको अन्तरराष्ट्रिय संहिताहरूले यसलाई परिभाषित गरेका छन् । यिनीहरूको अस्वीकृतिले एउटा समाजलाई यसको सबभन्दा समृद्ध श्रोत - यसले आफ्नै जनताका कुशलता र प्रतिभाहरूको प्रयोग गर्नबाट रोक्दछ ।

सामुदायिक सहभागिताको बानी एउटा विद्यार्थीको शिक्षा अवधि भरि विकास गर्न सकिन्छ । स्कूल बाहिर सामुदायिक सेवाका अवसरहरू सामाजिक र राजनैतिक मामिलाहरूमा हुने जीवन पर्यन्त योगदानको आधार पनि बन्न सक्दछन् ।

धेरै विद्यालयहरूमा विद्यार्थी संगठनहरू छन् - जसले उनीहरूलाई आफ्ना मामिलामा सहभागी बन्ने अवसर दिन्छन् । यद्यपि वयस्क नेतृत्वले व्यवहारिक रूपमा गर्न सकिने कामलाई सीमित गर्दछ । कुनै अर्थपूर्ण कुराको निम्ति मिलेर काम

गर्नु कस्तो हुन्छ भन्ने बारेको एउटा प्रत्यक्ष ज्ञान निम्नि लिखित संगठन खोलेर कक्षाले प्राप्त गर्न सक्दछ ।

मानव अधिकार समाज

कक्षाले एउटा मानव अधिकार समाज (माअस) खोलोस भन्ने प्रस्ताव राख्दै शिक्षकले विभिन्न सान्दर्भिक कामहरू शरू गर्नुपर्छ । जसले विद्यार्थीलाई निम्नलिखित काम गर्न सक्ने बनाओस् ।

- मानव अधिकार समाजको उद्देश्यलाई बढी विस्तृत रूपमा परिभाषित गर्नु पर्छ ।

- समाजको प्रतीक बनाउनको निम्ति प्रतिस्पर्धा आयोजना गर्नु पर्छ ।

- पदाधिकारीहरू संगठित गर्नु पर्छ ।

- मानव अधिकार समाजका गतिविधिको निम्ति एउटा विशेष सूचना-पाटी राख्नु पर्छ ।

- राष्ट्रिय अथवा अन्तराष्ट्रिय रूपमा अरू मानव अधिकार समाजहरू पत्ता लगाउनु पर्छ, जससित कक्षाले संपर्क राख्न सकोस् र उनीहरूका प्रकाशनको मांग गर्न सकोस् ।

- कक्षाले प्रयोग गर्न सक्ने ठाउँमा यिनीहरूलाई प्रदर्शन गर्नु पर्छ ।

- सभाहरू आयोजना गर्न शुरू गर्नु पर्छ । पहिलो सभाले नै संगठन खोल्ने स्वतन्त्रता बारेमा छलफल गर्न सक्छ । किन संगठित हुने ? कसरी शासित हुने ? भन्ने विषयमा मत माग्नु पर्छ कि पर्दैन ? यस विषयमा बोल्नको लागि एक जना आगन्तुकलाई निम्तो दिन सकिन्छ ।

-छोटो संवाद र छलफल आयोजना गर्न स्थानीय राजनीतिक व्यक्तिहरू, समस्या विशेषज्ञहरू र क्षेत्रीय विशेषज्ञहरू जस्ता आगन्तुक वक्ताहरूलाई निम्त्याउनु पर्छ । मानव अधिकार समाजको उद्घाटनमा नृत्य अथवा अन्य उत्सवको आयोजना गर्नु पर्छ । खास खास काम बारे अनुसन्धान गर्न र भेला हुन उपसमितिहरू बनाउनु पर्छ । उदाहरणको निम्तिः एउटा समूहले अरू कक्षाहरूमा गएर, मानव अधिकार समस्याको बारे काम गर्न किन समाज संगठित भयो, यसले के गर्छ, भन्ने कुरा व्याख्या गर्दै र सह सदस्यता प्रदान गर्दै बोल्ने चाहना व्यक्त गर्न सक्छ । श्रोतहरूले अनुमति दिएको अवस्थामा समाजमा यसले एउटा नियमित समाचार पुस्तिका पनि निकाल्न सक्नेछ ।

आर्थिक विकास र कल्याणः

विश्वव्यापी घोषणामा यस्ता अनेक धाराहरू छन् जसले एउटा सभ्य जीवनस्तरको मानवीय अधिकारलाई पुष्टि गर्दछ । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार संवन्धी अन्तरराष्ट्रिय संहिताहरूले पनि यसै भन्दछन् । यिनीहरूलाई पूरा गरिन्छ कि गरिंदैन भन्ने कुरा संवन्धित देशको राष्ट्रिय श्रोत, आर्थिक प्राथमिकता र राजनैतिक इच्छामा भर पर्दछ । यो एउटा जटिल काम हो । राष्ट्रिय र अन्तराष्ट्रिय मान्यता भएको आर्थिक विकास कार्यक्रम यी अधिकारहरूको कार्यान्वयनमा स्पष्ट रूपमा संवन्धित छन् ।

भौतिक अथवा औद्योगिक पूँजी र अस्थायी रूपमा प्रयोग गर्न सकिने यसका संपत्ति जस्ता विश्वका श्रोत- संपदाहरू असमान रूपले वितरित छन् । यस्तो किन भयो ? यो प्रश्नको ठीक उत्तर दिनको निम्ति विश्व समाजको भूगोल, इतिहास र यसको समग्र राजनैतिक अर्थतन्त्रको व्याख्या गरिनु पर्छ ।

औद्योगिक विकास, संभवत मानवीय कार्यहरूको सवभन्दा महत्वपूर्ण घटना हो र अझै पनि यी हाम्रो वरिपरि नै रहन्छन् । यन्त्रद्वारा मालसमानको व्यापक उत्पादन गर्ने काम २०० वर्ष अगाडि शुरू भयो । यसले सामाजिक आर्थिक र राजनैतिक व्यवहारको नयाँ ढाँचा पैदा गऱ्यो र यसले सबै ठाउँका जनता तथा देशलाई प्रत्यक्ष अथवा परोक्ष रूपले असर पारेको छ ।

(क) धनी र गरीव

निम्नलिखित परिस्थिति बारे एउटा अभिनय गर्नुहोस् । एउटा हवाई जहाजमा ३ जना मान्छे, एक अर्काको नजीकै बसिरहेका छन् । एउटा मान्छे तुलनात्मक रूपले गरीव देशको विकास निकायमा काम गर्दै छ र विश्व स्वाद्य आपूर्ति संवन्धी सम्मेलनमा भाग लिन गइरहेछ । अर्को मान्छे तुलनात्मक रूपले धनी देशको कंपनीमा काम गर्दैछ र ऋण प्राप्त गर्न अन्तराष्ट्रिय लगानी कर्ताको बैठकमा भाग लिन गइरहेको छ । अर्को चाहिं शिक्षक हो । उ विश्व विकासका तमाम समस्याहरूमा चासो राख्दछ । उसले एउटा अन्तराष्ट्रिय गैर सरकारी संगठनले प्रदान गरेको व्यापार, सहयोग, शस्त्र उत्पादन र विश्वव्यापी न्याय संवन्धी एउटा छोटो अध्ययन पनि गरेको छ । अब तिनीहरू देश र व्यक्तिहरूले मानव कल्याणलाई प्रवर्धन गर्नमा के गर्नु पर्छ भनेर तर्क वितर्क गर्न थाल्छन् ।

(ख) कार्य र जीवन

एउटा कारखाना, बगान अथवा खेती जस्तो काम गर्ने ठाउँको वातावरणको वर्णन गर्नुहोस् । जहाँ श्रमिकहरूले मालिक अथवा प्रवन्धक समक्ष अनेक

अनुरोधहरू गर्ने निर्णय गरेका छन् । उनीहरू त्यो ठाउँको संचालनमा आफ्नो मनाई पनि लागू होस् भन्ने चाहन्छन् । उनीहरू राम्रो ज्याला, विरामी अथवा घायल हुँदा राम्रो हेरचाह, सुरक्षाको सवालमा राम्रो ध्यान, आफ्ना दक्षता सुधार गर्न शैक्षिक कार्यक्रमको स्थापना र राम्रो विश्राम कालको माग पनि गर्दछन् ।

कक्षालाई मजदुर र हाकिम गरी दुई भागमा विभाजन गर्नु पर्छ । उनीहरूलाई प्रतिनिधि पठाएर अथवा आमने सामने कुरा गराएर वार्ता गर्न लगाउनु पर्छ । मजदुरको अधिकारको बारेमा सान्दर्भिक सूचनाको निम्ति विद्यार्थीहरूलाई अन्तराष्ट्रिय श्रमिक संगठनको सम्मेलनको जानकारी दिनु पर्छ । यो गतिविधिलाई दोहोऱ्याउने र भूमिकालाई साटासाट गर्ने काम गर्नु पर्छ ।

(ग) वक्ताहरू

विकासका समस्या सित संबन्धित कसैलाई मानव अधिकार समाजको तर्फबाट कक्षामा बोल्न निम्ता दिनु पर्छ । भौगोलिक परिवेश, समुदायको बसोवास क्षेत्र, आधुनिकीकरण, नोकरशाहीकरण, शहरीकरण, सांस्कृतिक मूल्यमा हुने परिवर्तन जस्ता कुरालाई असर पार्ने विशेष समस्याहरू लगायत छलफल गरिएका कुराहरूको पक्षवारे विद्यार्थीहरूलाई अध्ययन गर्ने जिम्मा दिएर त्यसको अनुगमन गर्नु पर्छ ।

(घ) विश्व सेवा

कक्षालाई संयुक्त राष्ट्रसंघका स्थानीय तथा अन्तराष्ट्रिय निकायहरू जस्तै खाद्य तथा कृषि संगठन, विकास कार्यक्रमसित आफूले प्रयोग गर्ने पोस्टर र सामग्रीको निम्ति सम्पर्क राख्न प्रेरित गर्नु पर्छ । सामग्रीहरू प्रदान गर्नमा प्रयोग गर्न सक्ने गैर सरकारी संगठनहरू पनि छन् । तिनीहरू विद्यार्थी र स्कूलबाट पत्र पाउँदा खुशी हुन्छन् । अन्तराष्ट्रिय श्रमिक संगठन र संयुक्त राष्ट्रसंघ शिक्षा, विज्ञान र सांस्कृतिक संगठनहरूले पनि सहयोग गर्न सक्छन् ।

कक्षालाई छ समूहमा विभाजन गर्नु पर्छ । प्रत्येक ग्रुपले एउटा आयोजना प्रस्ताव लेख्दछ । यसमा उपचार सहायक रूपमा तालिम लिने कोही जाने अथवा उत्पादन पद्धतिको सुधार बारे सल्लाह दिन कोही आउने कुरा हुन सक्छ । योजनाहरू मध्ये प्रत्येकले एउटा सहयोग समितिले जस्तै गरी कुन चाहिं योजनालाई आफ्नो सीमित फण्ड (कोष) दिने भन्ने कुरा निर्णय गर्नु पर्छ । उद्धार र विकाश सहयोगको बीचको भिन्नता प्रष्ट पार्नु पर्छ । लिइएका निर्णयहरूको तुलना गर्ने र छलफल गर्ने काम गर्नु पर्छ ।

सामाजिक र सांस्कृतिक कल्याण

मानव अधिकार स्वान पाएर मात्र बाँच्न सक्दैन । जहाँ संभव हुन्छ त्यहाँ विस्तृत अन्तराष्ट्रिय संहितामा घोषित भए जस्तै मान्छेलाई विश्राम गर्ने, सिक्ने, इच्छा अनुसार पूजा गर्ने, समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्रतापूर्वक हिस्सा लिने र

आफ्नो व्यक्तित्व पूर्ण रूपले विकास गर्ने जस्ता प्रावधानहरू उपलब्ध गराउनु पर्छ ।विद्यालयहरूले विद्यार्थीहरूलाई आफ्नो क्षेत्र र विश्वको कला र विज्ञानको ज्ञान प्राप्त गर्ने बाटो दिनु पर्छ ।

व्यक्तिगत र सामाजिक कल्याणको धेरैजसो ज्ञान परिवारबाट प्राप्त गरिन्छ । परिवारहरूले त्यो समाज प्रति सबभन्दा बढी मिल्ने रूप ग्रहण गर्दछ, जुन समाजमा यसका सदस्यहरू बाँचेका हुन्छन् र विभिन्न सामाजिक, अर्थिक र सांस्कृतिक शक्तिहरूलाई व्यवहारीक रूपले परिभाषित गर्दछन् र तिनीहरूलाई हस्तान्तरण गर्दछन् ।

तिनीहरू अलग अलग बस्तीको एउटा वयस्क एकाईदेखि समग्र समुदायलाई समेट्ने व्यापक नातागोताको प्रणालीसम्म फैलिएका हुन्छन् ।

घोषणाको भाषामा सबै रूपहरू(स्वभाविक) र (मूलभूत) हुन्छन् किनभने तिनीहरू मानव जातीको स्याहार संभारमा संलग्न हुन्छन् । जस्को परिवार छैन उनीहरू संस्थाहरूबाट वा एक अर्काबाट स्याहार संभार खोज्दछन् ।

यो क्षेत्र एकदमै सामान्य हुन्छ र विद्यालयको पाठ्यक्रममा हरेक गतिविधिहरू सान्दर्भिक हुन्छन् । शिक्षाको प्रकृयामै संभवतः छलफल शुरू हुन सक्छ । स्कूल जाने कुरा भन्दा भिन्न, शिक्षा आर्जन गर्ने कुरा जीवनभरि चलिरहने प्रकृया हो र यो वास्तवमै व्यापक हुन्छ । किनभने संस्कृतिलाई लोप हुन नदिनको लागि प्रत्येक पुस्ताको संस्कृतिलाई फेरि सिक्नै पर्छ ।

(क) उहिलेनै.....

शिक्षकहरूले पाहुनाको रूपमा कक्षामा कुराकानी गर्न हजुरबुवा, हजुरआमाहरूलाई बोलाउन सक्नु हुन्छ । अतिथीहरूले विद्यार्थीहरूसित उनीहरूलाई स्कूलमा के सिकाइन्थ्यो, त्यो पछि जीवनमा काम लाग्यो कि लागेन भन्ने कुरा गर्न सक्दछन् ।मानव व्यक्तित्वको पूर्ण विकासलाई उनीहरू कसरी बढाउँछन् मानव अधिकार र स्वतन्त्रतालाई बलियो बनाउन उनीहरूले के सिकेका छन्, विभिन्न मानव समुदाय र राष्ट्रहरूको बीचमा समझदारी र पारस्परिक सम्मानलाई उनीहरू कसरी अघि लान्छन् र न्याय र शान्ति कसरी पैदा हुन्छ भन्ने बारेमा उनीहरूसंग सोध्नु पर्छ ।

(ख) पारिवारिक मान चित्र.....

विद्यार्थीहरूलाई वर्तमान समयमा जस्तो छ, त्यही रूपमा आफ्नो परिवारको मान चित्र बनाउन लगाउनु पर्छ र देख्न पर्ने भिन्नताहरूका तुलना गर्नु पर्छ ।

भेदभाव

कुनै पनि व्यक्ति अर्का व्यक्ति भन्दा बढी मानवीय र कम मानवीय हुन

सक्छ । तर हामी सबै समान छौं र मानव अधिकार प्रति समान हक राख्दछौं ।

हामी समान छौं । यो सत्य हो, तर उस्तै चाहिं छैनौं । यो एउटा यस्तो तथ्य हो जसले मानिसहरूलाई मानव मानचित्रको वारपार रेखाहरू खिच्न लगाउँछ र उनीहरूले महत्वपूर्ण मनेर विश्वास गरेका विभेदहरू प्रति ध्यान आकृष्ट गराउँछ । जब रेखाहरू खिचिन्छ । जसले समूहहरूलाई मात्र अलग गर्ने होइन बरू एउटा समूह जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनैतिक विचार अथवा सामाजिक उत्पत्तिको कारणले अर्को समूह भन्दा बढी राम्रो अथवा खराब भएको संकेत गर्दछ । यो भेदभाव हो ।

अक्सर गरि सबभन्दा सामान्य रेखाले लिङ्गलाई प्रमुखता दिन्छ । यो हाम्रो जातिमै निर्मित जीव वैज्ञानिक विभेद सित मिल्ने भएकोले यो भेदभावलाई चिरेर हामीमा निहित गहिरो एकरूपता देख्न मानिसहरूलाई कठिन पर्दछ । केही मानेमा फरक हुदैमा सबैमानेमा हामी फरक हुदैनौं । अलग अलग काम गर्ने अलग शरीर हुदैमा जीवन नै पनि फरक हुनुपर्छ भन्ने केही छैन ।

लिङ्गको रेखा माथि भेदभावसगै अरू धेरै भिन्नताका रेखाहरू रहेका हुन्छन् । सबभन्दा हानीकारक चाहिं रंग अथवा जातीय भेदभावको रेखा हो । हाम्रो साझा मानवीयतालाई ढाकछोप गर्नको लागि एउटा खास भेदलाई बारम्बार आवश्यकता भन्दा बढी जोड दिइन्छ ।

शिक्षकको रूपमा यी समस्यालाई टार्न सकिदैंन । मानवीय गुण, यसले प्रवर्धन गर्ने जीवनका अवसर र छनौटहरू आफै आफ घटित हुदैनन् । यसलाई रूढीवादी प्रवृत्ति र दुराग्रहहरूको खोजी गरेर हैन विद्यार्थीहरूलाई सक्षम र स्नेही हुन सक्छन् भन्ने कुरा बुझ्न सहयोग गरेर उचित र सही सूचना प्रदान गरेर सिकाइनु पर्छ ।

यो कहिले नसकिने प्रश्नावलीको प्रकृया हो । सामाजिक, आर्थिक र राजनैतिक समस्याहरू र यिनीहरू कसरी काम गर्छन भन्ने कुराबारे सूचित रहनु महत्वपूर्ण हुन्छ । शिक्षकका आशाहरूबाट विद्यार्थीहरू सजिलै प्रभावित हुने भएकोले ती आशाहरूको सूक्ष्म रेखदेख गर्नु सबभन्दा राम्रो हुन्छ ।

भेदभावको व्यक्तिगत र सामाजिक दुवै आयामहरू हुन्छन् । शिक्षकहरूले कक्षामा विस्तृत रूपमा ती प्रश्नहरूको वारेमा छलफल गर्न सक्नु हुन्छ । असल उदाहरणहरूको अन्तिम अभिनय गर्न राकिन्छ ।

एउटा मोटो तर दुःखी मानिसले अर्को दुब्लो पातलो तर प्रशन्न मानिसलाई भेटेको अभिनय गराउनु पर्छ ।

रूढीवादी कुराको सामना गर्न तिनीहरूको विपरित कुरालाई प्रोत्साहित गरिने खतरालाई पनि औंल्याउनु पर्छ ।

यसको वैकल्पिक रूपमा कक्षालाई त्यो एउटा अवसरको वारेमा सोध्नुहोस् । जहाँ उनीहरूले उनीहरू सवै समान छन् ? छैनन् त ? अथवा त्यो जत्था सवै उस्तै हो भन्ने जस्ता अभिव्यक्तिहरू सुनेका हुन ।

विद्यार्थीलाई एउटा सानो दुंगा अथवा एउटा आलु जस्तो साधारण बस्तु दिएर उनीहरूलाई अराउनु पर्छ । उनीहरू मध्ये कोहीलाई कक्षामा उनीहरूको साथीको परिचय गराउन, यो कति उमेरको भयो ? यो दुःखी छ कि सुखी छ ? यसले यो जुन आकारमा छ, त्यो आकार कसरी लियो ? भने जस्ता कथा भन्न लगाउनु पर्छ । उनीहरूले यो विषयमा निवन्ध लेख्न अथवा प्रसंसात्मक कविताहरू लेख्न सक्दछन् ।

त्यसपछि ती सवै चिजवीजहरूलाई बाकस अथवा झोलामा राख्वेर तिनीहरू सबैलाई छ्यासमिस पार्नु पर्छ । तिनीहरूलाई बाहिर निकालेर विद्यार्थीहरूलाई साझा समूहबाट आफ्नो साथी पत्ता लगाउन लगाउनु पर्छ ।

स्पष्ट बुझिने समानतालाई औंल्याइ दिनु पर्छ । कुनै पनि समूहका मानिसहरू शुरूमा उस्तै जस्तो लाग्दछन् तर उनीहरूलाई चिनेपछि तिनीहरू सवै फरक फरक देखिन्छन् । सवैको जीवन-इतिहास हुन्छ र तिनीहरू सवै संभावित साथी हुन् । यसरी केलाएर हेर्नु अघि यिनीहरूको वारेमा पहिले नै कुनै विचार बनाउनु हुदैन भन्ने जानकारी विद्यार्थीलाई दिनु पर्छ ।

भिन्नताहरू फेला पार

निम्नलिखित भनाइहरू प्रस्तुत गर्न सकिन्छ ।

(१) मलाई शिक्षकहरू मन पर्छन किनभने उनीहरू दयालु हुन्छन् ।

(२) केही शिक्षकहरू म प्रति दयालु हुन्छन् भने तथ्य मलाई मन पर्छ ।

(३) सारा शिक्षकहरू दयालु हुन्छन् ।

अब कुन चाहिं रूढीगत विचार हो । कुन चाहिं दुराग्रह पूर्ण हो र कुन चाहिं एउटा मात्र हो । यी सवैले शिक्षकहरू दयालु र स्नेही मानिस मात्र होइनन् नराम्रा पनि हुन्छन् भन्ने कुरा बुझ्न कसरी कठिन पार्दछ भन्ने विषयमा छलफल गर्नुपर्छ । तिनीहरू सवैले तथ्यहरूलाई पहिले नै निर्धारण गर्दछन् ।

भेदभाव-रंग अथवा जात

जातिवाद भनेको त्यो विश्वास हो जसले विश्वमा मिश्रित लिङ्ग भएको मानव समुदायहरू छन् जसको स्वास (सामान्य रूपमा शारीरिक) विशेषताहरू छन् र त्यसले उनीहरूलाई अरू भन्दा उच्च र निम्न बनाउँछ भन्ने कुरा मान्दछ । जातीवादी

व्यवहार (मानिसलाई उनीहरूको जात अथवा रंग अनुसार गर्ने व्यवहार) खुल्ला मात्र हुदैन । यो गुप्त पनि हुन सक्छ । यो खास गरी यस्तो अवस्थामा हुन्छ जब समाजले कुनै सामाजिक समुदायलाई व्यवस्थित रूपमा पूर्ण व्यवहार गर्दछ ।

जातीवादी व्यवहारले अक्सर जातीय भेदभाव बढाउँछ । यसले उपेक्षा वा भेदभाव अथवा निम्न ठानिएकाहरूलाई वहिस्कार गर्ने देखि लिएर बढी स्पष्ट उत्पीडन शोषण अथवा वहिस्कार जस्ता स्पष्ट नकारात्मक परिणामहरू जन्माउछ ।

सबै प्रकारका जातीय भेदभावलाई उन्मूलन गर्ने अन्तराष्ट्रिय सन्धी सम्वन्धी बुँदा यसको लागि एउटा राम्रो सदर्भ विषय बन्न सक्दछ । जातीय भेदभावलाई उन्मूलन गर्ने वारेको समितिले साधारण सभामा पेस गरेका प्रतिवेदनहरूलाई उल्लेख्य गर्नु पनि उपयोगी हुन सक्छ ।

छालाको रंग अहिले सम्म मानव जातिले तयार गरेको सवभन्दा बढी मनमौजी र सवभन्दा कम तर्क पूर्ण भेदभावको तरीका हो । जहाँ विद्यार्थीहरूले कुनै प्रकारको रंग स्वीकार गर्न सक्दैनन् त्यहाँ उनीहरूलाई एउटा बहुजातीय समाज बनाउने योजना बनाउन लगाउनु पर्छ । त्यहाँ आफ्नो छालाको रंग कस्तो हुन्छ भन्ने कुरा पहिले नै थाहा नपाइकन उनीहरूले वस्नु परोस् । उनीहरू स्थानीय रूपमा नभए पनि विश्वव्यापी रूपमा पहिले नै यस्तो प्रकारको समाजमा वसिरहेका छन् भनेर उनीहरूलाई भनी दिनु पर्छ ।

जातिभेदहीन कक्षा कोठा

हामी धेरै प्रकारले कक्षा कोठालाई एउटा सर्वस्वीकृत र वहुजातीय उत्सवको ठाउँ बनाउन सक्छौं । सामुहिक रूपले सिक्ने रणनीति प्रति उं कति ग्राही छ ? अथवा नाटकीय अभिनय वा कथा वाचनका उसका शैली जस्ता विद्यार्थीका प्रतिक्रियाशीलतालाई सांस्कृतिक तवरहरूले असर पार्दछन् । यदि कक्षामा जातीय संघर्ष भयो भने त्यसबाट तर्कने होइन त्यसको सामना गर्नु पर्छ । जातीवादलाई बलियो पार्ने व्यवहार कसरी जन्मियो भनेर आफ्ना विद्यार्थीलाई सिकाउनु पर्छ । भेदभावको विरूद्ध लडाई लडेका प्रसिद्ध मानिसको कथाहरूको अध्ययन गर्नु पर्छ । मानव ज्ञान र अनुभवको साझा भण्डारमा योगदान पुऱ्याउने संसारका विभिन्न भागका मानिसहरूका योगदानको अध्ययन गर्नु पर्छ । । पाठ्यक्रममा जति धेरै सम्भव हुन्छ त्यति धेरै सांस्कृतिक विविधताहरू थप्नु पर्छ । बाबु, आमा अरू नातेदार र साथीहरूलाई यस सम्वन्धमा सहयोग गर्न अन्हाउनु पर्छ । सामुदायिक काममा सक्रिय रहेका अरू जात र रंगका मानिसहरूलाई उनीहरू के गर्दछन भन्ने विषयमा कक्षामा बोल्न निम्ता दिनु पर्छ ।

लिङ्ग भेदभाव

विश्वव्यापी घोषणाको धारा २ ले कुनै प्रकारको भेदभाव विना मानव अधिकारको वैधतालाई उद्घोषित गर्दछ । यसले मानिसहरूको बीचमा मनमौजी किसिमले विभाजन रेखा खिच्नको लागि प्रयोग गरिएको अनेक नामहरू उल्लेख

गर्दछ । यिनीहरू मध्ये एउटा चाहिं लिङ्ग हो । लिङ्ग भेदभाव कुनै कुनै माम्लाहरूमा सामाजिक अन्यायको सवभन्दा व्यापक श्रोत रही आएको हुनाले यसको ठोस रूपमा उल्लेख्व गर्नु पर्छ । जातिबाट जस्तै लिङ्ग भेदमा पनि संस्कृति र समाजका विभिन्न पक्षहरू समावेश छन् । यो मानिसहरूको प्रवृत्तिमा पनि प्रतिविम्वित हुन सक्छ । काममा अथवा अन्यत्र मन परेका कुराहरू छान्नका निम्ति मानवं लिङ्गलाई आधारको रूपमा लिन सकिन्छ भन्ने कल्पना स्पष्टता वा मानव अधिकार सिद्धान्तको विपरित छ

(क) कक्षा पुनः एकिकरण,

पुनः एकिकरणको लागि विद्यार्थीहरूलाई मिलाएर राख्नुस् । मानिलिनुस् कि तीस वर्ष बितिसकेको छ । विद्यालय छोडेपछि उनीहरूले के गरे भन्ने विषयमा उनीहरूले आपसमा कुरा गर्नु पर्छ । शिक्षकले पनि त्यसमा उपस्थित हुनु पर्छ । मिश्रित लिङ्ग भएको कक्षाहरूमा केटाहरूले के गरे र केटीहरूले के गरे भन्ने सम्वन्धमा कुनै भिन्नता छ ?

एउटै मात्र लिङ्ग भएको कक्षाहरूमा केटाहरूले कुनै एउटा पेशा अंगालेका छन् ? उनीहरूले राजनैतिक र प्राविधिक परिवर्तनको विषयमा मात्र कुरा गरे ? केटीहरूले मुख्य गरी परिवार र घरेलु मामिला सम्वन्धी मात्र कुरा गरे ?

हजुरबा, हजुरआमाहरूलाई उनीहरूको बेलामा पुरूष र स्त्रीहरूले के भूमिका खेलुन् भन्ने आशा गरिन्थ्यो भन्ने विषयमा कार्यक्रम देखाउन निम्तो दिनुहोस् ।

(ख) केटा के हो ? केटी के हो ?

कक्षालाई नम्रता, घमण्ड, मनोरंजक भावना, भद्रता, मायाको आवश्यकता, साहसिक भावना जस्ता जति धेरै संभव हुन्छ त्यती मानवीय चरित्रको लामो सूचीवारे सोच्न लगाउनु पर्छ ।

प्रत्येकलाई पालै पालो गरि छलफल गरेर कुनै खास गुण केटाको गुण हो कि केटीको हो अथवा समग्र संस्कृतिको रूपमा दुवैमा समान रूपले लागू हुने गुण हो त्यो सोध्नु पर्छ ।

कुनै रूढीगत विचार आयो भन्ने कक्षामा त्यसका वारेमा छलफल गर । कसरी यस्ता रूढीगत कुराहरू वास्तविक जीवनमा केटा र केटीले गर्न सक्छन् र विद्यार्थीहरूले सोचेको कुराले कस्तो असर पार्दछन् भनेर पत्ता लगाउनु होस् ।

(ग) आशाहरू

कक्षामा निम्नलिखित कुरा पढेर सुनाउनु पर्छ । दुइवटा न्यायधीशहरू आफ्नो बेलुकाको खाना खाएर आफ्ना कामवारे कुरा गर्दै बसिरहेका छन् । आज अदालतमा आएको यो केटालाई के गर्ने ? एउटा न्यायधीशले अर्कोलाई भन्दछ- "यदि तपाई म भएको भए के निर्णय दिनु हुन्थ्यो ?"

"हेर्नुहोस् म यो कुराको जवाफ दिन सक्दिन " अर्कोले जवाफ दिन्छ । उसको बावु ५ वर्ष अघि मऱ्यो र यति मात्र होइन ऊ मेरो एउटै छोरो पनि हो ।

विद्यार्थीहरूलाई यसको केही अर्थ लाग्छ मनेर सोध्नुहोस् । दोश्रो न्यायधीशले मेरो छोरो मनेर कसरी मन्न सक्यो । अस्विर त्यो उल्लेख गरिएको मानिसको बावु त पहिल्यै नै मरिसकेको छ । यसको एउटा विवेकपूर्ण उत्तर छ : दोश्रो न्यायधीश चाहिं त्यो मानिसको आमा रहिछ ।

के यो समाधान पाउँदा आश्चर्य लाग्यो ? के कुनै विद्यार्थीहरू पुरूष मात्र न्यायधीश हुन्छन् भन्ने आशा गर्दछन् ? गर्दछन् भने किन ?

(घ) को के हो ?

स्कूलमा उनीहरूले पढेको कितावमा अथवा उनीहरूले घरमा सुन्ने गरेको कुनै प्रचार साधनमा उनीहरूलाई निम्नलिखित कुरा जाँच्न लगाउनु होस् । पुरूष र स्त्रीको समान संख्याको उल्लेख त्यहाँ छ कि छैन ?

(२) महिला चरित्रहरूलाई शाहसिक निर्णयकर्ता, शारिरीक रूपले सक्षम र जोखिमपूर्ण काम गर्न सक्ने, उनीहरूले गर्न सक्ने रचनात्मक कुरा प्रति चासो राख्ने व्यक्तिको रूपमा देखाइएको छ कि छैन ?

(३) पुरूष चरित्रहरूलाई दयालु, स्नेही, सहयोगी, आफ्ना उत्कण्ठा व्यक्त गर्न सक्ने, घरको स्याहार गर्ने, बच्चा हुर्काउने कुशलता सिक्न इच्छुक, अरूले आइमाई जस्तो भन्लान कि भन्ने डरबाट मुक्त केटीहरू निम्नस्तरका हुन्छन् भन्ने भावनाबाट मुक्त, चरित्रको रूपमा देखाइएको छ कि छैन ?

(४) पुरूष र स्त्रीले एक अर्कोलाई समान स्तरको नागरिकको रूममा सम्मान गर्दछन् कि गर्दैनन् ?

(५) लोग्ने मानिसहरूले घरमा सक्रिय भूमिका खेल्छन् कि खेल्दैनन् ?

(६) महिलाहरूले घर बाहिर सक्रिय भूमिका खेल्छन् कि खेल्दैनन् ? खेल्छन भने शिक्षकहरू भन्दा अरू व्यक्तिहरूको रूपमा नर्स अथवा सचिवको रूपमा वा वेतलवी अथवा निम्न वैतनिक मजदूरको रूपमा अथवा कसरी भूमिका खेल्छन् ?

(ङ) जाति - भेदविहीन कक्षा

जाति भेदविहीन कक्षा कोठा बनाउनको लागि दिएका अधिकांश सुझावहरू लिङ्ग भेदहीन कक्षा कोठा विकास गर्नको निम्ति पनि अपनाउन सकिन्छ । रोकावटका कुरालाई तोड्नको निम्ति हर संभव ठाउँबाट सहयोग लिनुहोस् । लिङ्गमा आधारित

वहिस्कारलाई कहिलै अनुमति नदिई स्पष्ट र विश्वासका साथै आफ्ना कुरा प्रस्तुत गर्दै परंपरागत विचारलाई सम्मान गर्नुहोस् । निपष्क्षता के हो भनेर सधैं सोध्नुहोस् । विद्यार्थीहरूलाई महिला विरूद्ध सवै रूपका भेदभावहरू उन्मूलन गर्ने संहिताहरू सित परिचय गराउनुहोस् ।

प्रचार साधानहरू स्वास गरी विज्ञापनको अध्ययनले राम्रा राम्रा सामाग्रीहरू प्रदान गर्दछन् ।

स्कूलको पाठ्यक्रम र वर्तमान पाठ्य पुस्तकहरूको शुक्ष्म अध्ययन गर्ने सल्लाह पनि देऊ : के "इतिहासले" स्त्री अथवा पुरूषको भूमिका प्रति गंभीर ध्यान दिन्छ ? के अर्थशास्त्रले बजारमा, चाहे घर भित्र होस् वा वाहिर, महिलाहरूवारे छलफल गरेको छ ? के "कानून" ले सम्पत्ति र महिलाहरूको रक्षा गर्दछ ? के सरकारले महिलाको कम प्रतिनिधित्वलाई हेर्दछ ? के "विज्ञानले" महिलाले गरेको कामलाई महत्व दिन्छ ? के केटीहरूलाई गणितमा उत्कृष्टता हासिल गर्न प्रोत्साहित गरिन्छ ?

"विज्ञान" "भाषा" "कलाको" अध्यापन कतिको लिङ्ग भेदवादी छ ?

भेदभाव र अल्पसंख्यक समूहको स्थिति

"अल्पसंख्यक समुदाय" को धारणालाई "जातियता" र अक्सर जातसित मिसाइन्छ । जव यस्तो हुन्छ त्यही वेला पहिलेका गतिविधिहरू यहाँ पनि सान्दर्भिक हुन्छन् । यहाँ प्रयोग गरिएको शव्द स्वुकुलो किसिमको छ । आदिवासी जनता, विस्थापित जनता बसाई सरेर आएका जनता, शरणार्थी र दक्षिण अफ्रिकाको जस्तो उत्पीडित वहुसंख्यक जनताको वर्णन गर्न पनि प्रयोग गरिन्छ । यी सवै समुदायमा समानरूपले गरीवी रहेको हुन्छ । एउटा अल्पसंख्यक समूह सवल भएपछि अल्पसंख्यक समूह रहदैन ।

अल्पसंख्यक समूहका सदस्यहरूले मानव अधिकारको हक रास्दछन । तर अक्सर त्यो समूहका सदस्यको रूपमा अरू केही निश्चित अधिकारहरू माथि पनि उनीहरूले आफ्नो दावी गर्दछन् । स्वास स्वास समूहमा सांस्कृतिक र राजनैतिक आत्मनिर्णय, जमीन क्षतिपूर्ति, प्राकृतिक श्रोतहरू माथि नियन्त्रण र सांस्कृतिक स्थलमा जान पाउने अधिकार समावेश छन्

(क) केही अल्पसंख्यक समूहहरूको परिचय

समकालिन अल्पसंख्यक समूहको एउटा सूची तयार गर्न कक्षालाई अह्राउनु पर्छ । भेदभावलाई रोक्ने र अल्पसंख्यकहरूको संरक्षण गर्ने वारे आयोगका

प्रतिवेदनहरू र यो क्षेत्रमा काम गर्ने अन्तराष्ट्रिय गैर सरकारी संगठनहरूद्वारा प्राप्त गरिएको सामाग्रीले ठोस उदाहरण र सूचना गर्न सक्दछ ।

अगुवा विद्यार्थीहरूले स्वास समूहको आकार, स्थानीयता, इतिहास, संस्कृति र समकालिन जीवन अवस्थावारे पत्ता लगाउन कुनै मामिलाको अध्ययन गर्न सक्दछन् ।

(ख) वक्ताहरू

स्वास "अल्पसंख्यक समूहका" सदस्यलाई कक्षामा कुराकानी गर्न निम्ता दिनु पर्छ । छलफल गरिएको विषयमा न्याय, स्वतन्त्रता र समानता वृद्धि गर्न विद्यार्थीहरू कसरी सबभन्दा राम्रोसंग सहभागी वन्न सक्छन भनेर विचार गर्नु पर्छ ।

भेदभाव-शारीरिक असक्तता

यदि विद्यार्थीहरू संलग्न समस्याहरूको समझदारी हासिल गर्न चाहन्छन् भने स्कूल वाहिर समुदायका शारीरिक अथवा मानसिक रूपले अशक्त मानिसहरूसित व्यावहारिक काम गर्नु सवभन्दा असल हुन्छ ।

(क) वक्ताहरू

स्वास किसिमले असक्त भएका मानिसहरूलाई कक्षामा वातचित गर्न निम्ता दिनुहोस् । उनीहरूले सामना गरेका कठिनाईहरू, परिणाम स्वरूप उनीहरूले सिकेका पाठहरू र उनीहरूका स्वास स्वास अधिकारहरूको वारेमा वक्ताहरूले व्याख्या गर्न सक्दछन् । वौद्धिक रूपले असक्त मानिसहरू, सवभन्दा पहिले मानिस हुन् त्यसपछि मात्र उनीहरू अपाङ्ग हुन भन्ने कुरामा जोड दिनुहोस् ।

(ख) सवैका लागि एउटै स्कूल

विद्यार्थीहरूलाई स्कूल र यसको वातावरणको जाँच गर्न र स्वास असक्तता भएका मानिसहरूको निम्ति यो कसरी पहुंच योग्य छ भन्ने वारे पत्ता लगाउनुहोस् । शारीरिक रूपले अपाङ्ग मानिसमा अधिकार वारेको घोषणा र मानसिक रूपले अपाङ्ग मानिसहरूको अधिकारवारेको घोषणालाई प्रवर्धन गर्न तिम्रो स्कूलले के गर्न सक्छन् ?

अध्याय चार

अव के गर्ने ?

यो पुस्तिका एउटा शुरूवात मात्र हो अन्त्य होइन । यसको उद्देश्य छलफललाई र विचारलाई जगाउनु हो र यसरी हाम्रा मानव अस्तित्वको पूर्णतामा मानव अधिकारका सिद्धान्तलाई प्रयोग गर्नको लागि बच्चाहरूमा अधिकार र नैतिक दायित्वहरूको वस्तुगत र आधारभूत सभझदारी विकास गर्न सहयोग गर्नु हो ।

परिणामहरूलाई ध्यानमा राख्नोस् । यसले गर्दा तपाईको प्रयोग कस्तो भयो भन्ने तपाई आफैले राम्ररी देख्न सक्नु हुनेछ । परिणतीहरू र परिवर्तन गर्न सकिने कुराहरूका वारेमा विचार गर्नुस् । तपाई, तपाईको कक्षा र स्कूलको वारेमा व्याख्या गर्नुस् । सकिन्छ भने विद्यार्थी र उनीहरूको विगत वारेको जानकारीलाई पनि संलग्न गर्नोस् ।

के अर्थपूर्ण थियो र के थिएन भन्ने विषयमा के हुने आशा गरिएको थियो र के भयो भन्ने प्रकाशमा लेखिएका व्यक्तिगत विवरणहरूलाई समेटेर सवैले सजिलै बुझ्ने गरी र यो काम गर्ने सवैले साझेदारी गर्न सक्ने एउटा अध्ययन प्रतिको तयार पार्नुहोस् ।

मानव अधिकारको निम्तिको अध्यापनको महत्वलाई जति जोड दिए पनि कम नै हुन्छ । यो सर्वोच्च कुरा हो । साधान र साध्यले यसलाई पूर्णता दिन्छन् ।

अन्तिम तर उत्तिकै महत्वपूर्ण कुरा के हो भने मानव अधिकार अन्यत्र कही वसेका अरू मानिसहरूको निम्ति मात्रै सान्दर्भिक होइन भन्ने कुरा विद्यार्थीहरूलाई संझाउनु होस् । हाम्रा संपूर्ण विविधता सहित हामी पनि यही संसारमा वसेका हुनाले यिनीहरूहरूले हामी सित सरोकार राख्छन्,"हामी" चाहे जो सुकै हौं । आफ्ना आफ्ना समाजमा मानव अधिकारको प्रर्वधन गर्न र रक्षा गर्न आफूले सिकेका कुरालाई कसरी सवभन्दा राम्ररी प्रयोग गर्न सकिन्छ त्यसवारे विचार गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुहोस् । यो काम माथि बताइएका विभिन्न गतिविधिहरूमा आधारित हुन सक्छ जसले संपूर्ण समुदायमा मानव अधिकार सिद्धान्तहरूको व्यवहारिक प्रयोग गराउछन् । यसले त्यो शिक्षालाई शुदृढ पार्दछ औं विद्यार्थीलाई कक्षा र विद्यालय वाहिर व्यक्त जीवनमा उनीहरूले गर्न सक्ने योगदान तर्फ निर्देशित गर्दछ ।

मानव अधिकारको विश्वव्यापी घोषणा

प्रस्तावना

मानव परिवारका सबै सदस्यहरूको अन्तरनिहित मान तथा समान र अविच्छिन्न अधिकारहरूको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले,

मानव अधिकारहरू प्रति अवहेलना तथा अनादरको परिणामबाट नै बर्बर काम भई मानव जातिको अन्तस्करणमा चोट पुऱ्याइएको हुनाले र मानवहरूले धर्म र वाक स्वतन्त्रता तथा भय र अभावबाट मुक्ति पाउनु पर्छ भन्ने सर्वसाधारण जनताको घोषित आकांक्षा भएकोले,

अत्याचार र दमनको बिरूद्ध अरू उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने मानिसले नठानुन् भन्ने हो भने मानव अधिकारहरू कानूनी शासनद्वारा संरक्षित रहनु अति आवश्यक भएकोले,

राष्ट्रहरूका बीच मैत्री सम्बन्ध बृद्धि गर्न आवश्यक भएकोले,

संयुक्त राष्ट्र संघका जनताहरूले मानवका मौलिक अधिकारहरू र मनुष्यको मान तथा कदर र नर-नारीहरूको समान अधिकारहरू प्रति पुनः विश्वासको पुष्ट्याईं अधिकार पत्रमा गरी बढी स्वतन्त्रताको आधारमा सामाजिक प्रगति एवं जीवनको स्तर बढाउन निश्चय गरेकोले,

सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्र संघको सहयोगमा मानव अधिकारहरू र मौलिक स्वतन्त्रताहरूप्रति विश्वव्यापी सम्मान वृद्धि गर्ने एवं पालन गर्ने प्रतिज्ञा गरेकाले र

यो प्रतिज्ञा पूरा गर्न यी अधिकारहरू एवं स्वतन्त्रताहरूको सर्वसाधारण जानकारी राख्नु अत्यन्त आवश्यक भएकोले,

सदस्य राष्ट्रहरू र ती राष्ट्रहरूको अधिकारमा रहेका प्रादेशिक जनताहरूमा समेत ती अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी र प्रभावशाली मान्यता प्राप्त गर्नको लागि प्रत्येक व्यक्ति र समाजको अंगले यस घोषणालाई निरन्तर मनमा राखी राष्ट्रिय र अन्तराष्ट्रिय प्रगतिशील कदमहरूद्वारा यी अधिकार र स्वतन्त्रताहरूप्रति दिक्षा तथा शिक्षाद्वारा श्रद्धा बढाउन प्रयत्न गरून् भनी साधारण सभाले मानव अधिकारको यस विश्वव्यापी घोषणालाई सबै जनता र राष्ट्रको निमित्त एउटा साझा मापदण्ड भनी घोषणा गर्दछ ।

धारा १ सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन् र ती सबैको समान अधिकार र महत्व छ । निजहरूमा विचार शक्ति र सद्विचार भएकोले निजहरूले आपसमा भातृत्वको भावनाबाट व्यवहार गर्नु पर्छ ।

धारा २ जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अरू विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ । यसको अतिरिक्त चाहे कुनै पनि देश स्वतन्त्र होस् वा संरक्षित, स्वशासनरहित वा परिमित प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरूमा राजनैतिक, क्षेत्रीय वा अन्तराष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन ।

धारा ३ प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार हुनेछ ।

धारा ४ बाँदा वा दास बनाई कसैलाई पनि राख्निने छैन । दासत्व र दास दासीको व्यापार प्रत्येक रूपमा निषेध गरिएको छ ।

धारा ५ कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन या निर्दयी, अमानुषिक वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन ।

धारा ६ कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुन्छ ।

धारा ७ कानूनको दृष्टिमा सबै समान छन् र विना भेदभाव सबै कानूनको समान संरक्षणको अधिकारी हुनेछन् । यस घोषणालाई उल्लंघन गरी गरिएको वा उक्साइएको भेदभावको विरूद्ध समान संरक्षणको अधिकारी सबै हुनेछन् ।

धारा ८ संबिधान वा कानूनद्वारा दिइएका मौलिक अधिकारहरू भंग गर्ने कार्यहरूको बिरूद्ध योग्य राष्ट्रिय अदालतको प्रभावोत्पादक उपचारको सबैलाई अधिकार हुनेछ ।

धारा ९ कसैलाई पनि मनमानी ढंगले देश निष्कासित वा गिरफ्तार वा नजरबन्द गरिने छैन ।

धारा १० कुनै व्यक्ति उपर लगाइएको फौजदारी आरोपको बिरूद्ध निजको अधिकार र दायित्व निरूपण गर्दै स्वतन्त्र र न्याययुक्त अदालतबाट सुनुवाईको हक प्रत्येक व्यक्तिलाई समान रूपले हुनेछ ।

धारा ११ (१) दण्डनीय अपराधको आरोप लागेको, प्रत्येक सुविधाहरू दिएको, बचाउको निमित्त सबै आवश्यक सुविधाहरू दिएको खुला अदालतले कानून अनुसार निजलाई अपराधी नठहराउन्जेल निज निरपराध मानिने छ।

(२) कुनै व्यक्तिले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तराष्ट्रिय कानून अन्तर्गत अपराध मानिदैन मने त्यस्तो कामको प्रति कुनै पनि व्यक्तिलाई दोषी ठहराइने छैन र कुनै पनि व्यक्तिलाई अपराध गर्दा उक्त समयमा दिन सकिने सजाय भन्दा बढी सजाय दिइने छैन।

धारा १२ कुनै पनि व्यक्तिको गोप्यता, परिवार, घर वा पत्र व्यवहार प्रति मनमानी हस्तक्षेप गरिने छैन र कसैको सम्मान तथा ख्यातीमाथि चोट पुऱ्याइने छैन र त्यस्तो हस्तक्षेप वा चोटको विरूद्ध प्रत्येक व्यक्तिलाई कानूनी संरक्षणको अधिकार हुनेछ।

धारा १३ (१) प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमाना भित्र स्वतन्त्रतापूर्वक विचरण र बसोवास गर्ने अधिकार हुन्छ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरू कुनै पनि देश छोड्ने र आफ्नै देशमा फर्की आउने पूर्ण अधिकार छ।

धारा १४ (१) लगाइएको अभियोगबाट उम्किन प्रत्येक व्यक्तिलाई अरू देशमा शरण लिने र खोज्ने अधिकार छ।

(२) संयुक्त राष्ट्र संघको उद्देश्य र सिद्धान्तको विपरित कार्यहरू वा अराजनैतिक अपराधहरूको अभियोगको सम्वन्धमा यो अधिकार प्रयोग गर्न सकिने छैन।

धारा १५ (१) प्रत्येक व्यक्तिलाई राष्ट्रका नागरिकताको अधिकार छ।

(२) कुनै पनि व्यक्तिलाई मनमानी ढंगले निजको नागरिकताबाट बन्चित गरिने छैन र नागरिकता परिवर्तन गर्ने अधिकारलाई इन्कार गरिने छैन।

धारा १६ (१) जाति, राष्ट्रियता वा धर्मको भेदभाव बिना वयस्क, स्त्री, पुरूषहरूलाई आपसमा विवाह गर्ने र परिवार स्थापना गर्ने अधिकार छ। विवाहको विषयमा वैवाहिक जीवनमा तथा विवाह विच्छेदमा तिनीहरूको समान अधिकार हुनेछ।

(२) विवाहको इच्छा राख्ने स्त्री, पुरूषको पूर्ण स्वतन्त्र सहमतिबाट मात्र विवाह हुनेछ।

(३) समाजको स्वाभाविक र आधारभूत सामूहिक एकाई परिवार हो र समाज र राज्यद्वारा संरक्षण पाउने अधिकार यसलाई छ।

धारा १७ (१) प्रत्येक व्यक्तिलाई एक्लै वा अरूसंग मिलेर सम्पत्ति आर्जन गर्ने र राख्ने अधिकार छ ।

(२) कुनै पनि व्यक्तिको सम्पत्ति मनमानी ढंगले अपहरण गरिने छैन ।

धारा १८ प्रत्येक व्यक्तिलाई विचार, मत र धार्मिक स्वतन्त्रताको अधिकार छ । धर्म वा मत बदल्ने स्वतन्त्रता र सार्वजनिक वा व्यक्तिगत रूपमा एक्लै वा समूहमा आफ्नो धर्म वा मतलाई शिक्षा, आचरण, पूजा र पालनद्वारा प्रकट गर्ने स्वतन्त्रता समेत यस अन्तर्गत सम्मिलित छ ।

धारा १९ प्रत्येक व्यक्तिलाई विचार स्वतन्त्रता र प्रकाशनको अधिकार छ । विना कुनै हस्तक्षेप मत ग्रहण गर्न र विना रोकटोक कुनै माध्यमद्वारा मत प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार निजलाई हुनेछ ।

धारा २० (१) शान्तिपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

(२) संस्थाको सदस्य बन्न कुनै व्यक्तिलाई कर लगाउन सकिने छैन ।

धारा २१ (१) देशको शासनमा प्रत्यक्षरूपले वा स्वतन्त्ररूपले चुनिएका प्रतिनिधिद्वारा भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई निजको देशको सरकारी जागीरहरूमा समान प्रवेशाधिकारको हक छ ।

(३) सरकारको सत्ताको आधार जनताको इच्छा हुनेछ र यस्तो इच्छा सर्वव्यापी समान मताधिकारद्वारा समय समयमा हुने निष्पक्ष चुनावद्वारा अभिव्यक्त गरिनेछ र त्यस्तो चुनाव गुप्त मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिने छ ।

धारा २२ समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र प्रत्येक व्यक्तिको सम्मान र व्यक्तित्वका स्वतन्त्र विकासको निमित्त आवश्यक आर्थिक , सामाजिक र सांस्कृतिक अधिकारहरू र सहयोग र राष्ट्रिय प्रयत्नद्वारा राष्ट्रको संगठन र साधन अनुसार उपलब्ध गर्ने अधिकार प्रत्येक व्यक्तिलाई छ ।

धारा २३ (१) प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छा बमोजिम नोकरी रोज्ने र काम गर्नको निमित्त उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने र बेकारीबाट रक्षा पाउने अधिकार छ ।

(२) प्रत्येक व्यक्तिले विना भेदभाव समान कार्यको लागि समान तलब पाउनेछ ।

(३) काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारको लागि मानवीय अनुकूल गौरवान्वित आजीविकाको बन्दोवस्तको लागि उचित र अनुकूल

पारिश्रमिक र अन्य प्रकारको सामाजिक संरक्षणद्वारा त्यसको पूर्तिको अधिकार हुनेछ ।

(४) प्रत्येक व्यक्तिलाई निजको हितको रक्षाको निमित्त ट्रेड्युनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार छ ।

धारा २४ मनासिव माफिकको काम गर्ने घण्टाको हदवन्दी मित्र प्रत्येक व्यक्तिलाई सवैतनिक आवधिक विदा र विश्रामको अधिकार छ ।

धारा २५ (१) प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि जीवनस्तरको अधिकार छ र यस अन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारको सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् र विरामी, असमर्थता, विधवा, बूढेसकाल वा निजको शक्ति बाहिरको अरू कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ ।

(२) मातृकाल वा बालयवस्थामा रहेका प्रत्येक व्यक्तिलाई विशेष हेरचार, सहायता प्राप्त हुनेछ । विवाहिता र अविवाहिता आमाबाट जन्मेका दुवै बालकले समान सामाजिक संरक्षणको उपभोग गर्न पाउनेछन् ।

धारा २६ (१) प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । शिक्षा कमसेकम प्रारम्भिक र बुनियादी अवस्थामा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्चस्तरको शिक्षा योग्यताको आधारमा सवैलाई समान रूपले उपलब्ध हुनेछ ।

(२) मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो पार्ने गरी शिक्षाको प्रसार गरिनेछ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धोर्मिक समूहहरूको वीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराइनेछ र शान्ति कायम गर्नको लागि संयुक्त राष्ट्र संघका प्रयत्नहरूलाई बढाइने छ ।

(३) छोरा छोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा बाबुलाई हुनेछ ।

धारा २७ (१) प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिने, कलाहरूको आनन्द लिने तथा वैज्ञानिक प्रगति र विज्ञानले प्रदान गरेका सुविधाहरूको उपभोग गर्ने अधिकार छ ।

(२) प्रत्येक व्यक्तिलाई निजले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएका नैतिक र भौतिक लाभहरूको संरक्षणको अधिकार हुनेछ ।

धारा २८ यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरू पूर्णरूपले प्राप्त गर्नको लागि प्रत्येक व्यक्तिलाई सामाजिक र अन्तराष्ट्रिय व्यवस्थाको अधिकार छ।

धारा २९ (१) प्रत्येक व्यक्तिको समाज प्रति कर्तव्यहरू छन् र जस अन्तर्गत बसेर मात्र व्यक्तिको स्वतन्त्र र पूर्ण विकास सम्भव छ।

(२) आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा प्रत्येक व्यक्तिले अरूको अधिकार र स्वतन्त्रताहरूप्रति पनि आदर र मान्यता दिनु पर्नेछ र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्बसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरू प्राप्त गर्ने उद्देश्यले मात्र कानूनद्वारा निश्चित गरिएको सीमाभित्र रहनु पर्ने छ।

(३) यी अधिकार र स्वतन्त्रताहरूको प्रयोग संयुक्त राष्ट्र संघको सिद्धान्त र उद्देश्यको विपरित कुनै हालतमा उपभोग गर्न सकिने छैन।

धारा ३० कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यस घोषणाको व्याख्या गर्न हुँदैन।

परिशिष्ट

बाल अधिकार सम्वन्धी महासन्धि
सन् 1989 नोभेम्वर 20 मा
संयुक्त राष्ट्र महासभा द्वारा पारित

प्रस्तावना

वर्तमान महासन्धिमा सहभागी राज्य-समूहहरूले, संयुक्त राष्ट्रको वडापत्रमा उद्घोषित सिद्धान्तहरूकै अनुरूप जन्मसिद्ध प्रतिष्ठा र मानव परिवारका संपूर्ण सदस्यहरूका समान तथा अहस्तान्तरणीय अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको मूल आधार मानिएको कुरालाई विचार गर्दै,

संयुक्त राष्ट्रका सदस्यहरूले वडापत्रमा उल्लेखित मौलिक मानव अधिकारहरू मानवीय प्रतिष्ठा र मूल्यमा आफ्नो आस्थाको पुनः समर्थन गरेको र व्यापक स्वतन्त्रतामा सामाजिक प्रगति र स्तरीय जीवनको प्रवर्द्धन गर्ने निधो गरेको कुरालाई मनन् गर्दै,

संयुक्त राष्ट्रले मानव अधिकारको विश्वव्यापी घोषणा र मानव अधिकार वारे अन्तराष्ट्रिय प्रसविदा (Convinant) मा हरेक व्यक्तिलाई कुनै पनि जाति, रंग, लिंग, भाषा, धर्म, राजनीति वा अन्य अवस्थाको आधारमा विना भेदभाव संपूर्ण अधिकार र स्वतन्त्रता प्रदान गर्न घोषणा र मन्जुरी गरेको कुरालाई मान्यता दिंदै ,

मानव अधिकारको विश्वव्यापी घोषणामा उल्लेखित संयुक्त राष्ट्रको बाल्यवस्थालाई विशेष स्याहार सहयोग प्रदान गर्नुपर्ने घोषणालाई आह्वान गर्दै,

परिवारलाई, यसका संपूर्ण सदस्यहरू र खासगरी बालबालिकाको विकास र कल्याणको लागि चाहिने समाजको आधारभूत इकाई तथा प्राकृतिक वातावरणको रूपमा आवश्यक संरक्षण र सहयोग प्रदान गर्नुपर्दछ : ताकि यसले समुदाय भित्र रहेर आफ्ना जिम्मेवारीहरूलाई पूर्ण रूपले वहन गर्न सक्छ भन्ने कुरालाई विश्वास दिलाउँदै,

सामान्जस्य पूर्ण बालबालिकाको व्यक्तित्वको पूर्ण र सामान्जस्यपूर्ण विकासको लागि एउटा पारिवारिक वातावरण, माया, ममता र समझदारीको वातावरणमा हुर्काउनु पर्छ भन्ने कुरालाई मान्यता दिंदै,

बालबालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बाँच्न पूर्ण रूपले तयारी गरिनु पर्दछ र संयुक्त राष्ट्रको वडापत्रमा घोषित आदर्शहरू अनुरूप र खासगरी शान्ति, प्रतिष्ठा, सहिष्णुता, स्वतन्त्रता, समानता र एकतावद्ध भावनामा लालन पालन गर्नु पर्छ भन्ने कुरालाई विचार गर्दै,

सन् १९५९ नोभेम्वर २० मा संयुक्त राष्ट्र महासभाद्वारा पारित बाल अधिकार घोषणामा उल्लेखित "बालकलाई उसको शारीरिक तथा मानसिक अपरिपक्वताको कारण विशेष

हेरचार र स्याहारको आवश्यकताका साथै उचित कानूनी संरक्षणको खाँचो जन्मनु अघि र जन्मेपछि पनि पर्छ" भन्ने कुरालाई हृदयंगम गर्दै,
बालबालिकाको संरक्षण एवं कल्याणसंग सम्बन्धित सामाजिक एवं कानूनी सिद्धान्तहरूको घोषणा प्रावधानहरू, स्वासगरी राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा बालबालिकाको हस्तान्तरण र कास्वलिने प्रकृयासंग सम्बन्धित (सन् १९८६ डिसेम्वर ३ को महासभाको प्रस्ताव ४१।८५) : बाल न्यायको कार्यान्वयनको निम्ति संयुक्त राष्ट्र प्रमाणिक न्यूनतम विधिहरू ("पेइचिङ विधि") (सन् १९८५ नोभेम्वर २९ को महासभाको प्रस्ताव ४०।३३): र संकटकाल र सैनिक युद्धमा महिला र बालबालिकाको संरक्षण सम्वन्धि घोषणा (सन् १९७४ डिसेम्वर १४ को महासभाको प्रस्ताव ३३१८ (xxix) लाई संस्मरण गर्दै,

विश्वका संपूर्ण देशहरूमा बालबालिकाहरू अति नै कठिन अवस्थामा बाँचेका, र यी बालबालिकाहरूलाई विशेष सुविधाको खाँचो छ भन्ने कुरालाई मान्दै,
बालबालिकाको संरक्षण र सामन्जस्यपूर्ण विकासको लागि हरेक व्यक्तिको परम्परा र सांस्कृतिक मूल्यहरूको महत्वलाई उचित ध्यान दिंदै,
विशेषतः विकासशिल मुलुकहरूमा हरेक मुलुकका बालबालिकाको जीवनस्तर उकास्नको लागि अन्तराष्ट्रिय सहयोगको महत्वलाई मान्यता दिंद , निम्न कुराहरूमा मन्जुरी दिएका छन् :

भाग १

धारा १ . वर्तमान महासन्धिको उद्देश्यको लागि बाल कानून मातहत बहुसंख्यकको बयस्कताको उमेर अघिल्ला बर्षहरूमा नै नपुगेको भए, बालक भन्नाले १८ बर्ष मुनिका प्रत्येक मानव बुझिन्छन् ।

धारा २ . (१) वर्तमान महासन्धिका राज्य-समूहहरूले, महासन्धिमा प्रत्येक बालबालिकाको लागि अगाडि ल्याइएको अधिकारलाई आफ्नो बैधानिकता भित्र रहेर बालकको वा उसका बाबुआमाको वा बैधानिक अभिभावकको जाति, रंग, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारहरू, राष्ट्रिय, जातीय, सामाजिक उत्पत्ति, पारिवारिक वा अन्य कुनै आधारहरूबाट पृथक अवस्था, जातीय उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य कुनै आधारहरूबाट पृथक रही बिना कुनै भेदभाव सम्मान र सुनिश्चित गर्नेछ । (२) राज्य-समूहहरूले बालकका बाबुआमाहरू, बैधानिक अभिभावकहरू वा अन्य पारिवारिक सदस्यहरूको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरू वा आस्थाहरूको आधारमा गरिने सबै किसिमका भेदभाव वा सजायबाट बालकको संरक्षण गरिन्छ भन्ने कुरालाई सुनिश्चित पार्न संपूर्ण उचित बैधानिक र प्रशासनिक मापदण्ड चाल्नेछन् ।

धारा ३ . (१) सार्वजनिक अथवा नीजि समाज कल्याण संस्थाहरू, कानूनी अदालतहरू, प्रशासनिक यन्त्रहरू वा बैधानिक निकायहरू, जो सुकैले पनि गरेको बालबालिकाहरूसंग सम्वन्धित सबै कार्यहरूमा बालबालिकाको उच्चतम हितलाई प्रमुख प्राथमिकता दिइने छ । (२) राज्य-समूहहरूले बालबालिकाको माता, पिता, बैधानिक अभिभावक वा कानूनी रूपमा तिनको लागि जिम्मेवार अन्य व्यक्तिहरूको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै, बालबालिकाको सुखको लागि आवश्यक पर्ने संरक्षण र स्याहारको निश्चय गर्ने काम गर्दछ र यसको निम्ति संपूर्ण उचित बैधानिक र प्रशासनिक मापदण्ड चाल्नेछन् । (३) राज्य-समूहहरूले बालबालिकाहरूको स्याहार र संरक्षणका लागि उत्तरदायी संस्थाहरू, सेवाहरू र सुविधाहरू सुनिश्चित गर्न योग्य अधिकारीहरूले निर्धारण गरेका मापदण्डहरू, खास गरी सुरक्षा, स्वास्थ्य, कर्मचारीहरूको संस्था र आवश्यक तथा उपयुक्त सुपरिवेक्षणको क्षेत्रलाई तय गर्ने छन् ।

धारा ४ . राज्य-समूहहरूले महासन्धिमा मान्यता प्राप्त अधिकारहरूको कार्यान्वयनका लागि संपूर्ण उपयुक्त बैधानिक, प्रशासनिक र अन्य उपायहरू अपनाउने छ । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको हकमा राज्य-समूहहरूले आवश्यकता परेको खण्डमा अन्तराष्ट्रिय सहयोगको ढाँचा भित्र रही आफ्ना उपलब्ध श्रोतहरूको उच्चतम हदमा, त्यस्ता उपायहरूलाई अपनाउने छन् ।

धारा ५ . राज्य-समूहहरूले बालबालिकाहरूको बिकासशील क्षमताहरूसंग उपयुक्त हुने किसिमबाट, वर्तमान महासन्धिमा मान्यता दिइएका अधिकारहरूको उनीहरूद्वारा नै अभ्यास गराउन समसामयिक निर्देशन र मार्गदर्शन प्रदान गर्न मातापिता वा, उचित भएमा स्थानीय परम्पराले दिए अनुसार ठूलो परिवार वा समुदाय, बैधानिक अभिभावकहरू र बालबालिकाको निम्ति कानूनी रूपमा उत्तरदायी अन्य व्यक्तिहरूका उत्तरदायित्वहरू, अधिकारहरू र कर्तव्यहरूलाई सम्मान गर्नेछन् ।

धारा ६ (१) राज्य-समूहहरूले हरेक बालबालिकाको जन्मसिद्ध बाँच्ने अधिकार छ भनी मान्यता दिन्छन् । (२) राज्य-समूहहरूले हरेक बालबालिकाको जीवन र विकासमा उच्चतम संभावनाको सुनिश्चित गर्नेछन् ।

धारा ७ (१) कुनै पनि बालबालिकालाई जन्मनासाथ दर्ता गरिने छ र जन्मेपछि उसले नाम राख्न पाउने अधिकार, राष्ट्रियंताको अधिकार र संभव भएसम्म आफ्ना मातापिता चिन्ने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउने छन् ।

(२) राज्य-समूहहरूले आफ्ना मुलुकी ऐन (National Act) र यस फाँटका अन्तराष्ट्रिय माध्यमसंगको यसको दायित्व अनुसार विशेषतः यदि कुनै बालबालिका राज्यविहीन छ भने, यी अधिकारहरूको कार्यान्वयन सुनिश्चित गर्ने छन् ।

धारा ८ (१) राज्य-समूहहरूले बिना गैरकानूनी हस्तक्षेप कानूनले मान्यता दिए अनुसार बालबालिकाको आफ्नो परिचय साथै राष्ट्रियता, नाम र पारिवारिक सम्बन्धलाई संरक्षण गर्न पाउने अधिकारलाई आदर गर्दछन् । (२) जव कुनै बालबालिकालाई आफ्नो परिचयको पूर्ण या आंशिक रूपमा गैरकानूनी ढंगले बन्देज लगाइन्छ त्यसबेला राज्य-समूहहरूले तिनका परिचयको पूर्ण रूपमा पुर्नस्थापना गर्ने हेतुले उपयुक्त सहयोग र संरक्षण प्रदान गर्ने छन् ।

धारा ९ (१) राज्य-समूहहरूले उपयुक्त कानून र विधिव्यबहार अनुरूप बालबालिकाको सर्वोत्तम हितको स्वातिर उनीहरूलाई अलग गरिनु पर्ने कार्य आवश्यक छ भनी कानूनी रूपमा पुर्नविचार गर्ने योग्य अधिकारीहरूले निर्णय नगरेसम्म कुनै पनि बालबालिकालाई उनीहरूको इच्छा बिरूद्ध अलग गरिने छैन भनी विश्वास दिलाउने छन् । यसप्रकारको निर्णय कुनै स्वास अवस्था जस्तै कुनै बालबालिका आफ्ना मातापिताबाट दुर्व्यबहार र उपेक्षित गरिएको अवस्थामा अर्थात मातापिता अलग्गै बसोवास गरिरहेको र बालबालिकाको वसोवास मिलाउन निर्णय लिनु पर्ने अवस्थामा आवश्यक हुन सक्छ । (२) दफा (१) मा उल्लेखित कुनै पनि कार्यविधिहरूमा सम्पूर्ण सरोकारबालाहरूलाई सहभागी हुने अवसर प्रदान गरिने छ र तिनीहरूका विचारहरू बुझिने छ । (३) बालबालिकाहरूको हितहरूमा असर पर्ने स्थितिमा बाहेक राज्य-समूहहरूले कुनै बालबालिका जो अफ्नो माता वा पिता वा दुबैबाट अलग गरिएका छन् भने मातापितासंग नियमित रूपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष सम्बन्ध राख्ने बालबालिकाको अधिकारलाई राज्य-समूहहरूले आदर गर्ने छन् । (४) राज्य-समूहद्वारा उठाइएको कुनै पनि कार्वाहीले यस प्रकारको विछोड, उदाहरणार्थ एक वा दुवै माता पिताहरू वा बालबालिका नजरवन्द, कैद, निर्वासन, देश निकाला वा मृत्यु (कुनै व्यक्ति राज्य हिरासतमा रहँदा हुन गएको कुनै प्रकारको मृत्यु समेत) लाई जन्माउँछ भने त्यस राज्य-समूह (State party) ले मातापिताहरूलाई, बालबालिकाहरूलाई वा परिवारको कुनै सदस्यलाई अनुरोध गरिएपछि परिवारको अनुपस्थित सदस्यहरूको पूर्ण ठेगानाको आवश्यक जानकारीको व्यवस्था तव गर्नेछ जव यसप्रकारको जानकारीले बालकको हित वा कल्याणको लागि हानी गर्दैन । राज्य-समूहहरू (State parties) ले

यसप्रकारको प्रस्तुती आफैले चाहिं सम्बन्धित व्यक्तिहरूको विरूद्ध कुनै प्रतिकूल परिणामहरू जन्माउने छैनन् ।

धारा १० (१) धारा ९ को दफा (१) अन्तर्गत राज्य-समूहहरूको दायित्व अनुरूप पारिवारिक पुनर्मिलनको उद्देश्यले कुनै बालबालिका वा तिनका मातापिताबाट कुनै राज्य-समूहमा प्रवेश गर्न वा त्यसलाई त्याग्न दिइएका आवेदनहरू माथि राज्य-समूहहरूले सकारात्मक, मानवीय द्रुततर शैलीमा व्यबहार गर्ने छन् । राज्य-समूहहरूले आवेदकहरू र उनीहरूको परिवारका सदस्यहरूको लागि यस प्रकारको आवेदनले कुनै प्रकारको प्रतिकूल परिणामहरू जन्माउने छैन भनी दृढ विश्वास दिलाउने छन् । (२) कुनै बालबालिकाको मातापिता वेग्लावेग्लै राज्यहरूमा बस्छन् भने ती बालबालिकालाई विशेष परिस्थितिमा बाहेक, ती दुवै मातापितासंग व्यक्तिगत सम्बन्ध राख्ने र प्रत्यक्ष भेटघाट गर्ने अधिकार दिइएको हुनेछ । दफा (२), धारा ९ अन्तर्गत राज्य-समूहहरूको उत्तरदायित्व बमोजिम अर्थात त्यस हदसम्म राज्य-समूहहरूले बालबालिका र तिनका मातापिताहरूको आफ्नो लगायत कुनै पनि देशलाई छाड्न पाउने र आफ्नो देशमा प्रवेश गर्न पाउने अधिकारहरूलाई आदर गर्ने छन् । कुनै पनि देशलाई छोड्न पाउने अधिकार कानूनद्वारा उल्लेख गरिएका प्रतिबन्धहरूकै अधिन रहने छन, जुन राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अरूका अधिकारहरू र स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक हुन्छन् र यी कुराहरू वर्तमान महासन्धिमा मान्यता दिइएका अन्य अधिकारहरूसंग मिल्दा जुल्दा हुन् ।

धारा ११ (१) राज्य-समूहहरूले बालबालिकाहरूको अवैध स्थानान्तरण र विदेशवाट कहिल्यै नफर्काउने स्थितिको विरूद्ध पाइला चाल्ने छन् । (२) यसको लागि राज्य-समूहहरूले दुइपक्षीय वा बहुपक्षीय सन्धिहरू र निस्कर्षहरू एवं विद्यमान सन्धिहरूका स्वीकृतिहरूलाई राज्य-समूहहरूले सम्वर्द्धन गर्ने छन् ।

धारा १२ (१) राज्य-समूहहरूले त्यस्ता बालबालिकालाई आफ्नो वारेमा स्वतन्त्र रूपले सबै विषयहरूमा अवगत गराउन आश्वासन दिने छन् जो आफ्नै विचारहरू निर्माण गर्न सक्षम छन् । बालबालिकाको विचारलाई उसको उमेर र परिपक्वता अनुसार उचित प्राथमिकता दिइने छ । (२) यस उद्देश्यको लागि बालबालिकालाई असर गर्ने कुनै पनि कानूनी वा प्रशासनिक कार्य-बिधिहरूमा, राष्ट्रिय कानूनका तौरतरीकाहरूसंग मेल खाने ढंगले , कि प्रत्यक्ष रूपमा कि त प्रतिनिधिद्वारा वा कुनै उचित अंगद्वारा सुनुवाई गर्ने अवसर प्रदान गरिनेछ ।

धारा १३ (१) बालबालिकाको अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, यो अधिकारमा भौगोलिक सीमाको मान्यतालाई नाघेर सबै प्रकारका जानकारीहरू र बिचारहरू खोज्न, प्राप्त गर्न र प्रदान गर्न र यसलाई मौखिक, लिखित, छापाको रूपमा, कलाको रूपमा वा बालबालिकाको रूचि अनुसार कुनै पनि प्रचार माध्यमद्वारा अभिव्यक्ति गर्ने स्वतन्त्रता समावेश हुनेछ । (२) यो अधिकारको अभ्यास कुनै प्रतिबन्धहरूको विषय पनि बन्न सक्दछ, तर यिनीहरू कानूनद्वारा प्रदत्त भाव हुने छन् र ती निम्नानुसार आवश्यक छन् :-
(क) अरूका अधिकारहरू वा प्रतिष्ठाहरूको आदर गर्नको लागि, वा
(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थाको सुरक्षा वा जनस्वास्थ्य आचार संहिताको संरक्षणको लागि ।

धारा १४ (१) राज्य-समूहहरूले बालबालिकाको विचार, आस्था र धार्मिक स्वतन्त्रताको अधिकारलाई आदर गर्ने छन् । (२) राज्य-समूहहरूले बालबालिकाको बिकासमान क्षमताहरूसंग मिल्दोजुल्दो अबस्थामा आफ्नो अधिकारको अभ्यास गर्ने काममा निर्देशन दिने मातापिता र उपयुक्त अवस्थामा बैधानिक अभिभावकहरूको अधिकारहरू र कर्तव्यहरूलाई आदर गर्ने छन् । (३) कानूनद्वारा व्यवस्था गरिएका खास सीमाहरू भित्र रही आफ्ना धर्म र आस्थाहरूलाई अपनाउने स्वतन्त्रता कानूनद्वारा व्यवस्था गरिएका ती खास सीमाहरूको विषय हुन सक्छ जुन सार्वजनिक सुरक्षा, व्यवस्था, स्वास्थ्य, वा नैतिकताको सुरक्षाका लागि आवश्यक छ ।

धारा १५ (१) राज्य-समूहहरूले बालबालिकाहरूको संगठन स्वतन्त्रता र शान्तिपूर्ण जमघट हुने स्वतन्त्रताको अधिकारलाई मान्यता दिन्छन् । (२) राष्ट्रिय सुरक्षा वा जन सुरक्षा, सार्वजनिक व्यवस्थाको हितमा, जनस्वास्थ्य एवं नैतिकताको संरक्षण वा अरूका अधिकार तथा स्वतन्त्रताको संरक्षणका लागि एउटा प्रजातान्त्रिक समाजमा आवश्यक पर्ने कानून अनुरूप प्रभावशाली रहेका प्रतिबन्धहरू वाहेक अन्य कुनै पनि प्रतिवन्ध यी अधिकारहरूको अभ्यास गर्दा लागू गरिने छैन ।

धारा १६ (१) बालबालिकाको नीजिपन, परिवार, घर वा पत्राचार माथि अन्यायपूर्वक वा गैरकानूनी हस्तक्षेप गरिने छैन न त उनीहरूका मर्यादा र इज्जत माथि नै गैरकानूनी आक्रमण गरिने छ । (२) यस्ता हस्तक्षेप र आक्रमणको विरूद्ध कानूनी संरक्षण पाउने बालबालिकाको अधिकार हुन्छ ।

धारा १७. राज्य-समूहहरूले सार्वजनिक प्रचार माध्यमले गरेका महत्वपूर्ण कार्यक्रमहरूलाई मान्यता दिन्छन् र विशेषतः बालकको सामाजिक,

आध्यात्मिक र नैतिक कल्याण तथा शारीरिक र मानसिक स्वास्थ्यको सम्वर्द्धनको उद्देश्य राख्ती राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रोतहरूको विविधताबाट जानकारी र सामाग्री पाउँछ भनी सुनिश्चित गर्ने छन् । यसको लागि राज्य-समूहहरूले :- (१) सार्वजनिक प्रचार माध्यमलाई धारा २९ को भावना अनुरूप बालबालिकाको सामाजिक र सांस्कृतिक हित हुने खालको सूचना र सामाग्री प्रचार प्रसार गर्न प्रोत्साहित गर्ने छन् , (२) सांस्कृतिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रोतहरूको विविधताबाट प्राप्त हुने जानकारी र सामाग्री उत्पादन, आदान प्रदान र बितरणमा अन्तरराष्ट्रिय सहयोगलाई प्रोत्साहित गर्ने छन् । (३) बाल पुस्तकहरूको उत्पादन र वितरणलाई प्रोत्साहित गर्ने छन्, (४) सार्वजनिक प्रचार प्रसार संस्थाहरूलाई अल्पसंख्यक समुदाय वा आदिवासी अन्तरगतका बालबालिकाको भाषिक आवश्यकतालाई विशेष आदर गर्न उत्साहित गर्नेछन्, (५) धारा १३ र १८ का प्रावधानहरूलाई ध्यानमा राख्दै बालबालिकाको हितलाई आघात पुऱ्याउने खालका जानकारी तथा सामाग्रीबाट तिनको संरक्षण गर्नको लागि सही मार्ग दर्शनको विकासलाई प्रोत्साहित गर्ने छन् ।

धारा १८ (१) राज्य-समूहहरूको बालबालिकाको लालनपालन र विकासको लागि मातापिता दुबैको साझा उत्तरदायित्वहरू हुन्छन् भन्ने सिद्धान्तको मान्यतालाई सुनिश्चित गर्न उनीहरूका सर्वोत्तम प्रयासहरू प्रयोग गर्नेछन् । बालबालिकाको शिक्षा दिक्षा र विकासको निम्ति मातापिताहरू वा त्यस्तै अवस्थामा बैधानिक अभिभावकको पनि प्राथमिक दायित्व हुन्छ । बालबालिकाको सर्वोत्तम हितको कुरा उनीहरूको प्रमुख चासोको विषय हुनेछ । (२) यस महासन्धिमा व्यवस्था भएका अधिकारहरूलाई सुनिश्चित र सम्वर्द्धन गर्ने उद्देश्यले राज्य-समूहहरूले बालबालिकाको पालन पोषणका दायित्वहरूको कार्यान्वयनमा मातापिता वा बैधानिक अभिभावकहरूलाई उचित सहयोग प्रदान गर्नेछन् । (३) राज्य-समूहहरूले श्रमिक मातापिताका बालबालिकाहरूलाई बाल स्याहार सेवा र सुविधाहरू, जस्को लागि उनीहरू योग्य छन्, त्यसवाट फाइदा लिने अधिकार छ भनी सुनिश्चित पार्ने उपयुक्त कदम चाल्ने छन् ।

धारा १९ (१) राज्य-समूहहरूले बालबालिका, आफ्ना मातापिता, बैधानिक अभिभावक वा अन्य व्यक्तिको हेरचारमा रहेको बेला, तिनलाई शारीरिक वा मानसिक आघात,चोट वा दुर्व्यवहार, हेला वा उपेक्षित व्यवहार, अत्याचार वा यौन दुर्व्यवहार समेत जस्ता संपूर्ण खाले शोषणहरूबाट बालबालिकालाई जोगाउने उपयुक्त बैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउने छन् । (२) यस प्रकारका संरक्षात्मक कदमहरूले सामाजिक कार्यक्रमहरूको संस्थापनको लागि उपयुक्ततानुसार प्रभावकारी कार्यविधिहरू समावेश गर्नु पर्छ, जसले बालबालिकाको लागि र बालवालिकाको स्याहार गर्दै

आएकाहरूको लागि साथै अन्य प्रकारका रोकथामको लागि र परिचयको लागि,जानकारी, परिशिष्टाङ्क, अनुसन्धान, उपचार र आवश्यकतानुसार यसमन्दा अगाडि उल्लेख गरिएका बाल दुर्व्यबहारका उदाहरणहरूको अनुशरणका लागि र उचित भएमा न्यायिक संलग्नताको लागि प्रभावकारी उपायहरू संलग्न गर्नुपर्छ ।

धारा २० (१) कुनै पनि बालबालिकाका स्थायी वा अस्थायी रूपमा तिनको पारिवारिक वातावरणबाट वंचित रहेका छन् वा त्यस प्रकारको वातावरणमा रहँदा तिनको उच्चतम हितहरू पूरा हुँदैनन् भने त्यस्ता बालबालिकाले राज्यद्वारा विशेष संरक्षण वा सहयोग प्राप्त गर्ने छन् । (२) राज्य-समूहहरूले आफ्नो राष्ट्रिय कानून अनुसार यस्ता स्वाले बालबालिकाको लागि वैकल्पिक स्याहार प्रदान गर्न सुनिश्चित गर्ने छन् । (३) यस्ता स्वाले स्याहारले अन्य कुराहरूका साथै, बालबालिकाहरूको हस्तान्तरण, इस्लामिक कानूनको कफाला (KAFALA), कास्व लिने साथै आवश्यकतानुसार बाल स्याहारको निम्ति परोपकारी संस्थाहरूमा हस्तान्तरण गर्न सक्ने छ । यस्ता कुराहरूको उपाय स्वोजिंदा बालबालिकाको लालन पालन र तिनका जातिय, धार्मिक, सांस्कृतिक तथा भाषिक पृष्ठभूमिमा निरन्तरताको चाहनालाई उपयुक्त महत्व दिइने छ ।

धारा २१ . राज्य-समूहहरू जसले कास्व लिने प्रक्रियालाई मान्यता दिन्छन् वा अनुमति दिन्छन्, तिनीहरूले बालबालिकाको उच्चतम हितलाई प्रमुख प्राथमिकता दिने कुरा सुनिश्चित गर्नेछन् र तिनीहरूले, (१) बालबालिकालाई कास्व लिने सबाल माथि त्यस्ता योग्य अधिकारीहरूलाई मात्र अधिकार दिइएको छ जसले उपयुक्त कानून र विधि अनुसार र सम्पूर्ण सान्दर्भिक र भरपर्दो जानकारीको आधारमा कास्व लिने प्रक्रियालाई मातापिता, नातेदार र बैधानिक संरक्षकहरूको स्थिति अनुसार बालबालिकाको स्थितिलाई दृष्टिगत गरी र आवश्यक परेमा सम्वन्धित व्यक्तिहरूले कास्व लिने प्रकृयाको सबालमा आवश्यकता अनुसारको यस्तो छलफलको आधारमा आफ्नो स्वीकृति दिएका हुन्छन् भन्ने कुरालाई सुनिश्चित गर्दछन् । (२) यदि कुनै बालबालिकालाई परोपकारी संस्था या धर्म परिवारमा राख्न सकिन्न वा तिनको जन्मभूमिमा उचित स्याहार पुऱ्याउन सकिन्न भने अन्तरदेशिय रूपमा कास्व लिने प्रक्रियालाई पनि बाल स्याहारको एउटा बैकल्पिक उपायको रूपमा मान्यता दिन्छन्, (३) अन्तरदेशिय रूपमा कास्व दिइएका बालबालिकालाई स्वदेशमा कास्व लिइएका बालबालिका सरह समान सुरक्षाहरू र स्तरहरू प्राप्त भएको छ भन्ने कुरा सुनिश्चित गर्दछन्, (४) अन्तरदेशिय रूपमा कास्व लिने प्रक्रियाको क्रममा यसमा संलग्न व्यक्तिहरूले अनुचित आर्थिक फाइदा उठाएका छैनन् भन्ने कुरा सुनिश्चित गर्नको लागि उपयुक्त कदमहरू चाल्ने छन्, (५)अन्य देशमा गरिएको बालबालिकाको हस्तान्तरण, योग्य अधिकारीहरू वा इकाईहरूबाट

गरिएको हो भनी सुनिश्चित कार्यक्षेत्र भित्र रही एक पक्षीय वा दुइपक्षीय व्यवस्था वा सन्धिहरू र प्रयत्नको टुंगो लगाएर उपयुक्त हुने ठाउँमा यस धारा भित्र उल्लेखित उद्देश्यहरूलाई सम्वर्द्धन गर्दछन् ।

धारा २२ (१) राज्य-समूहहरूले व्यवहारिक अन्तराष्ट्रिय वा राष्ट्रिय कानून अर्थात कार्यविधिहरू अनुसार शरणार्थी हुन खोजिरहेका वा शरणार्थी भइसकेका बालबालिका, आफ्ना मातापिता वा अन्य कोही संग बसे पनि वा नबसे पनि महासन्धिमा र अन्य अन्तराष्ट्रिय मानव अधिकार वा मानवीय दस्ताबेजहरू जसमा ती राज्यहरू यसका पक्ष हुन्छन् उल्लेखित व्यवहारिक संरक्षण र मानवीय सहयोग प्राप्त गर्नेछ भनी सुनिश्चित गर्न उपयुक्त उपायहरू चाल्ने छन् । (२) यस उद्देश्यको निम्ति उपयुक्ततानुसार राज्य-समूहहरूले बालबालिकाको परिवारसंग पुनर्मिलन गर्ने, आवश्यक जानकारीको लागि यस्ता बालबालिकालाई संरक्षण र सहयोग गर्न वा शरणार्थी बालबालिकाको मातापिता वा परिवारका अन्य सदस्यहरूलाई पत्ता लगाउने संयुक्त राष्ट्र वा संयुक्त राष्ट्रसंग सम्वद्ध अन्य सम्वन्धित अन्तर सरकारी संगठनहरू र गैरसरकारी संगठनहरूले गरेको कुनै पनि प्रयासलाई सहयोग प्रदान गर्ने छ । मातापिता वा परिवारका अन्य सदस्यहरूको टुंगो लाग्न नसकेको अवस्थामा, स्थायी वा अस्थायी रूपमा कुनै कारणले परिवारिक वातावरणबाट वंचित रहन परेका बालबालिकाले वर्तमान महासन्धिमा उल्लेख भए अनुसार संरक्षण पाउने छन् ।

धारा २३ (१) राज्य-समूहहरूले मान्यता दिन्छन् कि कुनै पनि मानसिक वा शारीरिक रूपमा अपाङ्ग बालबालिकाले संपूर्ण अवस्थाहरूमा एउटा पूर्ण र उपयुक्त जीवन उपभोग गरेको हुनुपर्छ जसले बालबालिकाको इज्जतलाई सुनिश्चित पार्छ, आत्मसम्मानलाई सम्वर्द्धन गर्छ र समुदायमा बालबालिकाको सक्रिय सहभागितालाई सहयोग गर्छ । (२) राज्य-समूहहरूले अपाङ्ग बालबालिकाको विशेष स्याहारको अधिकारलाई मान्यता दिन्छन् र उपलब्ध श्रोतहरू, योग्य बालबालिका र तिनको हेरचाह गर्ने जिम्मेवारहरूका सम्वन्धमा यस्ता सहयोगको विस्तारलाई प्रोत्साहन र सुनिश्चित गरिने छ जसको लागि आवेदन दिइएको हुन्छ र जुन बालबालिकाको स्थिति सुहाउँदो या मातापिता या उनीहरूको हेरचाह गर्नेहरूको स्थिति अनुकुल हुन्छ । (३) अपाङ्ग बालबालिकाको विशेष आवश्यकतालाई बुझ्दै मातापिताहरू वा बालबालिकाको स्याहार गर्ने अन्य व्यक्तिहरूको आर्थिक श्रोतलाई ध्यानमा राख्दै सम्भव भएसम्म दफा ३ मा उल्लेखित निःशुल्क सहयोग उपलब्ध गराइने छ र कुनै पनि अपाङ्ग बालबालिकाले शिक्षा, प्रशिक्षण, स्वास्थ्य-स्याहार सेवाहरू, पुनर्वास सेवाहरू, रोजगारको तैयारी र मनोरंजनका अवसरहरू बालबालिकाको हितमा तिनको सांस्कृतिक र धार्मिक अभिवृद्धि सहित सामाजिक एकिकरण र व्यक्तिगत विकासको पूर्ण सम्भावित उपलब्धीलाई

सुनिश्चित गर्न व्यवस्था गर्नेछ । (४) राज्य-समूहहरूले पुनर्वास शिक्षा र व्यावसायिक सेवाहरूको तरीकाहरू सम्बन्धी सूचनाहरू वितरण गर्ने र प्राप्त गर्ने सहित अपाङ्ग बालबालिका रोकथाम, स्वास्थ्य स्याहार र औषधी उपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उचित जानकारीको आदान प्रदान गर्न, यस क्षेत्रमा आफ्नो अनुभवलाई विस्तार गर्न र आफ्नो क्षमता र सीपलाई विकास गर्न र आफूलाई सुदृढ बनाउने उद्देश्यले अन्तराष्ट्रिय सहयोगको भावनालाई सम्वर्द्धन गर्ने छन् ।

धारा २४ (१) राज्य-समूहहरूले बालबालिकाको सर्वोत्तम स्तरको स्वास्थ्य कायम गर्ने र विमारीको लागि उपचार गर्न पाउने सुविधा र स्वास्थ्यको पुनर्लाभ गर्न पाउने अधिकारलाई मान्यता दिन्छन् । राज्य-समूहहरूले कुनै पनि बालबालिकाले यस्तो स्वास्थ्य स्याहार सेवाहरू पाउने अधिकारबाट बन्चित हुन नपरोस् भनी सुनिश्चित गर्न कडा परिश्रम गर्नेछन् । (२) राज्य-समूहहरूले यो अधिकारको पूर्ण कार्यान्वयन गर्नेछन् र विशेषत :- (क) जन्म र बाल मृत्यु दर घटाउन, (ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिंदै सम्पूर्ण बालबालिकाहरूलाई दिइने आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहारको प्रावधानलाई सुनिश्चित गर्न, (ग) वातावरणीय दुषितकरणबाट हुने खतरा र जोखिमहरूलाई मध्य नजर राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढाँचा भित्र रही तैयारी रूपमा उपलब्ध प्रविधिको प्रयोगले र पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाले रोग र कुपोषणको विरूद्ध जुझ्न, (घ) आमाहरूको निम्ति गर्भिणी र सुत्केरी अवस्थामा उचित स्वास्थ्य स्याहारको सुनिश्चित गर्न, (ङ) समाजको प्रत्येक क्षेत्रमा खासगरी मातापिता र बालबालिकाहरूलाई बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपान, सरसफाई र वातावरणीय पाइखानाका फाइदाहरू र दुर्घटनाको रोकथाम बारे जानकारी गराउनका साथै यसको प्रयोगमा सहयोग गर्न सुनिश्चित गराउन, (च) रोकथाम सम्वन्धी-स्वास्थ्य स्याहार, मातापिताको लागि सल्लाह र परिवार नियोजन सम्वन्धी शिक्षा र सेवाहरूको विकास गर्न उचित कदमहरू चाल्ने छ । (३) राज्य-समूहहरूले बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत शैलीहरूलाई निर्मूल पार्ने उद्देश्यले संपूर्ण प्रभावशाली र उचित कदमहरू चाल्ने छन् । (४) राज्य-समूहहरूले यस धारामा स्वीकृत गरिएका अधिकारहरूको पूर्ण भावनालाई विकासशील रूपमा प्राप्त गर्ने उद्देश्यले अन्तराष्ट्रिय सहयोगलाई सम्वर्द्धन र प्रोत्साहन गर्न जिम्मा लिन्छन् ।

धारा २५ . राज्य-समूहहरूले बालबालिकालाई प्रदान गरिएको उपचार र उसको स्थानान्तरसंग सम्बन्धित अन्य परिस्थितिहरूको समयान्तर समीक्षा पाउन सक्षम अधिकारीहरूद्वारा उसको शारीरिक र मानसिक स्वास्थ्य स्याहार, संरक्षण र उपचारको उद्देश्य लिइ राखिएको बाल अधिकारलाई मान्यता दिन्छ ।

धारा २६ (१) राज्य-समूहहरूले सामाजिक बीमा सहित सामाजिक सुरक्षाबाट लाभ उठाउन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई मान्यता दिने छन् । (२) यस्ता सहयोगहरू (Benifits) बालबालिकाको र बालबालिकाको भरणपोषणको उत्तरदायी व्यक्तिहरूको श्रोत र परिस्थितिहरूलाई साथै सहयोग को लागि बालबालिकाले गरेका वा तीनका लागि गरिएको आवेदनलाई ध्यानमा राखेर उपयुक्त ठाउँमा प्रदान गरिनु पर्दछ ।

धारा २७ (१) राज्य-समूहहरूले कुनै पनि बालबालिकाको शारीरिक, मानसिक, धार्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने उचित जीवनस्तरको अधिकारलाई मान्यता दिनेछन् । (२) मातापिताहरू वा बालबालिकाको उत्तरदायी व्यक्तिहरूको आफ्नो सक्षमता र आर्थिक क्षमताहरू अन्तरगत रही बालबालिकाको विकासको लागि चाहिने रहन सहनका आवश्यक अवस्थाहरूको संरक्षण गर्नु प्राथमिक दायित्व हुन्छ । (३) राज्य-समूहहरूले राष्ट्रिय परिस्थिति अनुरूप र आफ्नो श्रोत साधन भित्र रही यो अधिकारलाई कार्यान्वयन गराउन मातापिताहरू वा बालबालिका प्रति उत्तरदायी व्यक्तिहरूलाई सहयोग गर्न उचित पाइला चाल्ने छन् र आवश्यक परेमा स्वासगरी गास, बास र कपासलाई लिएर भौतिक सहयोग र सहायता कार्यक्रमहरू प्रदान गर्ने छन् । (४) राज्य-समूहहरूले आफू भित्र वा वाहिर मातापिता र बालबालिकाको लागि आर्थिक रूपमा दायित्ववान व्यक्तिहरूबाट बालबालिकाको लागि स्याहार सुसारलाई सुनिश्चित गर्न उचित पाइलाहरू चाल्ने छन् र स्वासगरी जव बालबालिका प्रति आर्थिक रूपमा उत्तरदायी व्यक्ति बालबालिका वस्ने भन्दा छुट्टै राज्यमा बस्छन् भने राज्य-समूहहरूले अन्तरराष्ट्रिय सन्धीहरूको बाटो समृद्ध पार्ने छन् वा त्यस्ता सन्धीहरूको निष्कर्ष लगायत अन्य उपयुक्त व्यवस्थाहरू बनाउने छन् ।

धारा २८ (१) समान अवसरको आधारमा यो अधिकारको पूर्ण उपलब्धीको प्राप्तीको दृष्टिकोणले राज्य-समूहहरूले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई मान्यता दिन्छन्, उनीहरूले विशेष गरी :- (क) प्राथमिक शिक्षालाई अनिवार्य र सबैको निम्ति निःशुल्क रूपमा उपलब्ध गराउने छन् । (ख) साधारण र व्यवसायिक शिक्षा सहित विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकाहरूमा तिनीहरूलाई उपलव्ध गराउने र पुऱ्याउने र निःशुल्क शिक्षाको चिनारी गर्ने र आवश्यकता परेमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता उपयुक्त उपायहरू अपनाउने छन् । (ग) हरेक उपयुक्त साधनहरूद्वारा क्षमताको आधारमा सबैको निम्ति उच्च शिक्षा पुऱ्याउने छन् । (घ) सम्पूर्ण बालबालिकाहरूमा शैक्षिक र व्यावसायिक जानकारी उपलब्ध गराउने र पुऱ्याउने छन् । (ङ) विद्यालयहरूमा नियमित

हाजिरी बढाउन र परित्याग गर्ने सबाललाई घटाउन विभिन्न उपायहरू अपनाउने छन् । (२) राज्य-समूहहरूले बालबालिकाको मानव प्रतिष्ठा अनुकूल र वर्तमान महासन्धिको आवश्यकतानुसार संचालित विद्यालय अनुशासनलाई सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त कदमहरू चाल्ने छन् । (३) राज्य-समूहहरूले स्वासगरी संसारै देखि अज्ञानता र निरक्षरतालाई उन्मूलन गर्न सहयोग गर्ने दृष्टिकोणले र वैज्ञानिक तथा प्राविधिक ज्ञान र आधुनिक अध्यापनका तरीकाहरूलाई उपलब्ध गराउँदै शिक्षासंग सम्वन्धित विषयहरूमा अन्तराष्ट्रिय सहयोगलाई प्रवर्द्धन र उत्साहित गर्ने छन् यस सम्वन्धमा विकाशोन्मूख देशहरूको खाँचोहरूलाई विशेष ध्यान दिइने छ ।

धारा २९ (१) राज्य-समूहहरूले बालबालिकाको शिक्षा निम्न दिशामा हुन पर्ने कुरामा सहमत गर्दछन् :- (क) बालबालिकाको व्यक्तित्व, योग्यताहरू र मानसिक र शारीरिक सक्षमताको पूर्ण सम्भावनाको विकासमा, (ख) मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको लागि र संयुक्त राष्टको वडापत्रमा उल्लेखित सिद्धान्तको आदरको विकासमा, (ग) बालबालिकाको मातापिता, उसको आफ्नै सांस्कृतिक परिचय, भाषा र मूल्यहरू प्रतिको बालबालिका बसोबास गरिरहेको देशको राष्ट्रिय मूल्यहरू, बालबालिका जन्मेको देशको राष्ट्रिय मूल्य र बालबालिकाको आफ्नो भन्दा फरक किसिमको सभ्यता प्रतिको आदरको विकासमा, (घ) सम्पूर्ण जनताहरू, जाती, राष्ट्रिय र धार्मिक समुदाय र आदिवासी मूलका मानिसहरू बीच समझदारी, शान्ती, सहिष्णुता, लिङ्ग समानता र मित्रताको भावनानुरूप एउटा स्वतन्त्र समाजमा उत्तरदायीपूर्ण जीवनको लागि बालबालिकाको तैयारी । (ङ) प्राकृतिक वातावरणको लागि सम्मानको विकास । (२) शैक्षिक संस्थाहरू स्थापना गर्न र संचालन गर्न व्यक्ति र संस्थाहरूको स्वतन्त्रतालाई बाधा पुग्ने गरी यो धारा अर्थात धारा २८ को कुनै पनि अंशको अर्थ लगाईने छैन, यस धाराको दफा (१) मा व्यवस्था गरिएको सिद्धान्तहरूको आज्ञा पालन र यस प्रकारका संस्थानहरूमा दिइने शिक्षा आवश्यकता अनुरूप राज्यद्वारा तोकिएको न्यूनतम स्तर अनुसार हुनेछ ।

धारा ३० . जुन राज्यहरूमा जाती, धर्म अर्थात भाषिक अल्पसंख्यकहरू अर्थात आदिवासी मूलका मानिसहरू बसोबास गर्छन , त्यस समाजमा आफ्ना समुदायका अन्य सदस्यहरूसंग बस्ने अल्पसंख्यक वा आदिवासी सित सम्बन्धित बालबालिकाको आफ्नो संस्कृति मान्न पाउने , आफ्नो धर्म ग्रहण गर्न पाउने वा मान्न पाउने अधिकारलाई बन्चित गरिने छैन ।

धारा ३१ (१) राज्य-समूहहरूले आराम र फूर्सद लिन पाउने, उमेर सुहाउँदो खेल र मनोरंजनपूर्ण गतिविधिहरूमा संलग्न हुन पाउने र सांस्कृतिक जीवन र कलाहरूमा स्वतन्त्र रूपले सहभागी हुन पाउने बालबालिकाको अधिकारलाई

मान्यता दिन्छन् । (२) राज्य-समूहले सांस्कृतिक र कलात्मक जीवनमा पूर्ण रूपले भाग लिन पाउने बालबालिकाको अधिकारलाई सम्मान र सम्बर्द्धन गर्नेछन् र सांस्कृतिक, मनोरञ्जनात्मक र फुर्सदिलो कृयाकलापको लागि सुहाउँदो र समान अवसरहरूको प्रावधानलाई प्रोत्साहित गर्ने छन् ।

धारा ३२ (१) राज्य-समूहहरूले आर्थिक शोषणबाट र हानीकारक स्वालको काम गराइबाट वा बालबालिकाको शिक्षामा दस्वल पुग्ने वा बालबालिकाको स्वास्थ्य वा शारीरिक, मानसिक, अर्थिक, नैतिक र सामाजिक विकासमा हानी पुग्ने कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिन्छन् । (२) राज्य-समूहहरूले यो धाराको कार्यान्वयन सुनिश्चित गर्न बैधानिक, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू चाल्ने छन्, यसको अन्तमा राज्य-समूहहरूले अन्य अन्तराष्ट्रिय दस्तावेजका सम्वन्धित प्रावधानहरूलाई आदर गर्दै, स्वासगरी :- (क) न्युनतम उमेर वा रोजगारीमा प्रवेश गर्न उमेरको न्यूनतम हदको लागि व्यवस्था गरिने छ । (स्व) रोजगारको समय र शर्तहरूको उपयुक्त नियमहरूको लागि व्यवस्था गरिने छ । (ग) यस धाराको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित पार्न उचित दण्ड र वन्देजहरूको लागि व्यवस्था गरिने छ ।

धारा ३३ . राज्य-समूहहरूले सम्वन्धित अन्तराष्ट्रिय सन्धिहरूमा उल्लेख भए अनुसार लागू पदार्थहरूको गैर कानूनी प्रयोगबाट बालबालिकाहरूलाई जोगाउन र त्यस प्रकारका बस्तुको अवैध उत्पादन र विक्रि वितरणमा बालबालिकाहरूको उपयोगलाई रोकथाम गर्न बैधानिक, सामाजिक र शैक्षिक लगायत सम्पूर्ण उपायहरू चलिने छ ।

धारा ३४ . राज्य-समूहहरूले बालबालिकाहरूलाई सबै स्वाले यौन शोषण र यौन दूर्व्यवहारबाट संरक्षण गर्ने काम गर्ने छन् । यस उद्देश्यको निम्ति राज्य-समूहहरूले निम्न कुराहरूलाई रोक्न राष्ट्रिय, दुइपक्षीय् र वहुपक्षीय उपायहरू अपनाउने छन् :- (१) कुनै प्रकारको गैर कानूनी यौन गतिविधिहरूमा बालबालिकालाई संलग्न गराउने प्रेरणा र दवाव, (२) वेश्यावृत्ति र अन्य गैरकानूनी यौन गतिविधिहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग, (३) अश्लिल काम धन्दा वा पत्र पत्रिकाहरूमा बालबालिकाहरूको शोषणयुक्त प्रयोग ।

धारा ३५ . राज्य-समूहहरूले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रूपमा बालबालिकाहरूको अपहरण, व्यापार वा वारपारलाई रोकथाम गर्न उपयुक्त राष्ट्रिय, दुइपक्षीय र बहुपक्षीय उपायहरू अपनाउने छन् ।

धारा ३६ . राज्य-समूहहरूले बाल कल्याणको कुनै पनि पक्षको पूर्वाग्रहीत शोषणका सबै रूपहरूका बिरूद्ध बालबालिकाहरूको संरक्षण गर्ने छन् ।

धारा ३७ . राज्य-समूहहरूले सुनिश्चित गर्ने छन् कि :- (१) कुनै पनि बालबालिकालाई यातना अर्थात अन्य कुनै कुरता, अमानवीय वा तल्लो स्तरको व्यवहार वा सजायँ दिइने छैन । १८ वर्ष मुनीका व्यक्तिहरूद्वारा गरिएका अपराधहरूका लागि न मृत्युदण्डको सजायँ, न विना रिहाई आजीवन कारावास गरिने छ, (२) कुनै पनि बालबालिकालाई गैरकानूनी रूपमा बलजफ्ती तिनको स्वतन्त्रताबाट बन्चित गरिने छैन । बालबालिकाको गिरफ्तारी, बन्धनको वा कानूनसंग मेलखाने ढंगले एउटा छोटो उपयुक्त समयको लागि र अन्तिम हतियारको रूपमा अपनाउने छन्, (३) कुनै पनि बालबालिका जो स्वतन्त्रताबाट बन्चित छन् तिनीहरूलाई आफ्नो उमेरको अवश्यकतानुसार मानवीय व्यवहार गर्नेछ र मानव जातीको जन्मसिद्ध प्रतिष्ठाको निम्ति सम्मान गर्दछ । त्यस्ता बालबालिका जो आफ्नो स्वतन्त्रताबाट वंचित छन्, तिनीहरूलाई विशेष गरी तवसम्म आफ्ना वयस्कहरूबाट अलग पारिने छैन जवसम्म त्यसो नगर्दा उनीहरूको सर्वोच्च हितमा असर पर्दैन तिनीहरूलाई स्वास अवस्थामा बाहेक, पत्राचार र भम्रणको माध्यमबाट आफ्ना परिवारसंग सम्पर्क कायम राख्ने अधिकार पाएको हुन्छ । (४) कुनै पनि बालबालिका जो आफ्नो स्वतन्त्रताबाट वंचित छन् तिनको कानूनी या अन्य उपयुक्त सहगोग पाउने अधिकार साथसाथै कुनै अदालत वा अन्य योग्य स्वतन्त्र र न्यायिक अधिकारी समक्ष आफ्नो स्वतन्त्रता वंचित गर्ने कानूनी ग्राह्यतालाई चुनौती दिने यस प्रकारको कुनै पनि फैसला यथाशिघ्र सुन्ने अधिकार हुनेछ ।

धारा ३८ (१) राज्य-समूहहरूले सशस्त्र लडाईंमा बालबालिकाहरूसंग सम्वन्धित र उनीहरूमा लागू हुने अन्तरराष्ट्रिय मानवीय कानूनका मर्यादाहरूका निम्ति आदर गर्दछ र आदर गर्न लगाउँदछ । (२) राज्य-समूहहरूले १५ वर्ष नपुगेका कुनै पनि बालबालिकालाई लडाईंमा प्रत्यक्ष भाग लिन नपर्ने कुराको सुनिश्चित गर्न सम्पूर्ण प्रकारका उपायहरू चाल्ने छन् । (३) राज्य-समूहहरूले १५ वर्ष नपुगेका कुनै पनि व्यक्तिलाई आफ्नो सशस्त्र सेनामा भर्ती गर्नबाट रोक लगाइने छ । राज्य-समूहहरूले १५ वर्ष पुगेका तर १८ वर्ष नपुगेका बीचका मानिसहरूलाई भर्ना गर्न पर्दा जो जेठो छ तिनीहरूलाई प्राथमिकता दिन प्रयत्न गर्ने छन् । (४) राज्य-समूहहरूले अन्तराष्ट्रिय मानवीय कानून मुताविक सशस्त्र लडाइबाट असैनिक मानिसहरूलाई जोगाउने आफ्नो दायित्व अनुसार सशस्त्र लडाइबाट प्रभावित बालबालिकाहरूको संरक्षण र स्याहार गर्ने कामलाई सुनिश्चित गर्न सम्पूर्ण कदमहरू चाल्ने छन् ।

धारा ३९ . राज्य-समूहहरूले कुनै पनि प्रकारको हेला, शोषण अथवा दुर्व्यवहार, यातना वा कुनै पनि प्रकारको क्रुरता, अमानवीय र निम्नस्तरको व्यवहार वा सजाय वा सशस्त्र लडाईको शिकार बनेका कुनै पनि बालबालिकाको शारीरिक या मनोवैज्ञानिक उन्नती र सामाजिक पुनर्स्थापनालाई सम्बर्द्धन गर्न सम्पूर्ण उपयुक्त कदमहरू चालिने छ ।

धारा ४० (१) राज्य-समूहहरूले पोलिएका, दोषी ठहरिएका वा कानूनको उल्लंघन गरेको भनी ठहरिएका बालबालिकाको आफ्नो प्रतिष्ठा र महत्वको भावनालाई सम्वर्द्धन गर्ने किसिमबाट व्यवहार गरिनु पर्ने त्यो अधिकारलाई मान्यता दिन्छ जसले अरूहरूको मानव अधिकारहरू र आधारभूत स्वतन्त्रताहरू प्रतिको बालबालिकाको पुनः समावेश तथा समाजमा तिनको निर्माणात्मक भूमिकाको सम्वर्द्धनको निम्ति बालबालिकाको उमेर र ईच्छालाई ध्यान दिन्छ । (२) यसको लागि अन्तराष्ट्रिय दस्तावेजहरूमा भएका प्रासंगिक प्रावधानहरूलाई मध्यनजर राख्दै, राज्य-समूहहरूले विशेषतः यो सुनिश्चित गर्ने छन् कि :- (क) कुनै पनि बालबालिकालाई त्यस्ता कार्यहरू गरे वापत कानूनको उल्लंघन गरेको भनी पोलिएको दोष लगाइने वा दोषी ठहऱ्याइने छैन जुन कार्यहरू गरिएको समयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनद्वारा निषेध भएको हुदैन । (ख) कानूनको उल्लंघन गरेको आरोपमा पोलिएका वा दोषी ठहरिएका कुनै पनि बालबालिकाले कम्तिमा निम्न ग्यारेन्टीहरू पाउँछन् :- (१) कानूनद्वारा दोषी साबित नहुन्जेल स्वतः निर्दोष रहने, (२) उचित भएमा बालबालिकाका मातापिता वा वैधानिक अभिभावक मार्फत तिनका विरूद्ध लगाइएका लांछनाको तुरून्त र प्रत्यक्ष रूपमा सूचित गर्ने र तिनको प्रतिरक्षाको तयारी र प्रस्तुतीमा कानूनी र अन्य उचित सहयोग पाउने, (३) एउटा न्यूनतम उमेरको तोकाई जुन उमेर भन्दा मुनीका बालबालिकाहरू कानून उल्लंघन गर्न सक्ने क्षमता राख्दैनन् । त्यसकारण यस्ता बालबालिकाहरूसंग व्यवहार गर्ने मानव अधिकारहरू र कानूनी सुरक्षा प्रदत्त उपायहरू अपनाउने । (४) बालबालिकाहरू उनीहरूको सुख-समृद्धिको निमित्त उचित साथै उनीहरूको स्थिति र अपराध दुबैसंग समानुपातिक किसिमले व्यवहार गरिएका छन् भन्ने सुनिश्चित गर्न विभिन्न व्यवसायहरू जस्तै स्याहार, मार्गदर्शन र निरीक्षण, परिक्षण, सेवा स्याहार (Foster care), संस्थागत हेरचाहका विकल्पहरू उपलब्ध गराइने छन् । (५) विपक्षी साक्षीहरूको जाँच गर्न वा जाँच गरिएको हुन र समानताका शर्तहरू अन्तर्गत साक्षीहरूको उपस्थिति र जाँच पड्ताल प्राप्त गर्नको निम्ति बालबालिकालाई अपराधी वयान दिन वा दोष स्वीकार गर्न नलगाउने । यदि कानून उल्लंघन गरिएको छ भन्ने विचार आएमा, कानून बमोजिमको एउटा उच्च प्रभावशाली, स्वतन्त्र र निस्पक्ष आधिकारिक वा न्यायीक इकाइद्वारा पुनर्विचार गरी लादिएको आरोपबाट मुक्ति प्राप्त गर्ने कुनै पनि उपाय अपनाउने । (६) प्रयोग गरिएको भाषा यदि बालबालिकाले बुझ्न

सकेनन् भने भाषा रूपान्तर गर्ने व्यक्तिको सितैंमा सहयोग दिलाउने, (७) कार्य-विधिहरूका संपूर्ण खुड्किलाहरूमा पूर्ण आदर गरिने, (३) राज्य-समूहले पोलिएका, दोष लगाइएका वा कानून उल्लंघन गरेको भनी ठहरिएका बालबालिकाहरूका लागि उपयुक्त हुने खालका कानूनहरू, कार्यविधिहरू, अधिकारीहरू र संस्थाहरूको स्थापनालाई प्रवर्द्धन गर्ने काममा लाग्नेछन् ।

धारा ४१ . यस महासन्धिका कुनै पनि कुराले बाल अधिकारलाई साकार तुल्याउन उपयोग हुने निम्नलिखित व्यवस्थालाई असर पार्ने छैन । (१) त्यस्तो राज्य-समूहको कानूनमा विद्यमान छ भने वा (२) त्यस्तो राज्यको निम्ति लागु हुने अन्तराष्ट्रिय कानूनमा विद्यमान छ भने ।

भाग दुई

धारा ४२ . राज्य-समूहहरूले उपयुक्त र सक्रिय माध्यमहरू द्वारा महासन्धिका सिद्धान्तहरू र प्रावधानहरूलाई बालबालिका र बयस्कहरूमा बिस्तृत रूपले प्रचार गर्ने अभिभारा लिएका छन् ।

धारा ४३ (१) वर्तमान महासन्धिमा लिइएका जिम्मेदारीहरूको प्राप्तिमा राज्य-समूहहरूले गरेको प्रगतिलाई परिक्षण गर्ने उद्देश्य लिई बाल अधिकारहरूसंग सम्वन्धित समिति स्थापना गरिने छ जसले यसमा व्यवस्था भए बमोजिम आफ्नो कार्य गर्ने छ । (२) यो समितिमा यस महासन्धिद्वारा समेटिएको क्षेत्रका उच्च नैतिकता भएका र क्षमतावान १० जना विषेशज्ञहरू रहने छन् । समितिका सदस्यहरू राज्य-समूहहरूद्वारा आफ्नै नागरिकहरू मध्येबाट छानिने छन् र ती सदस्यहरूले आ-आफ्नो व्यक्तिगत क्षमता अनुसार सेवा गर्नेछन् । यहाँ निष्पक्ष भौगोलिक वितरण साथै मूलभूत कानूनी पद्धतिलाई विशेष ख्याल गरिने छ । (३) राज्य-समूहहरूद्वारा मनोनित व्यक्तिहरूको सूचिबाट गोप्य मतदान गरी समितिका सदस्यहरूको निर्वाचन गरिनेछ । प्रत्येक राज्य-समूहले आफ्ना नागरिकहरू मध्येबाट एक व्यक्ति मनोनित गर्न सक्नेछ । (४) समितिको प्रारम्भिक निर्वाचन महासन्धिमा प्रवेश मितिले ६ महिना बित्न नपाउँदै र त्यसपछि हरेक दोश्रो वर्षमा हुनेछ । हरेक निर्वाचन मितिको करीव ४ महिना अगावै संयुक्त राष्ट्रका महासचिवले २ महिना भित्रमै आ-आफ्नो मनोनयन पत्र दाखिला गर्न राज्य-समूहहलाई एउटा पत्र सम्बोधित गर्नेछ । महासचिवले तत्पश्चात मनोनित गर्ने राज्यलाई उल्लेख गर्दै संपूर्ण मनोनित गर्ने व्यक्तिहरूको

वर्णाणुक्रम अनुसार नामावली तयार पार्नेछन् र यो नामावली महासन्धिका सहभागी राज्य-समूहहरूलाई सुम्पिने छ । (५) यी निर्वाचनहरू महासचिवद्वारा संयुक्त राष्ट्र प्रधान कार्यालयमा बोलाइएका राज्य-समूहहरूका वैठकहरूमा हुने छन् । यी वैठकहरूमा, राज्य-समूहहरूको दुई तिहाई संख्या गणपुरक मानिने छ । समितिका लागि निर्वाचित व्यक्तिहरू तिनै हुनेछन् जसले अत्यधिक मत पाएका हुन्छन् र जसले चुनावमा राज्य-समूहहरूका प्रतिनिधिहरूको पूर्ण बहुमत पाएका हुन्छन् । (६) समितिका सदस्यहरू चार वर्षको लागि निर्वाचित हुन्छन् । पुनः मनोनित भएको खण्डमा उनीहरू पुनः निर्वाचनको लागि योग्य हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरू मध्येका पाँच जनाको अवधि दुइ वर्षमा सकिने छ, पहिलो निर्वाचन भएको लगतै यी पाँच जनाको नाम वैठकको अध्यक्षले गोला प्रथाद्वारा छुट्याउने छन् । (७) यदि समितिको कुनै सदस्य मर्छ वा उसले राजिनामा दिन्छ वा कुनै अन्य कारणले गर्दा समितिको काम गर्न सक्षम रहन्न भने त्यो राज्य-समूह जसले उसलाई मनोनित गरेको थियो ले बाँकी अवधिको लागि आफ्ना नागरिकहरू मध्येबाट अर्को एक जना विशेषज्ञलाई समितिको स्वीकृति लिई मनोनित गर्नेछ। (८) समितिले आफ्नै कार्य-विधिका नियमहरू स्थापना गर्ने छ । (९) समितिले दुई वर्षको अवधिका लागि आफ्ना अधिकृतहरूको निर्वाचन गर्नेछ । (१०) समितिका वैठकहरू सामान्यतया संयुक्त राष्ट्रका प्रधान कार्यालयहरूमा वा समितिले निर्धारण गरे बमोजिम अन्य कुनै सुविधा युक्त स्थानमा हुनेछन् । समितिको वैठक सामान्यतया वर्षेनी हुनेछ । यदि आवश्यक परेमा महासभाको स्वीकृति लिई वर्तमान महासन्धिमा सहभागी राज्य-समूहहरूको वैठकबाट समितिका वैठकहरूको अबधि निर्धारण हुनेछ । (११) वर्तमान महासन्धि अन्तर्गत समितिका काम कुराको प्रभावशाली कार्यान्वयनको लागि संयुक्त राष्ट्रका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउने छन् । (१२) महासभाको स्वीकृतिबाट वर्तमान महासन्धि अन्तर्गत गठित समितिका सदस्यहरूले सभाद्वारा निर्णित शर्त र अवस्थाहरू अनुसार संयुक्त राष्ट्रको श्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

धारा ४४ (१) राज्य-समूहहरूले संयुक्त राष्ट्र महासचिव मार्फत आफूले अपनाएका उपायहरूका प्रतिवेदनहरू समितिमा बुझाउने जिम्मा लिन्छन् जसले यहाँ मान्यता प्राप्त अधिकारीहरू र यी अधिकारहरूको उपभोगमा भएको प्रगतिलाई :- (क) सम्वन्धित राज्य-समूहको लागि महासन्धिको प्रवेशको दुइ वर्षभित्र प्रभाव पार्नेछ । (ख) त्यसपछि हरेक पाँच वर्षमा प्रभाव पार्नेछ । (२) यो धारा अन्तर्गत तयार पारिएका प्रतिवेदनहरूमा वर्तमान महासन्धि अन्तर्गतका दायित्वहरूको परिपूर्तिको अवस्थालाई प्रभाव पार्ने कारक र कठिनाईहरूलाई इंगित गरिनेछ र साथै यी प्रतिवेदनहरूमा सम्वन्धित मुलुकमा भएको महासन्धिको कार्यान्वयन सम्वन्धि ग्राहय समझदारी प्रदान गर्ने खालका पर्याप्त

सूचनाहरू समावेश गरिएको हुनुपर्छ । (३) कुनै राज्य-समूह जसले समितिलाई एउटा बोधगम्य पहिलो प्रतिवेदन बुझाइ सकेको छ त्यसले दफा १ (ख) अनुसार पछिल्लो प्रतिवेदनमा पहिले नै व्यवस्था गरिएको आधारभूत जानकारी दोहोऱ्याई राख्न पर्दैन । (४) समितिले महासन्धिको कार्यान्वयनसंग सम्वन्धित बेसी जानकारीको लागि राज्य-समूहहरूलाई अनुरोध गर्न सक्नेछ । (५) आफ्ना कार्यकलापहरू बारेका प्रतिवेदनहरू समितिले आर्थिक तथा सामाजिक परिषद्को माध्यमबाट प्रत्येक दुइ वर्षमा संयुक्त राष्ट्र महासभामा बुझाउने छ । (६) राज्य-समूहहरूले पर्याप्त मात्रामा आफ्ना देशका जनतालाई आफ्ना प्रतिवेदनहरू उपलव्ध गराउने छन् ।

धारा ४५ . महासन्धिको प्रभावकारी कार्यान्वयनलाई अघि बढाउनको लागि तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तरराष्ट्रिय सहयोगलाई उत्साहित गर्न :- (क) विशेषज्ञ संस्थाहरू, युनिसेफ र अन्य संयुक्त राष्ट्रका अंगहरूलाई उनीहरूको अधिकार क्षेत्र भित्र पर्ने वर्तमान महासन्धिका प्रावधानहरूको कार्यान्वयनका उद्देश्यहरूमा प्रतिनिधित्व गर्ने अधिकार प्रदान गरिने छ । आ-आफ्नो सम्वन्धित अधिकार क्षेत्रहरू भित्र हुने महासन्धिको कार्यान्वयन विषयमा विशेषज्ञ-परामर्श प्रदान गर्न उचित ठानेमा समितिले यस कामको लागि विशेषज्ञ संस्थाहरू, युनिसेफ र अन्य सक्षम संस्थाहरूलाई निम्त्याउन सक्छ । समितिले विशेषज्ञ संस्थाहरू, युनिसेफ तथा अन्य सक्षम संस्थाहरूलाई उनीहरूको कार्यक्षेत्रभित्र पर्ने ठाउँहरूमा भएको महासन्धिको कार्यान्वयन सम्वन्धि प्रतिवेदन पेश गर्नको लागि निम्त्याउन सक्छ । (ख) राज्य-समूहहरूबाट प्राप्त कुनै पनि प्रतिवेदनहरू जसमा प्राविधिक सहयोग र सल्लाहको लागि एउटा अनुरोध उल्लेखित हुन्छ वा एउटा खोँचो इङ्गित गरिएको हुन्छ, समितिलाई उचित लागेको खण्डमा तिनीहरूलाई यस्ता अनुरोध र संकेतहरूसंग सम्वन्धित आफ्नो अवलोकन र सुझावहरू(यदि छ भने) सहित विशेषज्ञ संस्थाहरू, युनिसेफ र अन्य सक्षम संस्थाहरूलाई हस्तान्तरण गर्ने छ । (ग) समितिले बाल अधिकारहरूसंग सम्वन्धित विशिष्ट विषयहरूमा आफ्नो तर्फबाट अध्ययन गर्न महासचिवसंग आग्रह गर्न महासभालाई सिफारिस गर्न सक्छ ।

यस महासन्धिका धारा ४४ र ४५ अनुरूप प्राप्त हुन आएको जानकारीको आधारमा समितिले सुझावहरू बनाउन र प्रमुख सिफारिसहरू गर्न सक्नेछ । यस प्रकारका सुझावहरू र प्रमुख सिफारिसहरू सम्वन्धित कुनै पनि राज्य-समूहलाई पठाइनेछ र तिनीहरूबाट कुनै टिप्पणी आएको भए त्यस सहित महासभालाई जानकारी गराइने छ ।

धारा ४६ . वर्तमान महासन्धि संपूर्ण राज्यहरूद्वारा हस्ताक्षरको लागि खुला हुनेछ ।

धारा ४७ . वर्तमान महासन्धि अनुमोदनको विषय हो । अनुमोदनका दस्तावेजहरू संयुक्त राष्ट्रका महासचिवको साथमा राख्निनेछ ।

धारा ४८ . वर्तमान महासन्धि सबै राज्यहरूको स्वीकृतिका लागि खुला रहनेछ । उक्त स्वीकृति दस्तावेज संयुक्त राष्ट्रका महासचिव कहाँ दर्ता गरिने छ ।

धारा ४९ (१) अनुमोदन वा स्वीकृतिका दस्तावेज संयुक्त राष्ट्रको महासचिवको साथै दाखिला भएको मिति पश्चात तिसौं दिनमा वर्तमान महासन्धि लागू हुनेछ । (२) अनुमोदन वा स्वीकृतिको निम्ति दस्तावेज दाखिला पश्चात वर्तमान महासन्धिलाई अनुमोदन गर्ने वा यसलाई स्वीकार्ने हरेक राज्यहरूद्वारा दस्तावेजलाई अनुमोदन वा स्वीकृति दिएको मिति पश्चात तिसौं दिनमा महासन्धि लागु हुनेछ ।

धारा ५० (१) वर्तमान महासन्धिमा कुनै पनि राज्य-समूहले संशोधनको प्रस्ताव राख्न र यसलाई संयुक्त राष्ट्र महासचिव कहाँ दर्ता गराउन सक्छ । त्यस पछाडि महासचिवले राज्य-समूहहरू सम्मेलन गराउने पक्षमा र प्रस्तावहरूमा मतदान गर्ने पक्षमा छन् कि छैनन् भन्ने कुराको संकेत गर्ने अनुरोध गर्दै प्रस्तावित संशोधनहरूलाई राज्य-समूह सामू प्रस्तुत गर्नेछन् । यस प्रकारले जानकारी गराइएको मितिले ४ महिना भित्र कम्तिमा एक तिहाई राज्य-समूहहरू यस्तो सम्मेलनको चाहना गरेका खण्डमा महासचिवले संयुक्त राष्ट्रको सुपरिवेक्षणमा सम्मेलन आयोजना गर्नेछन् । उपस्थित राज्य-समूहहरू मध्ये बहुमतले पारित गरेको कुनै पनि संशोधन र सम्मेलनको सम्मतिलाई संयुक्त राष्ट्रको स्वीकृतिको लागि महासभामा प्रस्तुत गरिने छ । (२) यो धाराको दफा (१) बमोजिम पारित संशोधन त्यतिवेला लागू हुन्छ जब यो संयुक्त राष्ट्र महासभाबाट पारित भएको र वर्तमान महासन्धि राज्य-समूहहरूको दुई-तिहाई संस्थाबाट स्वीकृत भएको हुन्छ । (३) यो संशोधन लागू हुँदा जुन राज्य-समूहहरूले यसलाई स्वीकार गरेका छन् ती राज्य-समूहहरूले यसलाई मान्नै पर्ने हुन्छ भने अन्य राज्य-समूहहरू यस महासन्धिका प्रावधानहरू र आफूले स्वीकार गरेका अघिल्ला संशोधनद्वारा बाँधिएका हुन्छन् ।

धारा ५१ (१) अनुमोदन वा स्वीकृति ताका राज्यहरूद्वारा गरिएको रिजर्भेसनको मत संयुक्त राष्ट्रका महासचिवले प्राप्त गर्नेछन् र संपूर्ण राज्यहरूलाई पठाउनेछन् । (२) वर्तमान महासन्धिको उद्देश्य र भावनासंग परस्पर विरोधी रिजर्भेसनलाई स्वीकृति प्रदान गरिने छैन । (३) संयुक्त राष्ट्र महासचिवलाई जानकारी गराई रिजर्भ मतलाई फिर्ता लिन सकिनेछ, जसले उक्त कुरालाई संपूर्ण राज्यहरू कहाँ सूचित गर्नेछन् । यसप्रकारको जानकारी महासचिवलाई प्राप्त भएको दिनदेखि प्रभावकारी हुने छ ।

धारा ५२ . संयुक्त राष्ट्रका महासचिवको नाममा लिखित सूचना दिएर कुनै पनि राज्य-समूहले यो महासन्धिलाई भर्त्सना गर्न सक्ने छ । महासचिवलाई सूचना प्राप्त भएको मितिले एक वर्ष पश्चात भर्त्सना कार्य प्रभावकारी हुनेछ ।

धारा ५३ . संयुक्त राष्ट्रका महासचिवलाई वर्तमान महासन्धिको तहवीलदारको रूपमा पदासिन गरिने छ ।

धारा ५४ . वर्तमान महासन्धिको मूल लेख अनुसार अरेविक, चाइनिज, अंग्रेजी, फ्रेंच, रसियन र स्पेनिस दस्तावेजहरू समानरूपमा आधिकारिक छन्, तिनीहरूलाई संयुक्त राष्ट्रका महासचिव सामु दाखिला गरिने छ ।

यस महासन्धिमा सम्बन्धित सरकारबाट पूर्ण अख्तियार प्रदान गरिएको अधिकार सम्पन्न राज्य प्रतिनिधिले वर्तमान महासन्धिमा हस्ताक्षर गरेका छन् ।

यस पुस्तक बारे

समकालिन विश्वमा मानव अधिकारको मुद्दा एउटा प्रमुख मांग बनेको छ । विकसित मुलुकहरूमै पनि मानव अधिकार हनन् भैरहेका समाचारहरू सुनिन्छ भने हाम्रो जस्तो पछौटे मुलुकमा त मानव अधिकारको निर्वाध उपभोगका लागि हामीले निरन्तर संघर्ष गरिरहनु परेको छ । तर यो संघर्ष अहिलेसम्म देशको बौद्धिक क्षेत्रमा मात्र सीमित छ । जनतालाई आफ्ना संपूर्ण नैसर्गिक अधिकारका बारेमा अझैं सचेत र सजग गराउन सकिएको छैन ।

मानव अधिकार भनेको के हो र यसको उपभोग कसरी गरिनु पर्छ भन्ने कुराको ज्ञान सामान्य जनतामा पुऱ्याउनु अहिलेको प्रमुख काम हो । यही काममा थोरै भए पनि सहयोग पुऱ्याउने उद्देश्यले हामीले *मानव अधिकारः सामान्य ज्ञान* नामको पुस्तक पाठकहरू समक्ष प्रस्तुत गरेका छौं । यो पुस्तक संयुक्त राष्ट्र संघद्वारा प्रकाशित ABC of HUMAN RIGHTS को नेपाली रूपान्तर हो ।

यसको नेपाली रूपान्तरका लागि नारद भारद्वाज , परिमार्जन एवं संपादनका लागि संजय थापा तथा प्रेस व्यवस्थापनका लागि विष्णु प्रभात रअन्य सहयोगका लागि रेड बर्ना प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

आषाढ ०४७

इन्फर्मल सेक्टर रिसर्च सेन्टर
काठमाण्डौ , नेपाला

मुद्रक : श्रृजना प्रिन्टर्स, ब्रम्हटोल, काठमाडौं
फोन नं. २१४९७१